ISSN 2631-2298

nepalmag.com.np

आइतबार • १७ कात्तिक २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

कूटनीतिमा चंगा चैट

काठमाडौँमा चीन–अमेरिका टकरावका पछिल्ला वृत्तान्त

अमेरिकी राजदूत र्‍यान्डी बेरी दसैँमा चंगा उडाउँदै, काठमाडौँ

छुट्टै ‘आलम राज्य’

|| स्थलगत रौतहट

हत्या, गुन्डागर्दी र अपराधका आडमा राज गर्दै आएको एउटा घराना

हार्दिक बधाई

डा. ऋषि प्रसाद तिवारी

पिनाकल एकेडेमी/कलेजका संस्थापक प्रिन्सिपल श्री ऋषि प्रसाद तिवारीज्युले भारतको राजस्थानस्थित सिंघानिया विश्वविद्यालयबाट शिक्षाशास्त्र संकाय अन्तर्गत "LEADERSHIP STYLES OF PRINCIPALS IN PRIVATE HIGHER SECONDARY SCHOOLS IN NEPAL" विषयमा PhD DEGREE हाँसिल गर्नुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

सिटी एजुकेशन फान्डेसन/सिटी ईङ्गलिस स्कुल

परिवार

पेरिसडाँडा, कोटेश्वर, ४६०२०३३/९८४१२०६०१९

AMBE STEELS
दीर्घायु भवः
AMBE GROUP
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

From mastering tricky conversations at a workplace to sharpening your resume for the right job, every Monday, The Post brings to you the right mix of guidelines, analysis and stories on leadership, management, and human resources.

kathmandupost.com/escalate

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP

AURA

AURA CASH BACK OFFER

ल्याउँछ खुशी हर घरमा
जम्छ चाडपर्व बिशेष अफरमा

यसपालीको दशैं तिहारमा AURA को Refrigerator
घर ल्याइ जित्नुहोस 30%* सम्मको Cashback

10 YEAR ★★ WARRANTY ★★

- INTELLIGENT COMPRESSOR
- WORK ON LOW VOLTAGE
- LARGER FREEZER SPACE
- LONGER FRESHNESS

MRP. ~~32,900~~
Best Selling 28,900
SAVE 3,600/-
EDIVA 207 - 192 LTR

SAU 245 - 230 LTR
- Semi Auto Defrost System
- Transparent Interior
- Toughened Glass Shelves
- Bigger Freezer Section
- Clean Back
- Low Voltage Startability
- 10 Years Warranty on Compressor

MRP. ~~32,900~~
Best Selling 29,610
SAVE 3,290/-

RD-EZX 210 WAF - 195 LTR
- Convection Control Technology
- Smart Cool Technology
- Thermostat & Defrost Button
- Adjustable Shelves
- Step Utility Shelves
- 10 Years Warranty
- Low Voltage Startability

MRP. ~~28,600~~
Best Selling 25,740
SAVE 2,860/-

AU 203 PTSW HDRK -190 LTR
- Transparent Interior
- Toughened Glass Shelves
- Moist Crisper
- Embossed Cabinet
- Low Voltage Startability
- 5 Years Warranty on Compressor

MRP. ~~24,750~~
Best Selling 23,513
SAVE 1,237/-

RD AURA 196 - 181 LTR
- Curved Door Design
- Transparent Door shelves
- Wired Shelves
- Anti-Bacterial Gasket
- Low Voltage Start ability
- 5 Years Warranty on Compressor

MRP. ~~25,600~~
Best Selling 22,500
SAVE 3,100/-

Smart Appliances P Limited

Corporate Office: Charkhal, Dillibazar, Kathmandu, Tel: 01-4443119
Company Showroom: Kathmandu: Charkhal, Dillibazar: 01-4436920
Biratnagar: Jain Bhawan, Main Road: 9801305494
For Dealership: 9801105114

Toll Free 16600110090

भित्र

आइतबार, १७ कात्तिक २०७६ (वर्ष २०, अंक १३)
Nepal National Weekly, 3 Nov 2019 (Vol. 20, No. 13)



आलम–काल | ३०

१२
हाम्रो नेपालमा
खप्तडको खर्कबास

२०
सरोकार
नक्कली बीउको प्रयोगशाला

२८
(अ) सहमति
भास्कर गौतम

३०
आवरण
कूटनीतिमा चंगा चैट

३६
विश्लेषण
सफल घिमिरे

४०
समाज
घातक जाम

चिकित्सकीय दण्डहीनता | १६

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १५
नेपाल राउन्ड टेबल | ३८
पुस्तक अंश | ४२
पहिचानविहीन नेपाली चिया | ४५
रङ | ४८
पुस्तक | ५०
तीन किताब | ५१
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

शुभ दीपावली ०७६, नेपाल संवत् ११४० र छठ पर्वको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कान्तिपुर मिडिया ग्रुप

जनता मार्न खोज्ने विकासको डोजर

कात्तिक पहिलो साता बैतडीको दशरथचन्द नगरपालिकामा जे भयो, त्यो विकासका नाममा कसरी सर्वसाधारणको आवाज बन्द गरिन्छ भन्ने झल्को मात्र हो । विकास निर्माणका क्रममा स्थानीयबीच फरक मत आउनु र त्यसमा विवाद देखिनु सामान्य हो । तर विवाद समाधान गर्नु साटो फरक विचार राख्नेहरूमाथि नै स्काभेटर लगाउने जुन हर्कत त्यहाँ देखियो, यसले सोच्नैपर्ने बनाएको छ- हामी कस्तो विकास गर्न खोजिरहेका छौँ ?

बाटो खन्न अवरोध गर्न खोज्नेहरूको माग ठूलो थिएन । उनीहरूको भनाइ थियो, 'केही समय दिनुस्, अहिले सडक नखन्नुस् ।' तर बाटो बनाउने हतारोमा रहेको निर्माण समिति पर्खिने पक्षमा देखिएन । र, जे भयो- त्यो सबैलाई थाहा छ । नगरपालिकाको वडा-९ ग्वाल्लेक, अयरखालीमा स्काभेटरले हान्दा घाइते स्थानीय गौरा जोशी अस्पतालमा गम्भीर अवस्थामा उपचार गराइरहेकी छन् । धन्न ! मानिससँग स्मार्ट फोन छ र उक्त बर्बर घटनाको भिडियो खिचे र सोसल मिडियामा राखे, जसले पूरै देशलाई सिरिंग बनायो । नभए यस्ता कति घटनाबारे देश बेखबर रहँदो हो ?

विकास निर्माण गर्नुपर्छ भन्नेमा सन्देह रहेन । मानिसको जीवन समृद्ध बनाउन सडक, पुलपुलेसा सबै थोक बनाउनुपर्छ । तर जसका निम्ति विकास गर्न खोजिएको हो, उसैमाथि जबर्जस्ती स्काभेटर चलाएर कस्तो विकास थोपरिरहेका छौँ हामी ? अब घोत्लिनुपर्ने समय आएको छ । बिनायोजना जबर्जस्ती थोपरिएको विकासले केही मानिसको धन्दा त चल्ला तर आम नागरिकको जीवन सहज हुने गरी दिगो विकास गर्न सक्दैन । यस खाले निर्माणले एकातिर प्राकृतिक विनाश त गर्छ नै, अर्कोतर्फ सर्वसाधारणमा झन् असन्तुष्टि र निराशा बढाउँछ ।

फरक मतको सम्मान गरेर र चित्त बुझ्ने गरी सम्बोधन भए मात्र लोकतन्त्र उन्नत बन्न सक्छ । तर बैतडी घटनामा सर्वसाधारणको कुनै हैसियत नै नभएजस्तो व्यवहार देखियो । उनीहरूका आवाजको कुनै अर्थ नभएजस्तो गरी बर्बर व्यवहार भयो ।

नेपाल म्यागजिनले गत साता गरेको 'राउन्ड टेबल' मा पनि वक्ताहरूको एक मत थियो, 'राजनीति सबै खालका अपराधको केन्द्रबिन्दु बन्यो ।' बैतडीको डोजरकाण्डमा पनि सत्तारुढ नेकपाकै स्थानीय नेताहरू जोडिएको खुलेको छ । स्थानीय नेताहरूसँग ठेकेदारको अन्तरसम्बन्ध नयाँ कुरा होइन । तर स्थानीयमाथि यो स्तरमा गरिएको बर्बर दमनले कसरी यो 'नेक्सस' विकासका नाममा नागरिकविरोधी हर्कत गर्न पनि हिचकिचाउँदैन भन्ने देखाएको छ ।

विकासका नाममा प्राकृतिक स्रोत-साधन दोहन गरी सीमित व्यक्तिलाई धनी बनाउने धन्दा तब मात्र अन्त्य हुन सक्छ, जब हामी स्थानीय आवश्यकता के-के हुन् भनेर थाहा पाउँछौँ । त्यो काम हरेक स्थानीय तहको हो । विडम्बना, नागरिकको लामो संघर्षपछि गाउँ पुगेका यी 'सिंहदरबार' मा पनि माथि भनेजस्तै दोहन धन्दा गर्नेहरूकै बोलवाला छ । विकासका नाममा आफ्नो गाउँठाउँ आसपास के भइरहेको छ भन्नेमा चाहिँ नागरिक सचेत हुनैपर्ने भएको छ । यति मात्र हुन सक्यो भने पनि नागरिकले आफ्नो आवश्यकताविपरीत केही भए प्रश्न उठाउन सक्नेछन् ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १० कात्तिक २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



मैत्री मनको झझल्को

चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणमा सरकारी तथा जनस्तरबाट गरिएको स्वागत-सत्कारले नेपाली मैत्री मनको उदारभाव विश्वमञ्चमै प्रशंसित भएको छ *(चिनियाँ ड्र्यागनका पदचापहरू, १० कात्तिक)* । विशाल छिमेकी चीनका राष्ट्रपतिको नेपाल भ्रमण लेनदेनमा मात्र सीमित नभएको उदाहरण हो, यो ।

चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण राज्यस्तरमा मात्र सम्बन्ध बलियो नभई दुवै देशका जनताबीच पनि दिगो मैत्री सम्बन्ध प्रगाढ भएको देखियो । भ्रमणका क्रममा चिनियाँ पक्षसँग भएको सीमापार रेलमार्ग सम्भाव्यता अध्ययनले सार्थकता पाउने हो भने नेपालमा रेल गुड्ने दिन निकट नै रहेको देखिन्छ । सम्झौता गर्ने तर कार्यान्वयनमा चासो नदिने नेपाली पक्षले अहिलेको समझदारीलाई कसरी अगाडि बढाउला, त्यो भने भविष्यमा देखिने नै छ ।

■ **श्रीमान् गम्बीरबहादुर थापा**
नक्साल, काठमाडौं

सामाजिक परिवेशमा ध्यान

नेपाली फिल्म निर्देशक तथा निर्माताले चलचित्र बनाउँदा सामाजिक परिवेशमा बढ्ता ध्यान दिए अन्तर्राष्ट्रिय बजार त्यति टाढा लाग्दैन *(बिस्तारै विश्वमञ्चमा, ३ कात्तिक)* । मीन भाम, दीपक रौनियार, सेनाङ ग्याम्जो तामाङजस्ता कुशल निर्देशकले बनाएका नेपाली फिल्मले विश्वबजार तताइसकेका छन् । अन्तर्राष्ट्रिय स्पर्धामा अब्बल बनेका नेपाली फिल्मको मुख्य विषयवस्तु सामाजिक कथारचना रहेको देखियो । समाजमा प्रभावकारी हुने कथा कलात्मक ढंगले पस्किन सक्ने खुबी भएका थुप्रै फिल्म निर्माता-निर्देशक पनि चलचित्र क्षेत्रले जन्माइसकेको छ ।

■ **अजिता कार्की**
दक्षिणकाली, काठमाडौं

सत्ताको मात

भिन्न राजनीतिक विचारधारा र आस्थामा विश्वास राख्नेहरूमाथि सत्तारुढ नेकपाका कार्यकर्ताले गरेको आक्रमण निन्दनीय छ *(मारमुंग्रीकै हुँकार, ३ कात्तिक)* । शासन-प्रशासनको तालाचाबी नियन्त्रणमा लिएर भिन्न विचारलाई निषेध गर्नु लोकतान्त्रिक संस्कार हुँदै होइन । कांग्रेसका मीनेन्द्र रिजाल र अभियन्ता ज्ञानेन्द्र शाहीलाई नेकपा कार्यकर्ताबाट गरिएको व्यवहार सत्ता मोहको संकेत हो ।

■ **अनुपमा भट्ट**
गौरीगंगा नगरपालिका, कैलाली

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

रणनीतिक साझेदारीको नखुलेको पाटो
Trailokya Raj Aryal @Trailokyaaryal

धेरै सम्झौता पालना हुंदैनन् र केही दिनपछि यी सबै कुरा सेलाउंछन् । तर एउटा कुराचाहिं चीनले थोरै दिएर धेरै लिन्छ । हाम्रो हातमा फुस्सा । नक्कली जुत्ता र लाइटर मात्र ।

जनतामाथि चलाइएको विकासको डोजर
Keshab DAHAL @dahalkeshab

गौरसहितका पछिल्ला सबै घटना निश्चय नै कल्पना बाहिरका अमानवीय क्रियाकलाप हुन् । यिनलाई बर्बर, जंगली र अमानवीय भनिनुपर्छ । कसैले त्यसलाई राजनीति भन्छन् भने ती राजनीतिज्ञलाई पनि धिक्कार छ ।

सम्बोधन 'तिमी' लाई...
Hari Prasad Lamichhane @haripdl

समान सम्बोधन गर्न तपाई भने के हुन्छ ? अरूको एजेन्डा नबोकम है, जानी-नजानी ।

पोस्ट

जनतामाथि चलाइएको विकासको डोजर
Basant Bohara

यो ड्राइभरको त सडक खन्ने काम मात्रै हो । दृश्यमा देखिएको जुन हृदयविदारक घटना छ, यो त्यहांका जनप्रतिनिधिको निर्देशन र ज्यादतीले गर्दा हो । डोजर चालकलाई पक्राउ गरेर आवश्यक छानबिन हुनुपर्छ । डोजर चालकलाई कसले परिचालन गऱ्यो ? अनुसन्धान गरिनुपर्छ र आदेश दिनेलाई पनि हदैसम्मको कारबाही गरियोस् ।

Jhabindra Ghimire

निर्माण समितिका अध्यक्ष केशवदत्त जोशीको निर्देशनमा घटना । राज्य शक्तिको चरम दुरुपयोग ।

१८ महिना, १८ प्रयास
Manohar Pokharel

नेपालको राष्ट्रिय छवि छैन । अन्तर्राष्ट्रिय छवि कहाँबाट उठाउने होला ।

सोझै
Deepesh Bikram Malla

विदेशी ज्ञान, सीप र अनुभव बटुलेको भरमा सर्वज्ञाता र सर्वविज्ञ ठान्ने विदेशी पासपोर्टवाहक नेपालीको असली चरित्र पनि देखियो ।

बिस्तारै विश्वमञ्चमा
Keshar Rai

नेपाली फिल्मको ठूलो र पुरानो रोग हुबहु कपी गर्नु र मेकिङ स्टाइल चोर्नु हो । आफ्नै मौलिकता र परिवेशको कथाअनुसारको मेकिङ स्टाइलमा बन्नुपऱ्यो ।

Mahindra
Rise.

धेरैलाई अफरले लोभ्याउँछ
तर Scorpio Pik Up रोज्नेले

अफरभन्दा बढी बचाउँछ

झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

2x पावर
- 2.2 mHawk engine with 140 BHP power
- 320 NM Torque
- 6 forward + 1 reverse gear transmission
- Microhybrid Tech

यो सेगमेन्टमै सबैभन्दा सुरक्षित
- Dual Airbags
- ABS
- Control lock with remote control and alarm
- ISOFIX Anchors for child safety

यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश
- Air Conditioning
- Power Window
- Driver Information Display
- Hydraulic Bonnet Struts
- Bluetooth Connectivity
- Projector Headlamps
- Rear Demister
- Fog Lamps

*शर्तहरू लागू हुनेछन्

From the makers of SCORPIO
THE NEXT GENERATION
Mahindra
PIKUP
रु. ३७,६०,०००*/- बाट शुरु

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, Sagarmatha Insurance VIP
Genuine Mahindra Spare Parts, MAXIMILE, Mahindra Genuine Accessories

Url: mahindrapikupnepal.com   Email: marketing@agnigroup.com.np   Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np   twitter/AgniGroup   instagram/AgniGroup   facebook.com/MahindraAgniGroup

प्रवेश

सोझै

साताका चर्चित

सन्दीप लामिछाने
क्रिकेटर

इङ्ल्यान्ड एवं वेल्स क्रिकेट बोर्डको प्रतियोगिताका लागि १ करोड ४७ लाख रूपैयाँमा अनुबन्ध ।

माधव घिमिरे
राष्ट्रकवि

१ लाख १ हजार रूपैयाँ र सम्मानपत्रसहितको मदन–शिला स्रष्टा सम्मान ।

युरेश पाण्डेय
अटिजम पीडित

म्याराथन क्लब पोर्चुगलको 'ईडीपी मिनी च्याम्पियन्स म्याराथन' मा निर्धारित दूरी पूरा गरेर पदक ।

सुजन शिल्पकार
शारीरिक सुगठन

अस्ट्रेलियाको लन्चेस्टनमा सम्पन्न 'आई कम्पिट नेचुरल बडी फिटनेस' प्रतियोगितामा दुई स्वर्ण पदक ।

मोहनराज मल्ल
सुदूरपश्चिम प्रदेश प्रमुख

३६ वर्षअघि दर्जनौं किसानको पुर्जा धितो राखेर लिएको ऋण नतिरेपछि विवादमा ।

मुलुकबाहिर

हातै नभएका निशानेबाज



नेपाली उखान छ, जहाँ इच्छा, त्यहाँ उपाय । अमेरिकी नागरिक म्याट स्टुजम्यानले त्यसलाई प्रमाणित गरेका छन् । लोवाका स्थायी बासिन्दा म्याटका दुवै हात छैनन् । तर धनुषवाण (आर्चरी) को खेलमा उनी संसारकै उत्कृष्ट खेलाडीमध्येमा पर्छन् ।

रिप्लेजडटकमका अनुसार म्याट जन्मँदै हातविहीन थिए । तर उनको दैनिकी भने सामान्य छ । उनी धनुषवाण खेल्ने, छोरालाई विद्यालयका लागि तयार गर्नेदेखि लिएर कार चलाउने सबै गर्छन् । हात नभएकै कारण जीवनका अद्भुत अनुभव लिन उनी चुकेका छैनन् ।

सन् २०१० देखि आर्चरी खेलमा लागेका म्याट हात र वाण चलाउन औँला नभए पनि रोकिएनन् । देब्रे खुट्टामा उनी धनुष अड्याउँछन् । दाहिने खुट्टाले वाण उठाउने र अड्याउने गर्छन् । उनी विशेष प्रकारको बेल्ट छातीमा बाँध्छन्, वाणलाई अड्काउन । निशाना साँध्ने यही मिहिनेतले सन् २०१२ मा पाराओलम्पिकमा उनले रजत पदकसमेत जितेका थिए । ने



त्यस बखतको **नेपाल**



सेना परिचालनबारे संवैधानिक व्यवस्था

आश्विन ९ गतेको दुर्नैको घटनापश्चात् वर्तमान सरकार हड्बडाएको र किंकर्तव्यविमूढ भई मुलुकको सर्वाङ्गीण रूपमा बिग्रेको परिस्थितिबाट उम्कन लालायित भएको छ । जसको फलस्वरूप संविधानको भावना र सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको हित-अहित छुट्याउन सक्ने स्थितिमा रहेको पाइँदैन । निवर्तमान गृहमन्त्री गोविन्दराज जोशीले गृह प्रशासन व्यवस्थापनको आफ्नो असक्षमतालाई लुकाएर सेनाउपर दोषारोपण गर्नुभयो । वर्तमान गृहमन्त्री रामचन्द्र पौडेल वार्ताको लागि ढोका चहार्दै हिंड्नुभएको छ भने वर्तमान रक्षामन्त्रीले परिस्थितिको मूल्यांकन नै गर्न नसकी सेनालाई मार्च गराउन तम्तयार भएको देखिन्छ ।

यसरी एउटै मन्त्रिपरिषद् भित्रका सदस्यहरूबीचमै मुलुकको शान्ति सुरक्षाका सम्बन्धमा एउटा दृष्टिकोण बन्न नसकेको परिप्रेक्ष्यमा जनहत्याको लागि सुरक्षा निकायलाई सडकमा ओराल्नु कतिसम्म जायज हुन्छ ? यो बौद्धिक जगतको लागि विचारणीय प्रश्न भएको छ ।

निरञ्जन थापा

नेपाल, १६-३० कात्तिक २०५७

तीनकुनेको मृग

काठमाडौँको तीनकुनेमा हालै केही दिन

काठमाडौँको तीनकुनेमा हालै केही दिन देखिएको मृग अचानक हरायो । मृग वास्तवमा माटोको थियो । चिनियाँ राष्ट्रपति सी चिनफिङ काठमाडौं आउँदा तीनकुनेको फोहोर चौरलाई रातारातै चिटिक्कवाला पार्क बनाइएको थियो । र, पार्कको शोभा बढाउन त्यहाँ केही वन्यजन्तुका मूर्ति पनि राखिएका थिए । जस्तो, गैँडा, मृग, हरिण, जरायो आदि । तिनै खेलौना मूर्तिमध्ये एउटा मृग अचानक गायब भएछ ।

मृग हराएपछि धुइँपत्ताल खोजी भएछ । कहाँ गयो होला मृग ? जीवित भए कतै लाग्यो भन्न सकिएला । तर यो त माटोको हो । पक्कै पनि कसैले लगेको हुनुपर्छ । खोजीमा प्रहरीसमेत परिचालित भयो । खोजी गर्दै जाँदा साँच्चै एक भलाद्मीको घरमा भेटिएछ, त्यही मृग । घरधनी भलाद्मीलाई प्रहरीले सोध्यो, 'यो त तीनकुनेको मृग हो, यहाँ कसरी आइपुग्यो ?'

भलाद्मी अलि अक्मकिए । केही सोचेर उनले भने, 'माया लागेर ल्याएको ।'

'माया लागेर ? कस्तो माया ?' प्रहरीले सोधे ।

भलाद्मीले भने, 'मृगलाई खुला चौरमा राखिएको थियो । चोरी होला कि भन्ने डर भयो । त्यसैले मैले घरमा ल्याएँ । यहाँ भए सुरक्षित पनि हुन्छ ।'

भलाद्मीको नागरिक चेतना देखेर सुरक्षाकर्मी चकित खाए ।

सुरेश किरण

भ्रमणको उपलब्धि

चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपालबाट फर्केलगत्तै चर्चा सुरु भएको छ, यो भ्रमणबाट हामीले के पायौं ? सबैतिर अहिलै एउटै प्रश्न छ, भ्रमणबाट के पाइयो ? केही नपाइने हो भने किन गराउने यस्तो भ्रमण ? त्यसो त भ्रमणकै क्रममा केही अर्ब रूपैयाँ दिने सहमति भएको छ । तर त्यति पैसा दिन चिनियाँ राष्ट्रपति आफैं आउनुपर्ने कुनै कारण थिएन । त्यो त हुन्डीबाटै पठाए पनि हुने हो । त्यसबाहेक अरू के पायो ?

म पनि त्यही सोचिरहेको थिएँ । त्यही बेला कोठामा हरि साहूको प्रवेश भयो । मेरा छिमेकी । नाम चलेका ठेकेदार । उनी हातमा एक बोतल ब्ल्याक लेबल बोकेर आएका थिए ।

'यसपालिको तिहारमा यो दाइलाई ।' बोटल मतिर फर्काउँदै उनले भने ।

'किन हरि साहू ? के छ नि यसपालि ?' मैले सोधेँ ।

'खास त्यस्तो होइन दाइ । यसपालि अचानकै एउटा ठूलो ठेक्का हात लाग्या थियो, त्यसैको उपलक्ष्यमा हो ।'

'के ठेक्का नि हरि साहू ? भयंकरै ठूलो हो कि क्या हो ?' मैले व्यंग्य मिसाउँदै सोधेँ ।

'भयंकरै ठूलो त होइन तर राम्रो ठेक्का हो दाइ,' उनले सुनाउन थाले, 'अस्ति यो चिनियाँ राष्ट्रपति आए नि नेपालमा, त्यही बेला एउटा ठूलो ठेक्का पाएको थिएँ । पीच भएको बाटो फेरि पीच गर्ने, रंग भएको ठाउँमा फेरि रंग लगाउने, हरियाली भएको ठाउँमा पार्क बनाउने । बिल त जति लगे पनि हुने । त्यस्तो ठेक्का थियो, त्यो । चिनियाँ राष्ट्रपतिको भ्रमण त मेरा लागि फलिफाप भएछ दाइ ।'

'फलिफाप ! कसरी हरि साहू ? मानिस त चिनियाँ राष्ट्रपति आए पनि देशले केही पाएन भनिरहेका छन्... ।'

'होइन-होइन दाइ, केही पाएन त भन्न मिल्दैन,' हरि साहूको मुहार उज्यालो भयो, 'राष्ट्रपति सीको भ्रमणबाट मैले यो ठेक्का पाएँ नि । अरूले पनि पाएका छन् ठेक्का । यो त हिसाबकिताब केही देखाउनै नपर्ने अनौठा ठेक्का हो । सी भ्रमणकै कारण हामीलाई त्यो ठेक्का मिलेको हो । त्यसैले सीको भ्रमणबाट देशले केही नपाए पनि मैले त ठेक्का पाएको छु, दाइ । मेरा लागि भ्रमण फलदायी नै भएको छ ।'

देश र जनताको खातिर

१२ वर्ष पुरानो मुद्दा ब्युँताएर

आफ्ना सांसदलाई पक्राउ गरेकामा कांग्रेस सभापति शेरबहादुर देउवा क्रुद्ध भएका छन् । सांसद मोहम्मद आफताव आलममाथि १२ वर्षअघि मान्छे मारेको, जिउँदै पोलेको, घाइते बनाएको भन्ने आरोप छ । अब १२ वर्षअगाडि कहां के भयो, कसलाई पो सम्झना छ र ! बिर्सिसकेको त्यस्तो कुरालाई आधार बनाएर सांसदजस्तो मान्छेलाई पक्राउ गर्न पाइन्छ ?

अब एकछिनलाई मानी पनि हालौं कि सांसद आलमले १२ वर्षअघि मान्छे मारेका पनि होलान्, जिउँदै जलाएका पनि होलान्, हातखुट्टा भाँचेका पनि होलान् । तर उनले त्यतिबेला जे-जति गरे, त्यो त देश र जनताकै लागि गरेका हुन् किनभने त्यसो नगरी चुनाव जित्न सक्ने अवस्था थिएन । चुनाव जित्नकै लागि उनले त्यो सबै गरेका हुन् । चुनाव जित्ने किन ? देश र जनताको सेवा गर्न होइन ?

चुनाव जितेर सांसद बन्ने । सांसद बनेर मन्त्री हुने । मन्त्री भएर देश र जनताको सेवा गर्ने । उनले यही मकसदका लागि त्यो सबै कार्य गरेका हुन् । त्यति नगरिए देश र जनताको सेवा नै गर्न नपाइने अवस्था थियो । अब उनी परे, देश र जनताका लागि जे गर्न पनि तयार हुने । कहिलेकाहीं राष्ट्रियताको कुरा आउँदा हामी भन्ने गर्छौं नि, अरे ! आइपरेको खण्डमा देशका लागि ज्यान दिन पनि तयार छु, ज्यान लिन पनि तयार छु ! बस्, यो पनि यही हो । उनी देश र जनताका लागि मान्छेलाई जिउँदै पोल्न पनि तयार भए ।

भएको यति हो । तर सरकारले मान्छेलाई जिउँदै पोल्नुको पछाडि लुकेको राष्ट्रवादी भावनालाई पूरै नजरअन्दाज गरी आरोप लगाउँदा कुनचाहिं नेताको चित्त दुख्दैन ? देउवाको चित्त दुखाइ यसैमा हो ।

मुर्दास्फीति

महँगीले बाँच्न मात्र होइन, मर्न पनि साह्रो भो । हालै पशुपति क्षेत्र विकास कोषले आर्यघाटमा शव अन्त्येष्टि गर्दा लाग्ने शुल्क बढाएछ । एउटा शवको काम पहिले १२ सय रूपैयाँमा तमाम हुन्थ्यो । अहिले १५ सय रूपैयाँ लाग्ने भएको छ । मुर्दाले यत्तिमै उन्मुक्ति पाउने छैन । दाउरा र शव बोक्ने शुल्क पनि बढेर ६-६ सय रूपैयाँ पुगेको छ । चपरी बोक्ने शुल्क पनि बढेर ४ सय पुगेको छ । तपाईं यदि आगोमा जल्न होइन, माटोमा मिसिन चाहनुहुन्छ भने शव गाड्ने शुल्क पनि बढेर १५ सय पुगेको छ । 'मरेपछि डुमै राजा' भन्थे, होइन रहेछ । मरेर पनि सुख छैन । मुर्दाघाटलाई पनि मुद्रास्फीतिले छाड्दो रहेनछ ।

■ **वाटरगेट रिटर्न्स**

बेतलबी जागिरे !

सर्वोच्च अदालतले स्थानीय निकायका जनप्रतिनिधिलाई तलब दिने कानुन बदर गरेको भन्या होइन ? यतिका दिन भइसक्दा पनि सडक तात्या छैन । जनप्रतिनिधिको गोप्य भेला भएका खबर आएका छैनन् । कानमा तेल हालेर बस्या छन् । के हुन लागेको नेपालाँ ?

यो त सोह्रै आना अन्याय हो । करोडौं खर्च गरेर पाँच वर्षका निम्ति पाएको जागिर बेतलबी हुने सक्दैन । अदालतले छ्यानविचार गरेको छैन सायद । अब जनप्रतिनिधि के खान्छन् ? उनीहरूको फूर्तिफार्ती के हुन्छ ? जहान-परिवार कसरी पाल्ने ? भत्ता या कमिसन मात्रै खाएर कसरी चित्त बुझाउने ? दिनरात जनताको सेवा गर्नेविरूद्ध यो जति ठूलो षडयन्त्र के हुन सक्छ ?

■ **लाल कुमाल**

प्रचण्डको ग्यास्टिक

एकल पार्टीका सुप्रिमो प्रचण्ड डबल नेकपामा आएपछि छटपटीमा छन् । साढे दुई वर्षमा आलोपालो प्रधानमन्त्री हुने कुरो थियो क्यारे । एक वर्ष नहुँदै शंका उब्जियो । डेढ वर्षमा झ्यांगियो । आफूविरूद्धको गठबन्धन बुझेपछि प्रधानमन्त्री केपी ओलीले पार्टी चलाउने साँचो दिने भनेर थामथुम पारे । तर हप्तौंसम्म चालचुल गरेनन् । अब कसरी दबाब दिने ?

चितवन पुगेर 'पार्टीमा ग्यास्टिक बिग्रेर अल्सर भइसक्यो, क्यान्सर हुने डर भो' भने । चिनियाँ राष्ट्रपतिले पढाएको अनुशासनको पाठ आफैंलाई हो भन्ने परेछ क्यारे । ०७३ मा तिनै ओलीसँगको जेन्टलम्यान-सहमति पालना नभएर कांग्रेससँग मिल्नुपरेको झझल्को आएजस्तो छ ।

■ **महर्षि**

एक्स्ट्रा-मोर्डन तालमेल



समृद्ध नेपाल बनाउन तम्सिएका हाम्रा नेताजी, उट्पट्याङ काम गरेरै सही, एक्स्ट्रा र मोर्डन देखिन प्रयासरत छन् । खुलामञ्चमा विभिन्न सेवा र सामान सजिलै किन्न पाइयोस् भनेर धमाधम सटर बनाइँदै छन् । हिलोको समस्या नहोस् भनेर ढलान गर्ने काम पनि अघि बढेकै थियो । हालै मात्र ठिमीस्थित पुरानो बस्तीको इँटाले छाएको बाटोमाथि कालोपत्रे गरिएछ । इँटाले छाउने थोत्रो तरिकालाई कालो नयाँ पिचले छोपिंदा इतिहास र आधुनिकताबीच क्या गजबको तालमेल !

■ **छ्ल्याहा गुरु**

हाम्रो नेपालमा

खप्तडको खर्कबास

मोहन बुढाऐर

बाजुरा, काँडाका ८१ वर्षीय बजिरे रावलको जुनी खप्तडमा भैँसी चराएरै बित्यो । सात वर्षको उमेरमा जिजुबुबाले पहिलोपल्ट उनलाई खप्तड उकालेका थिए । त्यसपछिका केही वर्ष बुबाआमाका साथ खप्तड खर्क बसे । भन्छन्, "१७ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएपछि श्रीमतीका साथमा हरेक बर्खा खप्तड खर्क उक्लिन सुरु गरको हुँ ।"

बझाङ, बाजुरा, डोटी र अछामको छानो खप्तडमा स्थानीयले जेठदेखि असोज अन्तिमसम्म खर्क (गोठ) थाप्छन् । तुषारो पर्न सुरु भएपछि मात्रै खर्कबाट घर फर्कन्छन् । "खप्तड फेदी घर भएका स्थानीयको खप्तडमा खर्क चार–पाँच सय वर्ष पहिलैदेखिको हो," वृद्ध गोठाला रावल थप्छन् ।

रावलका अनुसार यहाँ अहिले पनि सय वर्ष पुराना पुख्यौंली पक्की खर्क छन् । पहिला दुई हजारभन्दा बढी भैँसी चर्थे । गाईगोरु, बाख्रा–भेडाच्यांग्राले फाँट भरिभराउ हुन्थ्यो । ५–७ सय गोठाला हुन्थे । अहिले गोठाला र भैँसी दुवैको संख्या घटेको छ ।

"उतिबेला संयुक्त परिवार हुन्थ्यो । घरको एक जोडी खर्क बस्न आउँथ्यो," रावल भन्छन्, "केही घरमा भोटे ताल्चा लगाएर लालाबालासहित खप्तडमा भैँसी चराउन ल्याउँथे । एक प्रकारले गाउँको बसाइँ सर्थ्यौं ।" तर अचेल घरको एक जना मात्रै खर्क बस्न आउने गरेकाले गोठालाको संख्या घट्दै गएको हो ।

पहिले–पहिले भैँसी नपाल्ने परिवार हुन्थेनन् । गाउँमा जसका धेरै भैँसी हुन्थे, उही धनी मान्छे कहलिन्थ्यो । गाउँघरबाट कामका लागि भारत जान सुरु भएदेखि भैँसीपालन र खप्तड खर्क बसाइ घटेको रावलको अनुभव छ । सुनाउँछन्, "त्यसताका भैँसीको घिउ बेचेर घर चल्थ्यो । खर्कका चार महिनामा दस टिना (टिनको बक्स) घिउले भरिन्थ्यो । एक टिनामा १५ देखि २० किलो घिउ भरिन्थ्यो । खर्कबाट फर्कपछि तिहारका लागि महिना दिनसम्मको लामो पैदल यात्रा भारतको पिथौरागढ, झुलाघाट, लुहाघाट,

तस्बिरहरू : मोहन बुढाऐर

^ खप्तड त्रिवेणी धाम

चम्पावत र टनकपुर सीमावर्ती बजारमा बिक्री गरिन्थ्यो । त्यहींबाटै वर्ष दिनका लागि लुगाफाटा र नुन ल्याउने चलन थियो ।"

अहिले घिउ बेच्न भारत जाने चलन हटिसकेको छ । जिल्ला सदरमुकाम चैनपुरमै घिउ बेच्छन् । उतिबेला हरेक परिवारले ३-४ वटा किलामा भैंसी पाल्थे । रावलसँग मात्रै १० किला अर्थात् १० वटा भैंसी थिए । अहिले उनीसँग ४ वटा भैंसी छन् । "खर्कको रमाइलोले बुढ्यौली उमेरसम्म छाडेको छैन," उनी भन्छन्, "नातिनातिनाको उमेरै पुग्यो, खर्क बस्ने । मेरो त कुनै जरुरी थिएन, भैंसी गोठालो हुनुपर्ने तर रहरले नै खिचेर ल्याउँछ ।" नथन्किँदासम्म खप्तड खर्क नछाड्ने उनको अठोट छ । दुई दशकदेखिको घंघारुको लौरो देखाउँदै रावल भन्छन्, "६० कटेपछि खप्तड उक्लिने सहारा यही हो ।"

खर्कमा देउडा

वृद्ध रावललाई खप्तड खर्कको जिन्दगी रमाइलो लाग्नु देउडा-मोह पनि हो । उनी जहिलेदेखि खप्तड खर्क बस्न थाले, त्यतिबेलादेखि देउडा खेले । खर्क बस्न आउने चारै जिल्लाको यहाँ दिनरात (२४ घन्टे) देउडा खेल हुन्छ ।

खप्तड खर्कमा ५५ वर्षीय अमृतबहादुर रावल पनि भेटिए । बझाङ, छान्नाका रावल पनि सानैदेखि बर्खाका ४ महिना खर्क बस्दै आएका छन् । "खर्कको बास रमाइलो हुन्छ," रावल खुसी सुनिन्छन्, "खर्कमा बस्ने गोठाला-गोठाली रमाइलो गर्न देउडा खेल्छन् ।" उनका अनुसार दिनरातको देउडा चल्छ ।

अविवाहित गोठाला-गोठालीको देउडामै चिनजान भएर विवाह हुने गरेको अमृत बताउँछन् । "अहिले पहिलाजस्तो लामो देउडा चल्दैन । अहिले खर्क बस्न पुरानै उमेरका बढी आउने भएकाले त्यहाँबाटै विवाह पनि कमै हुने गरेको छ । वातावरण पनि उहिलेजस्तो छैन," अमृत थप्छन् ।

उनका अनुसार खप्तडमा नयाँ मान्छे गंगा दशहराको मेलामा मात्र देखिन्थे । चालीसको दशकपछि यहाँ पल्टन बस्यो । "पल्टन बस्यापछि खप्तडको सत्य पनि उड्यो," बझाङ छान्नागाउँका ७१ वर्षीय मनिराम उपाध्याय भन्छन्, "०१५ सालमा पहिलोपल्ट खप्तड देखेको थिएँ । मेरा बुबा खप्तडमा पूजा लगाउँथे ।"

सत्य, शक्ति र छल

खप्तड स्वामीका निकट भएर धेरै वर्ष बसेको दाबी गर्ने उपाध्याय हरेक वर्ष गंगा दशहरा मेला हेर्न आउँछन् । हेर्दाहेर्दै खप्तड दूषित भइसकेको उनको अनुभव छ । "पहिला यहाँ भात पकाउन्नथ्यौं, खसीबोका काटिन्नथ्यो," उनी भन्छन्, "यो शिव-पार्वती र भगवतीको बास बस्ने ठाउँ हो । यहाँ साक्षात देवीदेवताको दर्शन हुन्छ ।"

उपाध्याय खर्कका गोठालाले साक्षात देवीदेवताको स्वरूपलाई कैयौँ पटक देखेको दाबी गर्छन् । "कैयौँ पटक देवीदेवताको प्रत्यक्ष स्वरूप देखिएको आभास मलाई पनि भएको छ," उनको दाबी छ, "भिक्षु स्वरूप गेरु वस्त्र लगाएका ऋषिहरू त्रिवेणी तट, केदारनाथ ढुंगाछेउ, पाटनका थुम्कामाथि योग तटमा बसेको देखेको छु ।"

अर्का गोठाला प्रेम रावलका अनुसार पहिला खप्तडमा छल पनि हुन्थ्यो । त्रिवेणीमा सुन्दर महिला सेतो वस्त्र लगाएर नुहाएको र पाटनमा फुलेका रंगीचंगी फूल टिपेको दृश्य गोठालालाई भान पर्थ्यो । हरेक सन्ध्याकालीन समय शंख बजेको, वरपरको जंगलमा पन्चेबाजा र गजरा बजेको सुनिन्थ्यो । कहिले खर्कभित्र दही जमाएको ठेकीमा मही देखिन्थ्यो । कहिले मही बनाउँदा नचिताएको घिउ लाग्थ्यो । कहिले चराउन गएका भैंसी दिउँसै खर्कमा देखिनेजस्ता अनेक छल हुन्थे ।

भगवान्‌को छिटा परेको यो ठाउँ दूषित भइसकेको उनको पनि कथन छ । "खप्तडमा खुन (रगत) देखाउनै हुन्नथ्यो," उनी भन्छन्, "सहस्र लिंग, केदारनाथको ढुंगामा गाई दूधको धारा बगाउँथे गोठालाहरू ।" दूधले शिला सेताम्य हुन्थ्यो । भन्छन्, "४-५ सय गोठाला परिवारले एक लिटर दूध केदारनाथ ढुंगामा बगाउँदा कति धरै बग्थ्यो होला ? आफैं विचार गर्नुस् ।"

खप्तडमा त्रिवेणी, सहस्र लिंग, सीतापाइला, नागढुंगा, केदारशिला, खप्तड दह, दिदीबहिनी हरिना चरो र खप्तड बाबा आश्रम स्थानीयका पूजनीय स्थल हुन् । पल्टन बसेपछि सबैथोक हराएको प्रेमको दाबी छ । उनका अनुसार यहाँको शक्ति विलयसँगै खप्तड फेदीका स्थानीयलाई समेत राम्रो भएको छैन ।

पैसाको लोभमा परेर खप्तड पुग्ने चलन तोडेर स्थानीय आफैंले पल्टनलाई खसीबोका र मेलामा मासु बेच्ने काम गर्न थालेको उनको गुनासो छ । "जथाभावी सुरु भएपछि स्थानीयको संस्कार, संस्कृति, रीतिथितिमा

केदार ढुंगा

बजिरे रावल

असर परेको छ," उनी भन्छन्, "सुन्दर खप्तडको बयान मात्रै प्रचार भयो, यसको सत्यको भएन।"

उपाध्यायका अनुसार पशुपति र केदारनाथमा शिव स्वरूप गोरु आकारको शिला यहीँबाटै उडेर गएको किंवदन्ती छ। खप्तडको केदार ढुंगाको आकार गोरुको जस्तो छ। पाण्डवका भाइ भीमसेनले खापर दैत्य मार्ने बेला उनको वाण लागेर गोरु रूपका केदारनाथको टाउको पशुपतिनाथमा उछिट्टिएर आएको र पुच्छर भारतको केदारनाथ पुगेको उनी बताउँछन्।

खप्तड बाबाको प्रभाव

खप्तड बाबालाई खर्कका गोठालाले भगवान् शिवका अवतारको रूपमा लिएर



गाईगोरु, भैँसी, भेडाच्यांग्रा-बाख्रा चराउँदै

श्रद्धा गर्ने गरेको अर्का गोठाला ४५ वर्षीय नवबहादुर रावल बताउँछन्। उनका अनुसार खर्कका गोठालाले अहिले पनि उनको आश्रममा रहेका मूर्तिको पूजा गर्छन्। "पहिला गोठालालाई खप्तडको महत्त्व थाहा थिएन," केही वर्ष खप्तडका सन्निकट बसेका रावल भन्छन्, "दूध दिन जाने गोठालाले यहाँको महिमा दर्शाउँथे। खप्तडलाई नेपाल सरकारले समेत चिनेको छैन।"

०३७ सालमा खप्तड राष्ट्रिय निकुञ्ज स्थापना भएको हो। गोठालाको भनाइमा खप्तड निकुञ्जले नभई स्थानीयको आस्थाको धरोहर भएकाले मात्र जोगिएको छ। निकुञ्ज हुँदा स्थानीयले सुविधाभन्दा बढी असुविधा भोगेको प्रेमको भनाइ छ। "पहिला खर्क बस्न मनमर्जी थियो," भन्छन्, "अहिले पुर्जी काटेर आउनुपर्छ।"

खप्तड प्लास्टिकयुक्त हुँदै छ। सफा-सुग्घर घट्दै गएको छ। नेपाली सेनाले खप्तडको सौन्दर्य कोतरेको उनको भनाइ छ।

भदौमा फुल्छ खप्तड

साउन-भदौमा खप्तड हेर्न लायक हुन्छ। मौसम परिवर्तन भइराख्ने हुँदा घामपानीको लुकामारी चलिरहन्छ। यहाँ फुल्ने १ सय ३५ प्रकारका फूलले पाटनको सौन्दर्यलाई लोभलाग्दो बनाउने गरेको छ। भगवान्को सत्यले यो ठाउँ छाडे पनि खप्तडको सौन्दर्य भने खासै नघटेको बजिरे रावलको दाबी छ।

गोठालाका अनुसार पछिल्लो समय खप्तडमा जलवायुको परिवर्तनको असरसमेत देखिन थालेको छ। पहिलेको तुलनामा गर्मी बढ्दै गएको छ। छिनछिनमा मौसम परिवर्तन भइराख्ने भएकाले यहाँको सौन्दर्य अहिलेसम्म जीवितै रहेको उनीहरूको भनाइ छ। खप्तडमा २२ पाटन र ५२ झोता छन्। नेपालमा पाइने ७ सय जडीबुटीमध्ये २ सय २४ प्रजाति यहीँ नै पाइन्छन्। यहाँ ५ सय ६७ प्रजातिका वनस्पति र २ सय ७० जातका चराचुरुंगी पाइन्छन्। ने

कश्मीरी पण्डितको पलायन

प्रीतम सिंह

ब्रिटिस शासन अन्त्यसँगै सन् १९४७ मा एकीकृत भारत विभाजन भई पाकिस्तान छुट्टै राज्यको रूपमा उदायो । जम्मु कश्मीर छुट्टै राष्ट्र थियो । महाराजा हरि सिंहले भारत र पाकिस्तान दुवैतिर नलागी जम्मु कश्मीरलाई स्वतन्त्र राष्ट्रका रूपमा कायम राखे । विभाजनसँगै जम्मु कश्मीर कसको अधीन रहने भन्ने झगडाले भारत-पाकिस्तानबीच लडाइँ जारी रह्यो । त्यो द्वन्द्व अहिलेसम्म कायमै छ ।

अंग्रेजबाट मुक्त भएपछि पन्जाब, पटियाला, राजस्थानलगायतका राज्य क्रमशः एकीकृत भारतमा गाभिँदै थिए । सोही क्रममा मुस्लिम बहुल जम्मु कश्मीरमा पाकिस्तानले आक्रमण गर्‍यो, सन् १९४७ मै । आक्रमणपछि पाकिस्तान र भारत शासित जम्मु कश्मीर गरी दुई भागमा विभाजित भए । जम्मु कश्मीरका राजा हरि सिंह भागेर दिल्ली दरबारको शरणमा पुगे ।

लडाइँको समय भारत सरकारले सैनिक सहयोग गरेन किनभने जम्मु कश्मीर त्यतिबेला स्वतन्त्र राष्ट्र थियो । पाकिस्तानी सेनाको आक्रमणपछि धेरैजसो भागे, कोही गोलीबारीमा परेर मरे । जम्मु कश्मीरका राजाले पाकिस्तानी आक्रमणबाट आफ्नो राज्यलाई गुम्न नदिन भारतसँग सहयोग मागे । दिल्ली आएपछि तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूसँग वार्ता गरे । त्यो वार्तामा अहिलेको जम्मु कश्मीर भारत अधीनस्थ रहने गरी सैनिक सहयोगस्वरूप भारतले सेना पठायो ।

पाकिस्तानको आक्रमणले गुमेको एकीकृत जम्मु कश्मीरमध्येको भू-भाग पोन्स छत्तरबाग पाकिस्तान शासित हालको पीओकेमा गाभियो । हाम्रो घर पनि पाकिस्तान शासित जम्मु कश्मीरमा पुग्यो । हाम्रो थातथलो पाकिस्तान शासित जम्मु कश्मीरमा पुगे पनि मेरा बाबाको ट्रान्सपोर्ट कम्पनी भारत शासित जम्मु कश्मीरमै थियो । त्यसकारण हामी भारत शासित जम्मु कश्मीरमै बस्न थाल्यौँ । यद्यपि हाम्रो परिवारमा हजुरबाबा, काकालगायतका सदस्य पाकिस्तान शासित पोन्समै बसेका थिए ।

भागेर दिल्ली आएका जम्मु कश्मीरका राजा हरि सिंहको ठाउँमा पाकिस्तानले शेख अब्दुल्लाहलाई त्यहाँको शासक चुन्यो । तर भारतले मान्यता दिएन । दिल्लीको सैनिक सहयोग पाएपछि पाकिस्तानले पूरै जम्मु कश्मीरलाई आफ्नो अधीनस्थ ल्याउन सकेन । तत्कालका लागि राजा हरि सिंह नै जम्मु कश्मीरका नेता बने ।

जम्मु कश्मीर भारत-पाकिस्तानको चेपुवमा पर्दै गएपछि त्यहाँको व्यापार, व्यवसायमा गिरावट आयो । हिन्दु-मुसलमानबीच द्वन्द्वका रेखा कोरिए । सोही कारण हजारौँ कश्मीरी पण्डित भारत प्रशासित जम्मु कश्मीरबाट समेत पलायन हुन बाध्य भए । भारत-पाकिस्तान दुवै शासित जम्मु-कश्मीरको अव्यवस्थाका कारण कैयौँ हिन्दु परिवार आफ्नो थातथलो छाड्न विवश भए । विभाजनको समय करिब ७० प्रतिशत मुस्लिम जनमत रहेको भारत शासित जम्मु कश्मीरमा अहिले ९० प्रतिशतभन्दा बढी संख्या पुगिसकेको छ ।

प्रायः शिख समुदायले हिन्दु धर्म नै मान्छन् । पाकिस्तानी आक्रमणकै समयदेखि जम्मु कश्मीरमा बस्ने ब्राह्मण समुदाय, जसलाई कश्मीरी पण्डित भनिन्छ । तिनलाई जबर्जस्ती धर्म परिवर्तन गर्न बाध्य बनाइयो, पारियो । हिन्दु धर्म त्यागेर मुस्लिम बनेकाहरू सुरक्षित रहे । धर्म परिवर्तन गर्न नचाहनेहरूलाई गोली हानियो । भारतका पूर्वप्रधानमन्त्री नेहरू स्वयं कश्मीरी पण्डित हुन् । जम्मु कश्मीरमा कश्मीरी पण्डितलाई वास्तविक ब्राह्मण मानिन्छ, अहिले पनि । तर दुई मुलुकबीचको द्वन्द्वको चेपुवामा परेपछि कश्मीरी पण्डितहरूले आफ्नो थातथलो छाडेर सुरक्षित स्थल रोजे । जम्मु कश्मीरमा थातथलो भएका शिख समुदायले हिन्दु धर्म अँगालेका थिए । त्यसकारण कश्मीरी पण्डितसँगै हिन्दु धर्मावलम्बी शिख समुदाय पनि जम्मु कश्मीरबाट पलायन हुन बाध्य भयो । सोही क्रममा कोही दिल्ली, कोही पन्जाब, कोही हरियाणा त कोही ज्यान सुरक्षाका लागि नेपालसम्म आए ।

राजा हरि सिंहले भारतसँग गरेको सम्झौतालाई पाकिस्तानले अहिलेसम्म मान्यता दिएको छैन । त्यसैले जम्मु कश्मीरको विषयलाई लिएर भारत-पाकिस्तानबीच युद्धसमेत भइसकेको छ । पहिलोपल्टको युद्धविराम सिमला सम्झौतामा टुंगिए पनि अहिलेसम्म जम्मु कश्मीरले शान्तिको सास फेर्न पाएको छैन ।

द्वन्द्वका कारण भारत शासित जम्मु कश्मीरमा व्यापार व्यवसाय फस्टाउन नसकेपछि हामीले उत्तर प्रदेशको लखनउमा ट्रान्सपोर्टको शाखा खोल्यौँ । लखनउमा खुलेको ट्रान्सपोर्ट कम्पनी विस्तारलाई हामीले क्रमशः नेपालमा प्रवेश गरायौँ । भारतीय एयरफोर्समा सेवा गर्ने उद्देश्यले पहिलोपल्ट दिल्ली र त्यसपछि लखनउको सीतापुरमा पाइलट कोर्स सकाएँ । तर उड्नेभन्दा गुड्नेमा ज्यान सुरक्षित रहने आमाको करबलका कारण मैले पुस्तैनी पेसा ट्रान्सपोर्टमै रहनुपर्‍यो ।

(सिंह शिख समुदायका अगुवा हुन् ।)

प्रस्तुति : गोकुल अर्याल

गायत्री साह श्रीमान् राजेश महतोसँग

चिकित्सकीय दण्डहीनता

बिरामीको ज्यानै तल–माथि हुने गरी लापरबाही, न न्याय, न त क्षतिपूर्ति

जनक नेपाल

पूर्वसांसद गायत्री साहले २८ फागुन ०७५ मा डाउन सिन्ड्रोम भएको शिशु जन्माइन् । उनका लागि सुत्केरी व्यथाभन्दा ज्यादा शिशु स्वास्थ्यको चिन्ता र पीडा लामो रह्यो । सुत्केरी सेवा लिएको अन्तर्राष्ट्रिय स्तरको मेडिसिटी अस्पतालसँगको लामो कानुनी गलफत्तीका कारण ७ महिना ७ दिनपछि ५ कात्तिकमा बल्ल साहले बालकलाई घरमा ल्याएकी छन् । मेडिकल काउन्सिलले सो घटनामा चिकित्सकीय लापरबाही भए–नभएको छुट्याउन भने सकेको छैन ।

२ असोज ०७५ देखि साहले मेडिसिटीकी प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा निरासिंह श्रेष्ठसँग गर्भ जाँच गराएकी थिइन् । बच्चाको घाँटीमा साल बेरिएको पाइएपछि जन्मिने तोकिएको मिति ४ चैतभन्दा ६ दिनअगावै २८ फागुनमा मेडिसिटी अस्पतालमा अपरेसन गरी शिशुको जन्म भयो । डाउन सिन्ड्रोमको लक्षण देखिएपछि अत्तालिएको साह परिवार अस्पतालले बच्चा छाडेको भनेर आफूविरुद्ध अफवाह फैलाएको दाबी गर्छ । "अस्पतालमा सीसीक्यामेरा छ । हेर्दा हुन्छ, म कुन दिन बच्चालाई दूध खुवाउन गइनँ ?" साह भन्छिन् ।

साहको भनाइ आफू डाउन सिन्ड्रोम भएका शिशु जन्माउने जोखिमयुक्त उमेर समूहमा रहेको थाहा हुँदाहुँदै लापरबाही गरेर जाँच नगराइएको भन्ने छ । "म कतै दुर्गमबाट अन्तिम बेला विशेषज्ञ डाक्टर खोज्दै आएकी होइन । अन्तर्राष्ट्रिय स्तरको भनिएको अस्पताल र विशेषज्ञसँग सेवा लिँदा पनि लापरबाहीले ड्राउन सिन्डमको बच्चा जन्माउनुपर्‍यो," उनी भन्छिन्, "म अरूले भैंm नियतिलाई दोष दिएर चुप लागिनँ । मजस्तै अरूले रुन नपरोस् भनेर महिनौंसम्म संघर्ष गरिरहेँ ।" साहको एउटै माग छ, डाक्टर र अस्पतालको लापरबाहीले डाउन सिन्ड्रोम भएकाले आफ्नो छोराले आजीवन निःशुल्क उपचार पाओस् । सो माग पूरा नभएपछि उनले १० करोड क्षतिपूर्ति माग गर्दै अस्पताल र डाक्टरविरुद्ध जिल्ला अदालत ललितपुरमा मुद्दा दर्ता गराएकी छन् ।

डाउन सिन्ड्रोम विशेषज्ञ डा ललिता जोशी गर्भवतीको उमेर ३५ वर्ष नाघेको र त्यसअघि मिस अबोर्सन गरिएको छ भने डाउन सिन्ड्रोमको जाँच गराउनुपर्ने बताउँछिन् । जाँच महँगो हुने र जहाँसुकै सेवा नपाइने हुँदा अभ्यास भने कमै रहेको उल्लेख गर्दै भन्छिन्, "चिकित्सकले जोखिमयुक्त उमेर समूहका गर्भवतीलाई जानकारी गराउनुपर्छ ।" उनको आफ्नै एक सन्तानमा डाउन सिन्ड्रोमको समस्या छ ।

साहको गर्भ जाँच र प्रसूतिमा संलग्न डा निरासिंह डाउन सिन्ड्रोमको प्रारम्भिक परीक्षणको समय कटेपछि मात्र उनी आफ्नो क्लिनिकमा आएको बताउँछिन् । "उमेर ३४ वर्ष लेखाउनुभएको छ । १४ साता ५ दिनमा मकहाँ आउनुभएको छ । त्यसैले पनि त्यतिबेला डाउन सिन्ड्रोमको जाँच गराइएन," डा श्रेष्ठ भन्छिन्, "हाम्रो तर्फबाट कुनै गम्भीर लापरबाही भएको छैन ।" उच्च अदालत पाटनको आदेशानुसार नेपाल मेडिकल बोर्डले बालकको परीक्षण गरी

घर लैजान मिल्ने सिफारिस गरेपछि मात्र साहले ७ महिनापछि छोरालाई घर ल्याएकी छन् ।

चिकित्सकीय लापरबाहीले अपांगता भएका मात्र होइन, ज्यानै गएका घटना पनि थुप्रै छन् । मुटुमा समस्या भएपछि १३ वैशाखमा बाँसबारीस्थित शहिद गंगालाल हृदय रोग केन्द्र अस्पताल भर्ना भएकी थिइन्, सर्लाहीकी ५ वर्षीया आकृतिकुमारी साह । १७ वैशाखमा शल्यक्रियाका क्रममा रगत चढाउनुपर्ने भयो । बालिकाको रगत समूह 'ओ' पोजेटिभ भए पनि चिकित्सकीय लापरबाहीले 'ए' पोजेटिभ रगत चढाइयो । सोही कारण मृगौलामा क्षति भई २३ वैशाखमा बालिकाको मृत्यु हुन पुग्यो ।

बालिकालाई शल्यक्रियामा लगिनुअघि बिरामीका आफन्तसँग गरेको सहमतिमा डा ज्योतिन्द्र शर्मा, डा रवीन्द्रभक्त तिम्ले र डा नवीनचन्द्र गौतमले शल्यक्रिया गर्ने उल्लेख छ । अस्पतालका तत्कालीन निर्देशकसमेत रहेका डा शर्मा भने शल्यक्रियामा आफू संलग्न नभएको दाबी गर्छन् ।

मेडिकल काउन्सिलले यस विषयमा छानबिन गरे पनि पाँच महिनासम्म प्रतिवेदन दिन सकेको छैन । सो घटनाबारे केन्द्रका पूर्वनिर्देशक डा भगवान कोइरालाको संयोजकत्वमा छानबिन समिति गठन गरिएको थियो । समितिको प्रतिवेदनका आधारमा काउन्सिलले अस्पतालका तीन चिकित्सकलाई ७ दिने स्पष्टीकरण र दुई ल्याब टेक्निसियनलाई हदैसम्मको कारबाही गर्न स्वास्थ्य व्यवसायी परिषद्लाई सिफारिस गर्‍यो । निर्देशकसहित अन्य विभागीय चिकित्सकलाई भने नैतिक जिम्मेवारीको प्रश्न उठाइयो । "स्पष्टीकरण आइसकेको छ । त्यसमा अध्ययन गरी कारबाही टुंग्याउँछौं," आचारसंहिता अनुगमन हेर्ने काउन्सिल सदस्य कालुसिंह खत्री भन्छन्, "विशेषज्ञको राय लिएर छानबिन गरी निष्कर्षमा पुग्नुपर्ने भएकाले ढिलो त हुन्छ नै । एउटा केस टुंग्याउन ८-१० महिनासम्म लाग्छ ।"

मसानघाटबाट जीवितै फिर्ता

२७ भदौ बिहान साढे ५ बजे जाजरकोटकी कमला अधिकारी, २०, ले नेपालगन्जस्थित भेरी अञ्चल अस्पतालमा महिना नपुगेको ६ सय ग्रामको बच्चा जन्माइन् । अस्पतालका नर्सले शिशु मृत घोषणा गर्दै अन्त्येष्टिका लागि अभिभावकलाई दिए । त्यसका लागि सफाइ कर्मचारीले धेरै पैसा मागेको भन्दै उनीहरू आफैं नेपालगन्जको बुलबुलियास्थित मसानघाट गए । त्यहाँ खाल्डो खनेर प्लास्टिक खोल्दा त शिशु चलमलाइरहेको थियो ।

महिना नपुगी जन्मिएको र कम तौल भएकाले बच्चाको आशै नगरी मृत घोषणा गरिएको आशंका गरिएको थियो । हतारिँदै अस्पताल फर्काइएको शिशु सघन उपचार कक्षमा दिनभर बाँचेर राती मात्र बित्यो । शिशुको मृत्युपछि परिवार र आफन्त २८ भदौ बिहानैदेखि अस्पतालविरुद्ध आन्दोलनमा उत्रिए ।

अस्पतालले ज्यूँदै शिशु मृत भनी कागजातमा हस्ताक्षर गराएर अन्त्येष्टिका लागि बुझाएको तर मसानघाट पुग्दा जीवितै रहेको कमलाका पति मिलन अधिकारी बताउँछन् । "योभन्दा ठूलो लापरबाही अरू के हुन्छ ? न कारबाही भयो, न त कुनै क्षतिपूर्ति," उनी भन्छन् । अस्पतालले भने प्रिम्याच्युर बच्चामा पूर्वानुमान गर्न गाह्रो हुने भन्दै घटना आफूहरूका निम्ति पाठ हुन पुगेको बतायो । भेरी अस्पतालका तत्कालीन निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा बद्री चापागाईंले यस प्रकारका असावधानी भविष्यमा हुन नदिने प्रतिबद्धता जनाउँदै विज्ञप्ति प्रकाशित गरेबाहेक दोषीमाथि कुनै कारबाही भएन ।

उपभोक्ता संरक्षण ऐन, ०५४ को दफा २२ र २४ मा चिकित्सकीय लापरबाहीबाट बिरामीको ज्यान तल-माथि भए क्षतिपूर्ति भराउने व्यवस्था छ । त्यसका लागि जिल्ला क्षतिपूर्ति समितिमा उजुरी दिइँदै आएकामा उपभोक्ता संरक्षण ऐन, ०७५ ले उपभोक्ता अदालतको व्यवस्था छ । उपभोक्ता अदालत स्थापना नहुन्जेल जिल्ला अदालतमा पेस गर्न सर्वोच्चले आदेश दिएको छ । तर क्षतिपूर्ति समितिमा रहेका अधिकांश उजुरी अहिलेसम्म पनि जिल्ला अदालत पुगेका छैनन् ।

चिकित्सकीय लापरबाहीको आरोप लागेका घटनामा नेपाल मेडिकल काउन्सिलको ढिलासुस्तीले पनि विवाद लम्ब्याउने गरेको छ । त्यसले पीडितलाई काउन्सिलप्रति नै भरोसा हुन छाडेको छ । त्यसमाथि, मुलुकी देवानी कार्यविधि ऐन, ०७४ ले क्षतिपूर्तिका लागि दाबी गर्दा उल्लेख्य कोर्ट दस्तुर तोकेको छ । मुद्दा हारे दस्तुर फिर्ता नहुने र जिते पनि फिर्ता पाउन झन्झटिलो हुने भएकाले उजुरीकर्ता सहजै नआउने स्थिति छ ।

बुटवलका एक युवक वर्षौंदेखि लिंग सानो भएको हीनताबोधमा थिए । त्यही समस्याले उनले बिहे टारिरहेका थिए । तर अपरेसन गरेर लिंग लम्ब्याउन सकिन्छ भन्ने विज्ञापन पढेर उनी ग्वार्कोस्थित बीएन्डबी अस्पताल पुगे । २८ पुस ०७१ मा अस्पतालका जनरल सर्जरी एन्ड युरोलोजी विभागका डा जगदीशलाल वैद्यले उनको अपरेसन गरे र ५ माघमा डिस्चार्ज गरे । रिजल्ट इम्प्रुभ लेखिएको थियो तर तीन दिनपछि नै घाउ पाक्यो र ज्वरो आयो । दुई महिनापछि घाउ त सञ्चो भयो तर लिंग लामो भने भएन । उल्टै लिंग उत्थित नहुने र ढाड दुख्ने समस्या देखियो । फलोअप जाँचमा डा वैद्यले दुई-तीन वर्ष लाग्न सक्ने बताए । तर लिंगको नापमा अन्तर नभेटेको र उत्तेजित नहुने समस्या निस्किएपछि नपुंसकताको जीवन भोगिरहेको उनी बताउँछन् । १५ जेठ ०७४ मा नर्भिकका डा मनु बस्नेत र १८ जेठमा काठमाडौं भ्याली अस्पतालका डा सुदीप केसीलाई जँचाएपछि उनले थाहा पाए, अपरेसन सही नहुँदा ती समस्या भएको रहेछ ।

"लिंग लामो पार्ने रहर गर्दा डाक्टरले अपरेसन बिगारेर मेरो यौन जीवन बर्बाद भयो ।

चिकित्सकीय लापरबाहीका मुद्दा

१६७	५३	१७	२०	३
क्षतिपूर्तिसम्बन्धी दायर मुद्दा	चिकित्सकीय लापरबाहीसम्बन्धी दायर मुद्दा	मुद्दा दायरपछि सम्पर्कमा नआएका पीडित पक्ष	उजुरीपछि अनौपचारिक रूपमा मेलमिलाप गरी क्षतिपूर्ति प्राप्त गरेका	रिपोर्ट प्राप्त नभएको

स्रोत : उपभोक्ता हित संरक्षण मञ्च

पीडित पक्ष	पिडक पक्ष	मुद्दा चलेको स्थान	हानि-नोक्सानीको बेहोरा	क्षतिपूर्तिको रकम	फैसला दायर मिति
दुर्गा घिमिरे	डा लक्ष्मी आरसी पाटन अस्पताल	जिल्ला क्षतिपूर्ति समिति, ललितपुर	पाठेघरको अप्रेसन गर्दा पिसाब थैली काटिदिएको	९,७५,०००	०५९
सूर्यकुमारी अधिकारी	डा अवला वैध, प्रसूतिगृह थापाथली, काठमाडौं	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	अप्रेसन चार्ज रू २५ हजार माग गर्दा बिरामीले दिन नसक्दा अप्रेसन गरी प्रसूति गराउनुपर्नेमा भ्याकुम प्रयोग गर्दा बालिकाको देब्रे अंग बटारिन पुगी अपांग बन्न गएको	१,२०,०००	०६१
राजु महत	तिलगंगा आँखा अस्पताल	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	कन्टाक्ट लेन्सको गलत प्रयोगले -४ बाट-११ पुगेको	२२,००,०००	०६२ सालमा क्षतिपूर्ति लिईदिई मिलापत्र
सिर्जना केसी	डीबी शाह हेम्स अस्पतालसमेत	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	औषधीको असावधानीपूर्ण प्रयोगका कारण आँखाको ज्योति गुमेको	६,१७,०५०	०६७ मा सर्वोच्च अदालतबाट अन्तिम फैसला
देवीकृष्ण चौलागाईं	डा मनोहरलाल श्रेष्ठ र डा प्रमोद अधिकारी वीर अस्पताल	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	कलेजोमा पत्थरीको अप्रेसन गरेको भनिएकामा पत्थर नै छुटाई दिइएको	१२,००,०००	०६५/०७/१६ को निर्णय
बैकुण्ठ अधिकारी सहायक प्रजिअ	डा ध्रुव मुडवरी ओम अस्पताल, टिचिङ अस्पताल	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	दुर्घटना केसमा ढिलो अप्रेसन तथा ब्लड ए + दिनुपर्नेमा बी+ दिएकाले बिरामीको मृत्यु भएको	४५,००,०००	०६६
सुष्मा थापा	डा बुलन्द थापा वीर अस्पतालसमेत	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	खुट्टाको औंलामा अप्रेसन गर्दा हेलचेक्र्याइँका कारण ग्याङरिङ बढ्न गई खुट्टा नै काट्नुपरेको	१०,००,०००	०७३ मा सर्वोच्च अदालतबाट अन्तिम फैसला

अब बिहे गर्ने चाहना सदाका लागि अन्त्य भयो," उनी भन्छन्। चिकित्सकको लापरबाहीले आफ्नो शरीर, स्वास्थ्य र सम्पत्तिमा हानि पुगेको भन्दै उनले ५ करोड ५ लाख क्षतिपूर्तिको दाबीसहित जिल्ला क्षतिपूर्ति समिति, ललितपुरमा ७ असार ०७४ मा उजुरी दिएका छन् ।

रूपन्देही तिलोत्तमाका सुदीप विष्ट ६ कात्तिक ०७३ मा काठमाडौं टोखास्थित डेरामा दिउँसोको खाना खाएर आराम गर्दै थिए। दिउँसो साढे ३ बजे छाती दुख्यो । घरबेटीका छोरा दीक्षु तामाङको मोटरसाइकलमा बसेर उनी ग्रान्डी अस्पताल पुगे । आशंका हृदयाघातको थियो तर ग्यास्ट्राइटिसको शंका गरेर औषधी चलाइयो। समयमै पुगेर विशेषज्ञ सेवाका लागि शुल्क लिएर पनि अर्को दिनसम्म मुटु रोग विशेषज्ञले नजाँचेको परिवारको आरोप छ । अर्को दिन बिहान मृत घोषणा गरिँदा परिवार छाँगाबाट खसेझैं भयो । समयमै पुग्दासमेत मुटु रोग विशेषज्ञको उपचार नपाएको भन्दै परिवारले १० करोड क्षतिपूर्ति माग गर्दै १० मंसिर ०७३ मा अस्पतालविरुद्ध आमा चुडादेवीले जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंमा उजुरी दिएकी छन् ।

एक्सरे एउटाको, उपचार अर्कैको

इन्द्रचोकस्थित सिटी हेल्थ केयरमा जाँच गर्दा पित्त थैलीमा पत्थरी देखिएपछि अपरेसनका लागि सरकारी अस्पताल खोज्दै चन्दा पटुवारी ८ मंसिर ०७३ मा वीर अस्पताल पुगिन्। रगत जाँच र छातीको एक्सरे गरी फलोअपका लागि १२ असोजमा जँचाएपछि डाक्टरले तपाईंको छातीमा ठूलो समस्या छ भन्दै तुरुन्तै सीटीभीएस इकाइमा भर्ना गरेर इन्जेक्सन लगाइयो। छाती र पेटको सीटीस्क्यान गराइयो । ७ दिनपछि डिस्चार्ज गर्दा पनि पाँच थरी औषधी लेखेर दिइयो। एउटा अस्पतालले पत्थरी भनेर अपरेसन गर्न जाँदा वीर अस्पतालले छातीमा समस्या देखायो । शंका लागेर उनले स्वास्थ्य विषय पढेका आफन्तलाई देखाउँदा पो थाहा भयो, उनकै रिपोर्टका आधारमा नभई ८० वर्षीया मन्सारीदेवी पौडेलको एक्सरेका आधारमा एक साता अस्पताल भर्ना गरेर इन्जेक्सन, औषधी र उपचार गरिएको रहेछ । "सबैभन्दा ठूलो सरकारी अस्पताल खोज्दै जाँदा उल्टो उपचार गरिदिए। त्यसको असरले अर्कै बिमारी निस्केको छ," पटुवारी भन्छिन्। त्यसरी अरूकै रिपोर्ट हेरेर उपचार गर्ने डा किरण श्रेष्ठ र कुमार श्रेष्ठसहित वीर अस्पतालविरुद्ध उनले ५२ लाख ४७ हजार ६ सय ४२ रुपैयाँ क्षतिपूर्ति माग गरेकी छन् ।

मेडिकल काउन्सिलले चिकित्सकीय लापरबाही गर्ने चिकित्सकमाथि विभिन्न ढंगले कारबाही गर्न सक्छ। लापरबाही रेकर्डमा राख्ने, सचेत गराउने, कारबाहीका लागि चेतावनी दिने, निलम्बन गर्ने र व्यावसायिक क्षमता नपुगेको देखिएका गम्भीर प्रकृतिका घटनामा सिनियर डाक्टरको सुपरीवेक्षणमा काम गर्न वा दर्ता खारेज गर्न सक्ने व्यवस्था छ । "खराब नियत राखे त सीधै अपराध भइहाल्यो। त्यस्तो नियत नराख्दा पनि गर्नैपर्ने उपचार छुट्यो, लापरबाही भयो वा अर्कै उपचार गरियो भने बिरामीलाई क्षति पुग्छ," काउन्सिलका आचारसंहिता अनुगमन समितिका डा खत्री भन्छन्, "काउन्सिलले चिकित्सकीय दण्डहीनता हुन नदिन प्रयत्न गरिरहेको छ।"

पछिल्लो समय सरकारी तथा अन्तर्राष्ट्रिय सेवामा मात्र होइन, निजी अस्पतालले समेत डाक्टर नियुक्त गर्नुअघि मेडिकल काउन्सिलको रेकर्ड हेर्न थालेका छन्। त्यसले चिकित्सकलाई सचेत भई सेवा दिन प्रेरित गरेको काउन्सिलको दाबी छ। तर क्षतिपूर्तिका लागि दबाब दिन भन्दै अस्पतालमा हुने तोडफोड र चिकित्सकमाथिको हातपातले अनुसन्धानलाई नै कमजोर पार्ने उसको ठम्याइ छ। "पोस्टमार्टम गर्न नमान्ने, ढिलो उजुरी गर्ने, उजुरी नै नदिने र क्षतिपूर्तिमा मात्र बार्गेनिङ गर्ने प्रवृत्तिले अनुसन्धानमा कठिनाइ हुन्छ," डा खत्री भन्छन् ।

नेपाल मेडिकल काउन्सिलले लापरबाहीका उजुरीमा गम्भीरतासाथ छानबिन नगरेको आरोप छ । काउन्सिलका प्रतिवेदन प्राविधिक रूपमा प्रस्ट र मापदण्ड मिचे-नमिचेको खुलाएर दोषी

मनरूपा विक	डा विजय पौडेल, सिनियर कन्सल्ट्यान्ट फिजिसियन एन्ड ग्यास्टोलोजिस्ट चितवन हस्पिटल प्रालि	जिल्ला क्षतिपूर्ति समिति, भरतपुर, चितवन	विभिन्न अनावश्यक परीक्षण र उपचारका कारण रोग थपिएको पीडा भएको र उपचार नगरी रिफर गरी अनावश्यक आर्थिक क्षति पुर्‍याएको	२७,००,०००	०७१ पुसमा दायर
इन्द्रकुमारी राई	डा कृष्ण शर्मा, बीएन्डबी अस्पताल प्रालि, ललितपुर	जिल्ला क्षतिपूर्ति समिति, ललितपुर	झाडापखालाको बिरामी परेकामा अनावश्यक उपचार गरी औषधीको असरका कारण शरीरभर फोका निस्किई पाकी शरीरको सम्पूर्ण छालामा प्रभाव परी मृत्युको अवस्थामा पुर्‍याएको	१,१७,९८,९७०	०७२/३/११ मा दायर
युवराज कार्की	ग्रान्डी इन्टरनेसनल हस्पिटल	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	पत्थरीको अप्रेसन गरेको भनी पत्थर नै ननिकाली डिस्चार्ज गरेको	४,८५,००,०००	०७३ मा दायर
गोपालराज पोखरेल	डा दीपाञ्जली, मेडिकेयर नेसनल हस्पिटल एन्ड रिसर्च सेन्टर, चावहिल	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	कुकुरले हातमा टोकेकामा अस्पतालमा जाँदा उचित उपचार नगरी घाउ टाँका लगाइदिँदा हातको स्नायुमै खराबी हुन पुगेको	५२,२०,२६३	०७३/२/१४ मा दायर
चुडाकुमारी विष्ट	डा सनिज सिंसमेत, ग्रान्डी इन्टरनेसनल हस्पिटल	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	मुटु रोगको उपचारार्थ विशेषज्ञ उपचार सेवाका लागि गएको बिरामीलाई विशेषज्ञ सेवा नै उपलब्ध नगराई बिरामीको मृत्यु भएको	१०,००,००,०००	०७३/८/१० मा दायर
चन्दा पटुवारी	वीर अस्पताल, चिकित्सक डा किरण श्रेष्ठ, डा कुमार श्रेष्ठ	जिल्ला क्षतिपूर्ति समिति, काठमाडौं	अर्कै बिरामीको एक्से रिपोर्टका आधारमा पत्थरीको रोग भएको बिरामीलाई इम्पेमिया थोरासिसको उपचार गरेको	५२,४७,६४२	०७३/९/८ मा दायर
बुटवल क	डा जगदीशलाल वैद्य, बीएन्डबी अस्पताल प्रालि, ललितपुर	जिल्ला क्षतिपूर्ति समिति, ललितपुर	लिंग बढाइदिने आश्वासन दिई गलत उपचार गरी नपुंसक बनाइदिएको	५,०५००,०००	०७४/३/७ मा दायर

गल्ती सच्याउने तरिका

महिनावारी गडबडीले रक्तश्राव भई २२ पुस ०७४ मा नेपालगन्जको भेरी अस्पताल भर्ना भएकी थिइन्, बर्दिया सोरहवाकी रुमा थारु, २२। रक्तश्राव अत्यधिक भएकाले उनलाई थप रगत चढाउनुपर्ने भयो। तर स्वास्थ्यकर्मीले 'ओ' पोजेटिभको सट्टा 'बी' पोजेटिभ रगत चढाइदिए। रगत फरक परेपछि रुमाको मृगौलामा गम्भीर खराबी देखापर्‍यो। स्थिति जटिल भएपछि आईसीयुमा भर्ना गरेर २३ पुसदेखि डायलासिस गर्न थालियो। भेरी अञ्चल अस्पतालको आईसीयुमा भर्ना गरेर ५ पटक मृगौलाको डायलासिस गरेर उपचार गरिएको थियो।

तत्कालै डा पारस श्रेष्ठको टोलीले डायलासिस गर्न थाल्यो। मुख सुन्निने, सहन नसक्ने गरी पेट दुख्नेजस्ता समस्या देखिएपछि भेरी अञ्चल अस्पतालले आफ्नै खर्चमा रुमालाई काठमाडौं ल्याएर उपचार गरायो। उनीसँगै फिजिसियन डा खगेन्द्र शाहसहितको टोली नै आएर ५ माघ ०७४ मा काठमाडौंको वीर अस्पतालमा भर्ना गरायो। वीरमा आईसीयुमा राखेर मृगौला रोग विशेषज्ञ डा अनिल बराल, डा स्वरूप श्रेष्ठ र डा सुशील बरालले उपचार गरे। करिब एक महिना लामो उपचारपछि रुमा १९ माघमा अस्पतालबाट घर फर्किएकी थिइन्।

फर्किएपछि पनि डा कृष्ण आचार्य र शाहले बिरामीको घरै पुगेर फलोअप जाँच गरे। रगतको नमुना ल्याइएको र जाँचपछि स्थितिमा सुधार आएको डा आचार्य बताउँछन्। भन्छन्, "स्वास्थ्यकर्मीको गल्तीले नहुनु भइसक्यो। त्यो त्रुटि सच्याउने योभन्दा राम्रो विकल्प त्यतिबेला हामीले देखेनौं।"

कृष्ण अधिकारी

फरक रगत चढाएर गम्भीर बिरामी भएकी बर्दिया सोरहवाकी रुमा थारुलाई घरमै पुगेर फलोअप उपचार गर्दै भेरी अञ्चल अस्पतालका चिकित्सक

वा निर्दोषी किटानी गरिएको हुनुपर्नेमा अधिकांश उजुरीमा अस्पष्ट प्रतिवेदन दिने गरेको पाइएको छ। चिकित्सकीय लापरबाहीका घटनामा उजुरीकर्तालाई प्रोत्साहित पनि गरिँदैन। डर-त्रास र प्रलोभनमा पारेर गुनासो सल्टाइएका थुप्रै घटना छन्। "अस्पताल र चिकित्सकका अस्वस्थ प्रतिस्पर्धाले बिरामीको तानातान हुने र त्यसैले चिकित्सकीय लापरबाहीका घटना बढाएको देखिन्छ," पीडितका पक्षमा पैरवी गर्दै आएका उपभोक्ता हित संरक्षण मञ्चका अधिवक्ता विष्णु तिमिल्सिना भन्छन्। कम तलब दिएर कमिसन बेसमा चिकित्सक राख्नु नै जथाभावी उपचारको कारक भएको उनी ठान्छन्।

काउन्सिलका रजिस्ट्रार डा दिलीप शर्मा अस्पताल र चिकित्सकले आचारसंहिता पालना गरे लापरबाहीका आरोप खेप्नै नपर्ने बताउँछन्। चिकित्सकीय लापरबाहीका घटना अनुसन्धान जटिल हुने, काउन्सिलकै सदस्य पूर्णकालीन नहुने र विशेषज्ञबाट अनुसन्धान गर्नुपर्ने भएकाले ढिला हुने भए पनि विस्तृत प्रतिवेदनले प्रस्टैसँग गल्ती भए-नभएको निष्कर्ष दिने गरेको उनको टिप्पणी छ। भन्छन्, "काउन्सिलमा उजुरी दिएर अस्पताल र डाक्टरसँग बार्गेनिङ गर्ने प्रवृत्ति पनि मौलाएको छ।" ने

नक्कली बीउको प्रयोगशाला

बाला नलागेको भारतीय गरिमा धानको बीउ पनि नक्कली, सूचीबाट हटाउन सिफारिस

यम बम

हाइब्रिड (वर्णशंकर) जातको गरिमा धान, जसको उत्पादकत्व प्रतिहेक्टर ५.८ देखि ६.३ मेट्रिक टन हुन्छ । १ सय २५ दिनमै पाक्ने दाबी छ । गरिमा कृषि अनुसन्धान परिषद् (नार्क) मा २ याम (सिजन) परीक्षणपछि मन्त्रिपरिषद्को निर्णयबाट ०७२ मै राजपत्रमा प्रकाशित भयो । यसको बीउ स्रोत भारतीय कम्पनी रिनोभा सिड साइन्स इन्डिया प्रालिको उत्पादन हो। तराई र भित्री मधेसमा लगाउने मिल्ने सरकारले नै पञ्जीकरण गरेपछि किसानले महँगो मूल्य तिरेर गरिमा धानको बीउ किने। ०७६ मा ३३ हजार किलोग्राम बीउ बिक्री भएको अनुमान छ । त्यसमा पनि सबैभन्दा बढी चितवनमा ।

यस वर्ष बाला नलागेपछि किसानलाई डुबाउने त्यही धान हो, जसलाई गरिमा भनिएको थियो । तर किसानले लगाएको धानको बीउ गरिमाको नभई नक्कली रहेको ठहर भएको छ । "गरिमा भनिए पनि बाला नलागेको धानको बीउ नक्कली रहेको परीक्षणबाट पुष्टि भएको छ," नार्कका वैज्ञानिक सुशील सुवेदी भन्छन्, "पञ्जीकरण भएको गरिमा र अहिले बाला नलागेको तर गरिमा नै भनिएको धानको बीउको वंशाणुगत गुण र चरित्र नै मिलेन ।"

गरिमाको डीएनए फिंगर परीक्षण गर्दा पनि फरक पाइएको छ । यो वर्ष मध्यदेखि पश्चिम तराईका किसानले गरिमा धान लगाएका थिए । पहिलो चरणमा भित्रिएको बीउ किसानले रोपे । त्यसमा बाला लागे पनि दोस्रोपल्ट बढी मात्रामा आयात भएको बीउ नक्कली भएको पाइएको हो । "दुवै गरिमा नै भनिए पनि डीएनए फिंगर प्रिन्ट नै मिलेन," वैज्ञानिक सुवेदी भन्छन्, "एउटै जात भनेपछि डीएनए फिंगर प्रिन्ट नमिल्ने हुँदैन ।"

नार्कले गरिमा भनिएको धानको बीउ नक्कली रहेको भन्दै ७ कात्तिकमा मात्र कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई प्रतिवेदन बुझाएको छ । सोही प्रतिवेदनका आधारमा कारबाही अगाडि बढ्ने कृषि सचिव युवकध्वज जिसी बताउँछन् ।

बीउको गुणस्तर नियन्त्रणको जिम्मेवारी पाएको निकाय बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख मदन थापा बाला नलागेको धानको बीउ नक्कली रहेको पुष्टि भए पनि कुन जात हो भनेर पत्ता लाग्न नसकेको बताउँछन्। भन्छन्, "योसँगै गरिमा हाइब्रिडलाई पञ्जीकरणबाट हटाउन सरकारलाई सिफारिस गरिएको छ ।"

हुन त, छानबिन समितिले १३ असोजमै सरकारलाई बुझाएको प्रतिवेदनमा भनिएको छ, 'जातीय विशेषता परीक्षणका क्रममा र बाली पाक्ने अवधिको हिसाबले दर्ता भएको गरिमा हाइब्रिडसँग मेल नखाएको तथा दर्ता गरिएको हाइब्रिड जातको धान र स्थलगत निरीक्षण गरिएको गरिमा धानको जातीय विशेषता पनि फरक पाइएको छ ।' ५ असोजमा गठित समितिको नेतृत्व राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रम हर्दिनाथ, धनुषाका धान संयोजक रामवरण यादवले गरेका थिए ।

नक्कली बीउ : पहिलो घटना होइन

पञ्जीकरण गरिएको जातभन्दा फरक बीउ भित्र्याउने क्रम अहिले सुरु भएको होइन । बिग बोस नामक हाइब्रिड मकैको बीउ ०७२ सालमै पञ्जीकरणबाट हटाइएको थियो । कारण थियो, नक्कली बीउ । मकैमा घोगा लागे पनि दाना लागेन ।

०६९ मा पञ्जीकरण भएको बिग बोस नारायणी तटीय क्षेत्र, भित्री मधेस तथा तराईका लागि सिफारिस गरिए पनि दाना नलागेपछि छानबिन भएको थियो। तर पञ्जीकरण भएको बिग बोस भनेर भित्र्याइएको मकैको बीउको वंशाणुगत गुण नै फरक पाइएपछि सरकारले सूचीबाट हटाएको थियो। बिग बोस मकै बीउ भारतको नाथ बायोजिङ इन्डियाले विकास गरेको थियो ।

बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका वरिष्ठ बीउबिजन अधिकृत रमेश हुमागाईंको

रमेशकुमार पौडेल

^ गरिमा भनिएको धानमा बाला नलागेपछि उखेलेर देखाउँदै खरखुट्टे, चितवनका किसान कृष्ण लामा

भनाइमा उन्मोचन (स्वदेशी बीउ) गरिएका वा पञ्जीकरण गरिएका बीउ सूचीबाट हटाउनुपर्ने मुख्यतः दुई कारण छन् । पहिलो- बीउ पञ्जीकरणपछि फरक जातको बीउ भित्र्याउनु हो । दोस्रो- रोगव्याधि लाग्ने क्रम बढ्नु, उत्पादन शक्ति घट्नु रहेको छ । सरकारले धान, मकैलगायतका १ सय १० जातका बीउ सूचीबाट हटाइसकेको छ ।

धानविद् भोलामानसिंह बस्नेतको भनाइमा बीउको परीक्षण दुई सिजन मात्र गरेर त्यसपछि राज्यले वास्ता नगर्दा यसरी नक्कली बीउ भित्रिन सक्ने जोखिम रहन्छ । "हाल दुई सिजन परीक्षण गरेर पञ्जीकरण गर्ने गरिएको छ । बेलाबेला बीउमा समस्या आएको अवधि कमजस्तो भएको छ," उनी भन्छन्, "तीन सिजन परीक्षण गरेर मात्र पञ्जीकरण गर्नु ठीक हुन्छ ।"

चिनियाँ धान 'डी वाई ६९' को बीउ रोपेका भक्तपुरका किसान ०७० मा सडकमै आएका थिए । ७ सय २४ हेक्टर जमिनमा उक्त जातको धान लगाइएकामा बाली भित्र्याउने बेला धानका बाला नलागेपछि अहिलेको गरिमाको जस्तै हालत भएको थियो । यद्यपि उक्त धानको बीउ तराई र भित्री मधेसका लागि पञ्जीकरण गरिए पनि नेपाली बिक्रेता काष्ठमण्डप ट्रेड प्वाइन्टले यतिविघ्न प्रचार गर्‍यो कि किसानले 'डी वाई ६९' लगाए । तत्कालीन कृषि विकास मन्त्रालयबाट गठित कार्यदलले १७ करोड क्षति मूल्यांकन गरेकामा किसानले पाएनन् । कारण थियो, पञ्जीकरण गरिएको क्षेत्रभन्दा बाहिर अर्थात् भक्तपुरमा 'डी वाई ६९' धान लगाउनु ।

बीउबिजन ऐनअनुसार पञ्जीकरण गरिएको बीउ कैफियत अर्थात् उत्पादन नभए आयात कम्पनीले क्षतिपूर्ति दिनुपर्ने हुन्छ । यो वर्ष मात्र श्रेस्ता नामक मकै रोपेका चितवनका किसान ठगिएका थिए । 'सिजन म्याचिङ नभएपछि दाना नलागेको' भन्दै गीतानगरका ४० किसानलाई ३ लाख ९८ हजार क्षतिपूर्ति दिइएको थियो ।

अहिले गरिमा धानको बीउ नक्कली भएको ठहर भएपछि क्षतिपूर्तिको माग उठेको छ । चितवन, खैरेनी नगरपालिका-११ खरखुट्टेका किसान कृष्ण लामाले गत वर्ष १३ कठ्ठा खेतमा गरिमा धान रोपे । यसअघि सावित्री धान लगाउँदै आएका लामाले सुनेका थिए- गरिमा धान राम्रो फल्छ, साना दाना, स्वादिष्ट । बजार भाउ पनि राम्रो । नभन्दै ०७५ मा रोपेको गरिमा धान राम्रो फल्यो र उनले तत्काल सोच बनाइहाले- अर्को वर्ष बाँकी खेतमा पनि त्यही धान रोप्छु । ०७६ मा दुई बिघा खेतमा गरिमा धान रोपे । यस वर्ष खरखुट्टेका २९ किसानले गरिमा धान रोपेका थिए ।

चाँडै पाक्ने र धेरै फल्ने आशमा गरिमा लगाएका किसानको मनोकांक्षामा तुषारापात भयो । कात्तिक सुरु हुँदा पनि धानमा बाला लागेन । लामा भन्छन्, "आलु लगाउन ढिलो भइसक्यो तर धानमा बाला लागेन । त्यसैले नफलेको धानको गाँज काटिदिएँ ।"

थापा सम्बन्धित बीउ आयातकर्ताले यसको क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने बताउँछन् । अहिले जिल्लास्थित कृषि ज्ञान केन्द्रबाट तथ्यांक संकलनको काम भइरहेको छ । सरकारले प्राविधिकको सिफारिसमा मात्रै धान काट्न र बीउ खरिद गरिएको बिल भर्पाइ सुरक्षित राख्न सर्कुलर जारी गरिसकेको छ । आयातकर्ता साउथ इस्ट एसियन सिड कम्पनी प्रालिका प्रमुख देवानजंग चौधरी गरिमा बीउको माग बढिरहेका बेला बाला नलाग्ने घटना भएको र यसबारे कम्पनीसँग सम्पर्कमै रहेको बताउँछन् ।

कृषि तथा पशुपक्षी विकासमन्त्री चक्रपाणि खनालले क्षतिपूर्तिको हकमा मन्त्रिपरिषद्बाट टुंग्याइने बताइसकेका छन् । बीउविज्ञ ननु झा भन्छन्, "बीउ सिफारिस गरेर मात्र हुँदैन । कुन स्रोतबाट आइरहेको छ । गुणस्तरीय छ-छैन भनेर सरकारले हेर्नुपर्छ ।" तर संघमा बीउबिजन गुणस्तर कार्यालयले उजुरीपछि बाहेक बीउको गुणस्तर हेर्दैन भने जिल्लास्थित कृषि ज्ञान केन्द्र किसानकहाँ पुग्दैनन् ।

अवैध बाटो

नेपालमा दुई लाख हेक्टर हाराहारी तरकारी खेती हुन्छ । त्यसका लागि बर्सेनि १८ सय मेट्रिक टन बीउ आवश्यक पर्छ । तर सरकारी तथ्यांक हेर्ने हो भने १ सय ६१ मेट्रिक टन आयात र ३ सय ६ मेट्रिक टन स्वदेशी गरी जम्मा ४ सय ६७ मेट्रिक टन मात्र पुगिरहेको छ ।

नेपाल बीउ व्यवसाय संघको एक अध्ययनले भन्छ- तरकारीको ६७ प्रतिशत बीउ अनौपचारिक अर्थात् अवैध बाटोबाट आउँछ । संघका महासचिव वसन्त मरहठ्ठा भन्छन्, "तरकारीको हाइब्रिड बीउको औसत आयु ५-६ वर्षको हुन्छ तर नेपालमा पञ्जीकरण गर्न नै ३-४ वर्ष लाग्छ । सोही कारण पनि अवैध बाटोबाट आयात भएको देखिन्छ ।" यसले अनधिकृत रूपमा आयातीत बीउले उत्पादन, मानव स्वास्थ्यमा कस्तो असर परिरहेको छ भनेर राज्यले सोच्नुपर्ने उनी बताउँछन् ।

हुन त, अन्नबालीसहित नेपालमा वार्षिक रूपमा चाहिने ३१ हजार मेट्रिक टन बीउमध्ये ३ हजार मेट्रिक टन हाराहारी आयात हुन्छ । तर त्यसमध्ये पनि अवैध बाटोबाट कति आउँछ, यकिन छैन । धानमा बाला नलाग्दा वा मकैको घोगामा दाना नलाग्दा ठूलो समस्याका रूपमा देखिन्छ । तरकारीमा हरेक वर्ष यस्तो समस्या आउने गरे पनि 'एग्रोभेट' हरूले गाउँघरमै क्षतिपूर्ति दिएर मिलाउने गरेको पाइएको बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका अधिकारी नै स्वीकार्छन् । नेपालमा भारत, चीन, थाइल्यान्ड, जापान, अमेरिकालगायत मुलुकबाट बीउ आयात हुन्छ । त्यसमा भारतीय बीउको ८५ प्रतिशत हिस्सा छ । नेपालमा धानका १ सय १६ र मकैका ९३ जातका बीउ उन्मोचन तथा पञ्जीकरण छन् । ने

रविन्द्र

अपराधको आडमा चलेको एउटा ‘छुट्टै राज्य’

१२ वर्ष पुरानो रौतहट बमकाण्डको फाइल खुलेपछि पूर्वमन्त्री आफताव आलमका शृंखलाबद्ध कर्तुतको खुलासा

मनबहादुर बस्नेत/फरहदवा (गौर)

उनले मेरो परिचयपत्र मागे। तर आफ्नो परिचय दिनुपरे कुरै नगर्ने अड्डी लिए।

परिचयपत्र देखाउनैपर्ने स्थिति आइलाग्यो। तर त्यति गरिसक्दा पनि उनी ढुक्क बनेनन्। सुरक्षाकर्मीले झैं मेरो शरीर खानतलासी लिए। आफ्नो आवाज कुनै गोप्य चीजले रेकर्ड पो गर्दै छ कि भनेर जाँच गरे।

त्यसपछि वरिपरि हेरे। मेरो काननेर मुख जोत्दै भोजपुरी भाषामा फुसफुसाए, “सोले फिल्म हेर्नुभएको छ ?”

‘छु’ को जवाफ पाएपछि उनको वाक्य फुट्यो, “सोच्नुस् भोलि जेल (हिरासत) बाट छुटेर गाउँमा गब्बरसिंह आउँदै छ। अनि हाम्रो हालत के होला ? आफैं बुझ्नुस्।”

आधा घन्टा बात मार्दा अन्त्यमा परिचय खोलेका तर छाप्न मनाही गरेका यिनले १२ वर्ष पुरानो फरहदवा बम विस्फोट काण्डबारे बोलेका शब्द यत्ति हुन्। गब्बरसिंह विम्ब पाउने मानिस हुन्, सोही क्षेत्रका बासिन्दा एवं पूर्वमन्त्री मोहम्मद आफताव आलम, जसलाई यो घटनाको मुख्य योजनाकार मानिएको छ।

कात्तिक पहिलो साता रौतहटको राजपुर-फरहदवा क्षेत्रमा पुग्दा कोही पनि निर्धक्क बोल्न मान्दैनथे। बम विस्फोटपछि घाइतेलाई जिउँदै इँटाभट्टामा हालेर मारेको घटनाको सबुत नष्ट पारेको अभियोगमा आफताव जिल्ला प्रहरी कार्यालय रौतहटको हिरासतमा छन्। उक्त विस्फोटमा त्रिलोकप्रताप सिंह र ओसी अख्तर मारिएको जाहेरी प्रहरीमा दर्ता छ। तर स्थानीयका अनुसार अन्य भारतीय पनि मारिएका थिए। यद्यपि आफताव पक्राउ परेको दुई साता बितिसक्दा पनि मृतक भनिएका परिवार कोही पनि सम्पर्कमा आएका छैनन्।

सदरमुकाम गौरदेखि १० किलोमिटर पश्चिम-उत्तर क्षेत्र राजपुरमा चैन छैन, गब्बरसिंह शैलीमा आएर बस्तीमा ध्वंस मच्चाउने हो कि भनेर। चैन त सदरमुकामस्थित प्रहरीलाई पनि छैन। पक्राउलगत्तै राजपुरको प्रहरी कार्यालयमा सुरक्षा बल थपिएको छ भने ६ कात्तिकमा प्रदेश प्रहरी कार्यालयबाट गौरमा दंगा नियन्त्रण गर्ने सय जनाको मद्दती फौज आएको छ।

जे भने पनि बुरुक्क उफ्रिन्छ। कागजमा ल्याप्चे लगाउनुपर्ने। मान्दैन। जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखाका एक प्रहरीले मिसिल तयार गर्दाको हैरानी पोख्न नपाउँदै छेउमै रहेका प्रहरी नायब उपरीक्षक (डीएसपी) नवीन कार्की हौसिए, “अहिल्यै हिरासतबाट यहाँ ल्याएर ल्याप्चे लगाउन भन।” प्रहरीसँग गरेको बयानमा औँठाछाप लगाउनै मानेका रहेनछन्, उनले। घटनामा आफ्नो संलग्नताबारे इन्कारी बयान दिएका आफतावले औँठाछापसमेत लगाउन इन्कार गरिदिएछन्। त्यसपछि प्रहरीले जिल्ला निर्वाचन कार्यालयलाई आफतावको औँठाछाप उपलब्ध गराइदिन पत्र काट्यो। मतदाता परिचयपत्र बनाउँदा निर्वाचन कार्यालयमा औँठाछापको अभिलेख हुन्छ। तर निर्वाचन कार्यालयले सहयोग गरेन। संघीय संसद्बाटै भए पनि आफतावको औँठाछाप झिकाउने प्रहरीको तयारी छ।

जपुर फरहदवा क्षेत्रमा लामो समयदेखि आफ्नो दबदबा राख्न सफल आफताव आलम आखिर २६ असोजमा प्रहरीद्वारा समातिए। उनी समातिएपछि नै हो, आफताव परिवारले कसरी आफ्ना राजनीतिक अभीष्ट राज्य संयन्त्रको आडमा जोगाइरहेको रहेछ भन्ने सतहमा देखिएको। यो क्षेत्रमा त तीन दशकदेखि आफताव परिवारको राज चलिरहेको थियो।

शेख इद्रिस-राज

रौतहट सदरमुकाम गौरदेखि चन्द्रनिगाहपुर सडक खण्डको ५ किलोमिटर कटेपछि देब्रेपट्टि सिमेन्टले ढलान गरिएको गेट देखिन्छ। गेटमा लेखिएको छ, ‘स्व शेख इद्रिस, भूतपूर्वमन्त्री, पिप्राभगवानपुर प्रवेशद्वार, क्षेत्र नम्बर-२।’

अब इद्रिसको इलाकामा पसियो।

पञ्चायतकालदेखिकै ‘बडा नाम’ हो, शेख इद्रिस। मुस्लिम समुदायबाट माथिल्लो ओहोदामा पुग्ने थोरै पात्रमध्येका एक। यिनै इद्रिसद्वारा राजनीतिक रूपमा पोषित व्यक्ति हुन्, राजपुर बमकाण्डका अभियुक्त आफताव।

आरोपित आफताव इद्रिसका जेठा दाइ शेख सदिकका जेठै सन्तान हुन् । इद्रिसका साक्खै भतिजा । शेख परिवारले प्रजातन्त्र पुनरोदयसँगै राजपुर क्षेत्रमा तीन दशकदेखि अनवरत रजगज चलाइरहेको छ । शेख परिवारको रजगजको प्रकट अनुहार मात्रै हो, आफताव ।

राणाकालदेखिकै जमिनदार हो, शेख परिवार । इद्रिसका बुबा अर्थात् आफतावका हजुरबुबा शेख लियाकत फरहदवा क्षेत्रका जमिनदार थिए । जमिनमाथिको पकड त्यसबेलाको बलियो पुँजी थियो । शक्तिको स्रोत थियो । त्यही पुँजीले लियाकत परिवारलाई प्रभावशाली बनायो । लियाकतका कान्छा छोरा शेख जर्नेल पञ्चायतकालमा लामो समय राजपुर फरहदवाको प्रधानपञ्च चुनिएका थिए । माइला छोरा इद्रिस भने नेपाली कांग्रेसको राजनीतिमा जोडिए ।

फरहदवाको लडाइँ

बम बनाउँदा-बनाउँदै विस्फोट भएर ओसी अख्तर र त्रिलोकसिंह राजपुत घाइते भएका थिए भन्ने विश्वास धेरैको छ । तर पोल खुल्ने डरले उनीहरूलाई पछि मारिएको प्रहरीको समेत निष्कर्ष छ । भारतीय बम बनाउन आएको भनिए पनि ती कति संख्यामा थिए र कति मारिए भन्ने खुलेको छैन । सुरुमा त ओसी अख्तर र सिंहको परिवारलाई प्रहरीमा जाहेरी दर्ता गर्नै रोकिएको थियो । हुलाकमार्फत जाहेरी दर्ता भएको थियो, बार एसोसिएसनको सहयोगमा ।

०६५ असारमा पक्राउ पुर्जी जारी त भयो तर सरकारी वकिलको कार्यालयले मुद्दा नचल्ने निर्णय गरिदियो । पीडित पक्ष फेरि महान्यायाधिवक्ताको कार्यालय पुग्यो । ०६५ मा महान्यायाधिवक्ताको कार्यालयले समेत जिल्लाकै निर्णय सदर गरिदियो । त्यतिबेला महान्यायाधिवक्ता थिए, यज्ञमूर्ति बञ्जाडे । ०६९ मा भने सर्वोच्च अदालतले महान्यायाधिवक्ताको कार्यालयको निर्णय खारेज गर्दै थप अनुसन्धान गर्न आदेश दियो । तर फैसला कार्यान्वयन गर्न अर्को ६ वर्ष पर्खनुपर्‍यो । अन्ततः कात्तिकमा प्रहरीको अनुसन्धानमा तानिए, आलम ।

सुरुमा इद्रिस टंकप्रसाद आचार्य नेतृत्वको प्रजा परिषद् हुँदै कांग्रेस प्रवेश गरेका थिए । १०-११ असोज २००७ मा भारतको बैरगनियामा आयोजित कांग्रेस सम्मेलनताका सबैजसो नेता इद्रिसकै घरमा बसेको रौतहट प्रहरी प्रमुख एसपी भूपेन्द्र खत्री सुनाउँछन् । सम्पन्न शेख परिवारले पञ्चायतविरुद्धको क्रान्तिमा भरथेग गर्‍यो । पार्टीलाई आर्थिकदेखि विभिन्न सहायता दिलाइरहन्थ्यो । यो सम्मेलनलाई कांग्रेसको मात्र होइन, नेपालको राजनीतिक इतिहासमै महत्त्वपूर्ण परिघटना मानिन्छ किनभने यही सम्मेलनमा राणाशाहीविरुद्ध शान्तिपूर्ण नभई सशस्त्र आन्दोलन गर्ने, त्यसका लागि बर्माबाट हतियार मगाउने निर्णय भएको थियो ।

रौतहट कांग्रेसका पुराना नेता बिन्दा सहनीका अनुसार ०३९ मा शेख इद्रिसकै घरमा कांग्रेसले ९ दिने प्रशिक्षण चलायो । त्यसबेला गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सीके प्रसाईं, वासु रिसाललगायत सबै नेता उपस्थित थिए । बलियो गुप्तचरी सञ्जाल भएको मानिने पञ्चायतमा समेत यति लामो समय नेपालकै गाउँमा कांग्रेसले प्रशिक्षण चलाउन सकेपछि इद्रिसप्रति कांग्रेस नेतृत्व अझै प्रभावित भएको सहनी सुनाउँछन् । फलस्वरूप तराईमा इद्रिस कांग्रेसको बलिया नेताका रूपमा स्थापित भए ।

प्रशिक्षण कार्यक्रमकै बीचमा कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) रौतहटको प्रथम महाधिवेशन भयो । नेविसंघका सभापति जयमुन्दर यादव गणतन्त्रवादी रामराजाप्रसाद सिंहको पार्टीमा लागेको गाइँगुइँ सुनिएकाले नयाँ नेतृत्व खोज्न अपर्झट महाधिवेशन गर्नु परेको थियो । "यस्तो कुराले मलाई पनि कसलाई जिम्मा लगाइदिने भन्ने भइरहेको थियो," सहनी भन्छन्, "अनि हतारहतार आफतावलाई सभापति बनाइयो ।" आफताव त्यसबेला नजिकै भारत सीतामढीको कलेजमा पढ्दै थिए ।

कृष्णप्रसाद भट्टराईले इद्रिसलाई रुचाउँथे । आफतावलाई राजकुमारसमेत भन्थे, त्यसबेला । ०४२ को सत्याग्रहताका गौरमा विद्यार्थीको ठूलो प्रदर्शनी भएको थियो । गौर, खेचरिया, धरहरीलगायतका विद्यालयबाट विद्यार्थी आएका थिए । शेख इद्रिसले गौर सत्याग्रहमा सहभागी विद्यार्थीको नेतृत्व आफताव र समीम अख्तरले गरेको भनेर पार्टी नेतृत्वसमक्ष रिपोर्ट दिए । समीम इद्रिसका भाइका छोरा हुन् । तर राजपुरबाट एक जना पनि विद्यार्थी प्रदर्शनमा

अंगद ढकाल

^ राजपुर, फरहदवा क्षेत्रको प्रवेशद्वार

^ घटनास्थल पुगेका मानव अधिकारकर्मीसँग स्थानीय

एसिड आक्रमणका सिकार देवा पटेल

नआएको सहनी सम्झन्छन् । भन्छन्, "यसरी आफतावलाई पार्टीभित्र प्रवर्द्धन गर्न थालियो ।"

संकटमोचनस्वरूप नेविसंघको जिल्ला सभापति बनेका आफताव ०४७ मा नारायणी अञ्चलको उपसभापति बने । ०४६ को आन्दोलनमा सक्रिय भएपछि आफतावलाई इद्रिसले आफ्नो उत्तराधिकारी बनाउने गरी अघि बढाएको सहनीको कथन छ । इद्रिसका एक मात्र छोरा थिए, जफिर । जफिर सानैदेखि रोगी हुँदा राजनीतिक जीवनमा सक्रिय भएनन् । खुद छोराले आफ्नो बिँडो थाम्न नसक्ने देखेपछि इद्रिसले भतिजालाई पारिवारिक विरासत धान्ने व्यक्तिका रूपमा अगाडि सारे ।

इद्रिसबारे कतिपय मानिसबीच सफा छवि निर्माण भएको देखिन्छ । तर बाहिर भलाद्मी देखिए पनि इद्रिस मारमुंग्रीको राजनीतिभन्दा टाढा थिएनन् । प्रजातन्त्र पुनः स्थापनापछिको पहिलो संसदीय चुनावको प्रचारप्रसारमा राजपुरमा इद्रिस समर्थक चाँद अलीले गोली चलाउँदा एक जनाको मृत्यु भएको थियो । त्यही मुद्दामा अली ६ महिना जेल बसेका थिए ।

त्यसबेला इद्रिसका प्रतिद्वन्द्वी नेकपा (प्रजातन्त्रवादी) का विष्णुबहादुर मानन्धर थिए । बुबाको चुनावी गतिविधिमा सघाउन त्यतिबेला रौतहटमै रहेका विष्णुबहादुरका छोरा सुनील मानन्धर (हाल नेकपा केन्द्रीय सदस्य) का अनुसार इद्रिस पक्षले १० वटा बुथ कब्जा गरेको थियो । "बुथस्थलमा हाम्रा प्रतिनिधि बस्नै नसक्ने अवस्था भएपछि बुबाले चुनाव हार्नुभयो," उनी सम्झन्छन् । ज्ञात रहोस्, इद्रिस उक्त चुनावमा देशभरबाटै सहाना प्रधानपछि दोस्रो बढी सर्वाधिक मत ल्याउने व्यक्ति थिए । त्यसपछि त मानन्धरले क्षेत्र नै परिवर्तन गरेर ०५१ मा क्षेत्र नम्बर-३ बाट चुनाव लडे । "इद्रिस परिवारको पहिल्यैदेखिको दबदबा हो, त्यहाँ । भारतदेखि आपराधिक समूहका व्यक्ति ल्याउने र स्थानीयलाई तर्साउने त्यसबेलादेखिकै प्रवृत्ति हो," मानन्धर भन्छन्, "आफताव त्यो प्रवृत्तिको क्लाइमेक्स मात्र हुन् ।"

आलमकालमा अपराधै अपराध

११ मंसिर ०५३ मा इद्रिसको मृत्यु भएपछिको उपनिर्वाचनमा आफतावले टिकट पाए र जिते । त्यसको ठ्याक्कै एक वर्षपछि ०५४ मा आफताव श्रम सहायकमन्त्री बने । त्यसपछि गठित मन्त्रिपरिषद्मा उनी नबिराई मन्त्री बनिरहे, ०५७ सम्म । ०५६ को प्रतिनिधिसभा चुनाव हुँदा उनी राज्यमन्त्री थिए । चुनाव जितेपछि उनले राजपुरमा बन्दुकसहितको विजय जुलुस निकालेका थिए । १२ बोर बन्दुकसहित निकालिएको त्यो जुलुसमा अचानक गोली पड्कँदा उनकै समर्थक शेख ओसी मोहम्मदको मृत्यु भएको थियो । तर आफताव पक्षले विपक्षीले गोली चलाएको भन्दै एमाले समर्थकको घर तोडफोड गरिदियो । प्रहरीले केही एमाले कार्यकर्तालाई पक्राउ पनि गरेको थियो । पछि भारतबाट अपराधी आएर गोली चलाएको भन्दै प्रहरी प्रशासनले मध्यमार्गी बाटो अपनाएर अनौपचारिक सम्झौता गराइदियो ।

०५६ चैतमै वनराज्यमन्त्री छँदा आफताव अपहरण काण्डमा संलग्न भएका थिए । रौतहट जिल्ला विकास समिति (जिविस) सदस्य जयप्रकाश कौशललाई आफतावका भाइ मोहम्मद मेहताब आलमसहितको समूहले जिविस हाताबाटै लगेको थियो । त्यसपछि आफतावका काका शेख जर्नेलको घरमा उँधो मुन्टो पारेर झुन्ड्याएर यातना दिएको र प्रहरीले अपहरणमुक्त बनाए पनि कारबाही नगरेको पुनरावेदन अदालतका न्यायाधीश गोविन्दप्रसाद पराजुली नेतृत्वको न्यायिक जाँचबुझ आयोगले निष्कर्ष निकालेको थियो । अपहरणमा जिल्ला वन कार्यालय पर्साको गाडी प्रयोग भएको थियो भने रौतहटका तत्कालीन प्रहरी प्रमुख मदन खड्काले आफूले कौशल अपहरणको खबर राज्यमन्त्री आफतावबाटै पाएको र प्रहरी पठाएर उद्धार गरेको अयोगसमक्ष बयान दिएका थिए ।

१४ वैशाख ०७१ मा राजपुरमा एक महिला बलात्कृत भइन् । प्रहरीले राजपुरकै शेख मुजरिया आलम र सफरुल्लाह खाँलाई पक्राउ गर्‍यो । जबकि खाँ घटना भएको दिन राजपुर प्रहरी कार्यालयको हिरासतमा थिए, अर्कै छुट्टै घटनाको अनुसन्धानका लागि । *नेपाल*लाई प्राप्त कागजातमा सफरुल्लाह खाँलाई १५ वैशाखमा मात्र छाडिएको देखिन्छ । बुझ्नुपर्ने कुरा के छ भने ०७० को चुनावमा खाँले आफतावलाई सहयोग गरेका थिएनन् । सोही कारण खाँलाई अनाहकमा फसाइएको स्थानीय सुनाउँछन् ।

भाइ पनि उस्तै

१८ असार ०६० सम्म देवा पटेल (हरदेव पटेल) अरूभैँ छ्यांग आँखा देख्थे । तर १९ असारमा उनका आँखा झ्याप्प बन्द भए । युद्धरत माओवादी कार्यकर्ता पटेल त्यसबेला युद्धविराम भएकाले खुला थिए । राजपुर भेडियाहीका पटेल त्यस दिन पिप्राभगवानपुरदेखि राजपुर फर्कंदै थिए । राजपुर प्रहरी कार्यालयका असई जागेश्वर ठाकुरसँग राजपुर बजारमा भनाभन हुँदै ठेलमठेल भयो । त्यहीँ थिए, मेहताव । त्यही बेला असईले पटेलको दुवै हात समाते । नजिकैका मेहतावले पटेलका आँखामा एसिड छ्यापिदिए । "युद्धविरामका बेला पटक-पटक ठाकुरसँग भेट्ने, गफ गर्ने हुन्थ्यो," पटेल भन्छन्, "तर त्यस दिन उनले मसँग बिनाकारण निहुँ खोजे ।" त्यसपछि उनले केही देखेनन् । देब्रे आँखा एसिडले छ्याप्पै भिज्यो । दाहिनेमा अलि कम लाग्यो । कम लागेको आँखामा थुक लगाएर बचाउन खोजे तर सकेनन् । अहिले उनले दाहिने आँखा धमिलो देख्छन् भने देब्रे कामै नलाग्ने भयो ।

युद्धविरामका बेला समातिएका पटेललाई हातहतियार तथा खरखजाना मुद्दा लगाएर साढे दुई वर्ष जेल हालियो । त्यसमा प्रशासनले समेत साथ दिएको थियो । मेहतावले आफूमाथि किन एसिड छ्यापे भन्ने उनले अहिलेसम्म बुझेका छैनन् । तर पटेलको अनुमानमा ०५६ मा आलम परिवारको घरमा डकैती र आगजनी भएको थियो । माओवादीले उक्त घटना घटाएको आशंकामा मेहतावले आफूमाथि प्रतिशोध साँधेको हुन सक्ने पटेलको अनुमान छ । जबकि उनी घटनाको दुई वर्षपछि ०५८ मा माओवादीमा आबद्ध भएका थिए ।

एउटा आँखा गुमाएका र एउटा मुस्किलले मात्र देख्ने भएपछि उनी अहिले काम गर्न सक्दैनन् । कारण, धुलो संक्रमित भएर आँखा बल्झिहाल्छ । ५ सन्तानका पिता पटेल परिवार अहिले नाजुक हालतमा जीवन गुजार्न बाध्य छ । "साथीहरूले पेटी ठेकेदार बनाएका छन् । फिल्डमा नगई अलिअलि काम गर्छु । धुलोले काम गर्नै सक्दिनँ," उनी भन्छन्, "साथीहरूले माया गर्न छाडेपछि मेरो परिवारको विचल्ली हुनेछ ।"

०५९ मा रौतहटबाट एसएलसी परीक्षामा उत्तीर्ण प्रतिशत ६८ प्रतिशत थियो । ०६० मा एकाएक १९ प्रतिशतमा झऱ्यो । अर्को वर्ष त १४ प्रतिशत मात्रै पास भए । चिट चोर्न नपाएपछि एकाएक जिल्लाको एसएलसी नतिजा खस्किनु स्वाभाविकै थियो । "कहीँ पास हुन नसके रौतहट जानू, पास होइन्छ भनेर त्यसबेला यो जिल्ला बदनाम थियो," ०६० देखि ०६२ सम्म रौतहट प्रहरी प्रमुख बनेका पूर्वडीआईजी केशबहादुर शाही भन्छन् । शाहीले परीक्षालाई मर्यादित तुल्याउन खोजेपछि राजनीतिक पार्टीमा संलग्न शिक्षकले विरोध गरेका थिए । त्यसमा आफतावका भाइ अस्थायी शिक्षक मेहताव छुट्ने कुरै थिएन ।

यो कस्तो संयोग

फरहदवा बमकाण्ड हुँदा नेपाल प्रहरीका एसपी लक्ष्मण नेउपाने र सशस्त्र प्रहरीका रामकृष्ण लामा रौतहट प्रमुख थिए । आफताव जोडिएको घटनालाई दबाउन यी दुई प्रहरी अधिकृतले सहयोग गरेको अनुसन्धानबाट खुलिसकेको छ । लामा त बम पड्कँदा घटनास्थलमा आफतावसँगै रहेको खुलेको छ । बम विस्फोटपछि आत्तिएका लामाले नै आफतावलाई प्रमाण सखाप पार्ने जुक्ति दिएको तथ्य प्रहरीले फेला पारेको छ ।

नेउपाने ०७२ भदौ ७ को टीकापुर प्रदर्शनमा हिंसा भड्किँदा त्यहीँ मारिन पुगे । सशस्त्रका लामालाई मुखको क्यान्सर लागेको छ ।

ओसी अख्तर र त्रिलोक सिंहको मृत्यु राजपुरमा भएको स्थानीय सरकारबाट जारी मृत्यु प्रमाणपत्र (बायाँ) र बलात्कार घटना हुँदाको बखत सफरुल्लाह खाँ प्रहरी हिरासतमा रहेको कागजात (दायाँ)



शिव पुरी

^ १४ जनाको हत्या आरोप लागेका मोहम्मद आफताव आलम रौतहट जिल्ला अदालत परिसरमा, ८ कात्तिक

प्रहरीका लागि ट्रायल केस

भनिन्छ, १२ वर्षपछि खोलो पनि फर्किन्छ । सोही उक्तिसँग मेल खाने गरी आफताव आलम १२ वर्ष पुरानो घटना पुनः जीवित हुँदै पक्राउ परे । तर प्रहरीका निम्ति यो यस्तो घटना हो, जुन उसकै लागि ट्रायल भन्न सकिन्छ । कारण, यसमा सिन अफ क्राइमका दसीप्रमाण जोगिएका त छैनन् नै, प्रमाणहरू उल्टो भेला पारिएको थियो । विस्फोट स्थलमा रहेका सबैलाई ईंटाभट्टामा हालेर खरानी पारिएको आशंका छ । जिउँदै मानिस पोलिएको खरानीसमेत अर्कै ईंटाभट्टाको राखिएको अनुसन्धानबाट खुलेको थियो । यसले प्रहरीलाई प्रमाण जुटाउने चुनौती ठूलो छ । "यो घटना नेपाल प्रहरीको अपराध अनुसन्धानको इतिहासमै ट्रायल हुनेछ," पूर्व प्रहरी निरीक्षक दीपेन्द्र अधिकारी भन्छन्, "किनभने एक त पुरानो घटना । त्यसमाथि प्रहरीले नै प्रमाण नष्ट गरेकाले त्यसबेलाका सुरक्षित दसी केही पनि छैन । यसलाई स्थापित गर्न सकिए हाम्रो प्रहरीको क्षमता विश्वकै लागि उदाहरणीय हुनेछ ।"

यो घटनासँग झन्डै मेल खाने मामिला प्रहरीले यसअघि टुंग्याएको थियो, काठमाडौँको रानीबारी हत्याकाण्ड । तर उक्त घटना र यसमा फरक के छ भने त्यसबेला घटनास्थलमा भेटिएका दसी सुरक्षित थिए । भलै, प्रहरीले 'ह्युमन इन्टेलिजेन्स' बाटै अनुसन्धान टुंगोमा पुर्‍याएको थियो । "यसमा भने मुचुल्का नै उल्टो उठाइएकाले प्रहरीका लागि नयाँ हुनेछ," रानीबारी हत्याकाण्डको अनुसन्धान टुंगोमा पुर्‍याउने टोलीका एक सदस्यसमेत रहेका अधिकारी भन्छन् ।

एसएलसी परीक्षामा मात्र होइन, स्थायी शिक्षकका लागि भएको आन्तरिक खुला परीक्षामा समेत उस्तै दुर्गति थियो । ३ असार ०६२ मा शिक्षक सेवा आयोगले लिएको परीक्षामा मेहतावको नाममा अर्कै शिक्षकले जाँच दिएको प्रहरीले फेला पार्‍यो । गौरको जुद्ध माविमा भएको परीक्षामा आलमको बदलामा हरेन्द्रप्रसाद यादवले जाँच दिइरहेका थिए । फरार मेहतावलाई प्रहरीले २१ असारमा समातेर सरकारी कागजात कीर्ते गरेको अभियोगमा मुद्दा चलायो । १० दिन हिरासत बसेका उनी धरौटीमा छुटे । त्यसको दुई वर्षपछि जिल्ला अदालत रौतहटले १५ दिन कैद र ५ सय रुपैयाँ जरिवानाको फैसला सुनायो । १० दिन हिरासतमा रहे पनि अझै ५ दिन जेल बस्न बाँकी नै छ ।

अहिले पनि मेहताव अस्थायी शिक्षक छन् । पढाउनभन्दा राजनीतिमा बढी सक्रिय छन् । "उनी आफू पढाउँदैनथे । खेताला शिक्षक राख्थे," शाही सम्झन्छन्, "मैले शिक्षकहरूले खेताला लगाएको यहीँ सुनेको हुँ ।" तराईमा खेताला शिक्षकलाई तलबको निश्चित हिस्सा दिइन्छ र दरबन्दीवाला शिक्षक भने पढाउँदैनन् । राजपुर नगरपालिकाका मेयर शेख सकिल पनि मेयर हुनुअघि अस्थायी शिक्षक थिए । उनले पनि खेताला शिक्षक राखेका थिए । बम विस्फोट घटनामै जोडिएका मेहताव फरार छन् । मेहतावले आफताव पक्राउको विरोधमा भारतबाटै नेपालका मुस्लिम समुदायलाई उचाल्न खोजेको सूचना प्रहरीले पाएको छ ।

मधेसको महामारी

१२ वर्षअघि आफतावको गोठमा पहिलो संविधानसभा चुनावको अघिल्लो दिन बम विस्फोट भएको थियो । आफताव निवास परिसरमै घरेलु बम बनाइँदै गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । आफतावका अंगरक्षक शेख सारजले सल्काएको चुरोट खस्दा विस्फोट भएको थियो । भोलिपल्टको चुनावमा ती बम पड्काएर बुथ कब्जा गर्ने आफतावको योजना हुन सक्ने प्रहरीको अनुमान छ ।

तराई क्षेत्रलाई जसले बुथ कब्जा गर्न सक्छ, उसैले चुनाव जित्ने महामारीले गाँजेको छ । प्रहरी र स्थानीय प्रशासनसँगको मिलेमतोमा यस्तो हुने गर्छ । आफतावराजकै कुरा गर्ने हो भने पनि उनका प्रायः सबै गतिविधिलाई प्रहरी र स्थानीय प्रशासनले प्रत्यक्ष-अप्रत्यक्ष भरथेग गरिदिए । प्रहरीको समेत शक्तिमा रहेका नेताहरूको गलत काम रोक्ने ल्याकत हुँदैन । प्रहरी संगठनको वृत्ति विकास, सरुवा, बढुवामा राजनीति हावी हुँदा प्रहरी अधिकारीको कार्यदक्षता क्षीण हुँदै गइरहेको हुन्छ । "तराईमा जो पीडक हो, उसैलाई सहयोग गर्नुपर्‍यो भन्दै नेताहरू बोकेर आउँछन्," पूर्वडीआईजी शाहीको अनुभव छ, "त्यस्तो बेला प्रहरी र स्थानीय प्रशासनले रोक्न सक्नुपर्छ, जुन हामीले अपवादबाहेक सकेनौँ ।"

बहुदलकालमै कपिलवस्तुबाट मिर्जा दिलसाद वेगजस्ता आपराधिक पृष्ठभूमिकाहरू सांसद चुनिए, त्रासकै आडमा । सर्लाहीबाट चुनिएका उदन्ड स्वभावका खोभारी राय राज्यमन्त्रीसमेत बने । गणतन्त्र स्थापनापछि रौतहटकै बब्बन सिंह नेता बनेर उदाए । पुराना कांग्रेस नेता बिन्दा सहनी छिमेकी बिहारको दुष्प्रभाव नेपालको सीमावर्ती जिल्लामा नराम्ररी सल्किएको बताउँछन् । "हामीले भारतमै बसेर नेपालमा प्रजातन्त्र स्थापना र पुनः स्थापना दुवै गर्‍यौँ । तर उतैबाट मारमुंग्रीको राजनीति पनि भित्र्यायौँ," उनी भन्छन्, "मधेस त्रासैत्रासमा बाँचिरहेको छ ।"

महात्मा गान्धीको उक्ति छ, गलत साधनले असल साध्यको प्राप्ति असम्भव छ । मधेसले अब गलत साधन अर्थात् आफताव प्रवृत्तिबाट मुक्ति पाए मात्रै यहाँको राजनीति सङ्लिनेछ । "आफ्तावहरूले दण्ड पाए मधेसको राजनीतिक प्रवृत्तिमा ठूलो परिवर्तन हुने र गर्ने सन्देश जानेछ," पूर्वडीआईजी शाही भन्छन् । ने

शान्ति र हिंसाको भाष्य

भास्कर गौतम

'व्यवस्था फेरियो तर शासकीय चरित्र फेरिएन' भन्ने भाष्यले बलियोसँग राज गरेको छ, अचेल। यस्तो मान्यता राख्नेहरूमा पूर्वराजावादीदेखि पूर्वक्रान्तिकारीसम्म पर्छन्। लोकतान्त्रिक समाजवादीदेखि आमूल परिवर्तनकारीसम्म। पुराना दलबाट परिवर्तन खोज्नेदेखि नयाँ दल खोलेर विकल्प दिनेहरूसम्म। शान्तिपूर्ण राजनीतिको बालसुलभ कामना गर्नेदेखि हिंसात्मक राजनीतिको अन्त्यका लागि निरन्तर क्रियाशीलसम्म। तर राजनीतिको चरित्र नफेरिनुको जडबारे कमै विश्लेषण सार्वजनिक वृत्तमा उपलब्ध छन्।

समाजमा व्याप्त हिंसाकै चर्चा गरौँ। हिंसाको अभ्यास सर्वत्र छ। भौतिक रूपमा हिंसा प्रत्यक्ष नभएको अवस्थामा समेत त्यसको भयले राज गरेको छ। यसका आयाम पनि अनेक छन्। हिंस्रक रूपमा हुने प्रकृति दोहनदेखि डोजर आतंकसम्म। अपराधीको संरक्षणदेखि राजनीतिकर्मीको आपराधिक गतिविधिमा सक्रिय संलग्नतासम्म। मानव तस्करीदेखि बलात्कारसम्म। हिंसा सर्वत्र छ। हिंसाको थुत्थुरे विरोध गर्नेहरू नै हिंसात्मक कार्यमा अभ्यस्त छन्।

पछिल्लो समय सतहमा आएका केही घटनालाई देखाएर मात्र राजनीतिमा मौलाएको आपराधिक मनोदशालाई ठम्याउन गाह्रो हुन्छ। चाहे त्यो मानव हत्या होस् वा बलात्कार। समाजमा व्याप्त हिंसात्मक अभ्यासका जड के-के हुन्, त्यसबारे सहजै भेउ पाउन कठिन छ। हिंसामा निहित आर्थिक-राजनीतिक प्रकृति र त्योसँग जेलिएको खास किसिमको स्वीकारोक्तिलाई नबुझे हिंसालाई जरैदेखि निदान गर्ने उपाय कमजोर ठहरिन्छन्। केवल 'व्यवस्था फेरियो तर शासकीय चरित्र फेरिएन' भनिरहने अवस्थामा भासिने खतरा रहिरहन्छ। अहिले यही भइरहेको छ।

शान्तिपूर्ण समाज निर्माण गर्न हिंसाको जड ठम्याउन अपरिहार्य छ। त्यसका लागि विगततर्फ फर्कनुपर्छ। प्रजातान्त्रिक कालमा माओवादी सशस्त्र संघर्ष किन मौलायो भनेर कसैले वर्चस्वशालीलाई सोधे आज पनि उनीहरूसँग चित्तबुझ्दो उत्तर छैन। एकछिनलाई मानौँ- वर्चस्वशालीसँग उत्तर छ तर उनीहरूले आफ्नो स्वार्थरक्षाका लागि मात्र नभनेका हुन् किनकि विद्यमान आर्थिक-सामुदायिक सम्बन्ध कायम रहिरहँदा उनीहरूलाई फाइदा भइरहन्छ। वर्चस्वशालीहरू पनि त्यस्तै मान्यता राख्छन्। तर जब माओवादी प्रतिस्पर्धात्मक राजनीतिको बाटो रोज्न बाध्य भए, जनगणले ठाने- अब राजनीतिले कोल्टे फेर्छ। द्वन्द्वकालसँगै हिजोका भ्रष्टहरूले समेत चेतिसकेको अनुमान धेरैले गरे। क्रान्तिकारीहरू पनि जित्न नसकेर नै आएकाले दुवै पक्षले मिलेर नयाँ थिति बसाल्ने विश्वास सर्वसाधारणलाई थियो। त्यसैले उत्तरदायी राजनीतिले नौलो अध्याय प्रारम्भ गर्ने अपेक्षा सर्वत्र छायो।

जनगणको अपेक्षाविपरीत वर्चस्वशालीमा चेत पलाएको देखिएन। हिजोको विभेदकारी संरचनाको बचाउमा उनीहरू एकजुट भए। नतिजा, राज्य पुनर्संरचनाको सवालले आशातीत गति लिएन। अर्थव्यवस्थालाई रोजगारीउन्मुख बनाउनेबारे तात्त्विक काम भएन। वित्त प्रणाली वितरणमुखीबाट उत्पादनमुखी बन्न सकेन। हिजोभन्दा आज वैदेशिक श्रममा जानेको संख्या बढिरह्यो। हिजोभन्दा आज श्रमिकको लास भित्रिने संख्या पनि बढ्यो। यस्तो अवस्थामा समेत राज्यको ढुकुटी सत्तासीनका भरौटे र आसेपासेलाई बाँड्ने अभ्यास रोकिएन, न त शासकीय अभ्यासको मनस्थिति फेरियो। परिणाम, सम्पूर्ण शासन व्यवस्था सानो तप्काको स्वार्थरक्षामा होमियो। जनगणको ठूलो हिस्सा निरन्तर बहिष्करणको सिकार बनिरह्यो। संरचनामा निहित विभेदकारी थिति फेर्ने कार्य कतै पुगेन। न अन्याय न्यायमा बदलियो, न त उँचनीच समता फेरियो। वर्चस्वशालीले गर्दा मात्र यस्तो अवस्था आएको होइन। हिजोका क्रान्तिकारीहरू आज वर्चस्वशालीको स्वार्थरक्षामा भासिए। उनीहरूमा परिवर्तनकामी इच्छाशक्तिको अभाव रह्यो। वर्चस्वशालीको जीवनदृष्टि र अभ्यासमा होमिन उनीहरूलाई जति सजिलो थियो, त्यसलाई फेर्न संघर्ष गर्नु त्यति नै गाह्रो। पुरानो शासकीय रापमा उनीहरू पग्लिए। त्यसैले छोटै समयमा क्रान्तिकारीले पनि भन्न थाले, 'व्यवस्था फेरियो तर शासकीय चरित्र फेरिएन।'

शासकीय चरित्र नफेरिने भ्रूण बृहत् शान्ति सम्झौतामा नै रोपिएको थियो। शान्ति प्रक्रियामा संलग्न सबै द्वन्द्वरत पक्षले नेपालको शान्ति प्रक्रियालाई विश्वकै नमुना भन्दै हिँडे। शान्तिपूर्ण वातावरण बनाउन लागिपरेका मध्यस्थकर्ताले पनि त्यही बोलीमा लोली मिलाए। अझ तत्कालीन माओवादीका अध्यक्ष त आफू नोबेल शान्ति पुरस्कारबाटै सम्मानित हुनुपर्ने जिरह राख्छन्। तर बृहत् शान्ति सम्झौता धेरै किसिमले चुकेकाले जनगणले अपेक्षा गरेजस्तो राजनीतिमा शान्तिपूर्ण आधार निर्माण हुन सकेको छैन। अझ द्वन्द्वपीडितको दृष्टिबाट हेर्दा शान्ति प्रक्रिया टुंगिएकै छैन।

द्वन्द्वपीडितले आशा राखेअनुसार शान्ति प्रक्रिया नटुंगिनुका पछाडि मूलतः तीन पक्ष छन्। पहिलो- शान्ति प्रक्रियालाई व्यवस्थित रूपमा अनुगमन गर्ने पद्धति के-कस्तो हुने, अनुगमनलाई व्यवस्थित गर्न कस्तो संयन्त्र बनाउने, त्यस्तो संयन्त्रको क्षेत्राधिकार कस्तो हुने, नयाँ हिंसात्मक घटना कसरी लिपिबद्ध गर्ने आदि सवालमा बृहत् शान्ति सम्झौता मौन थियो। परिणाम, द्वन्द्वरत पक्षले आफ्नो सुविधाअनुसार व्याख्या



> बृहत् शान्ति सम्झौता धेरै किसिमले चुकेकाले जनगणले अपेक्षा गरेजस्तो राजनीतिमा शान्तिपूर्ण आधार निर्माण हुन सकेको छैन ।

गर्ने आधार खुला रहिरह्यो । अनि मोहम्मद आफताव आलमहरू जन्मने र मौलाउने आधारसमेत खुकुलो रह्यो ।

दोस्रो- द्वन्द्वकालका जघन्य अपराधको लेखाजोखा कसरी गर्ने, जघन्य अपराधमा संलग्न सबै पक्षलाई कसरी उत्तरदायी बनाउने, सत्य निरुपण आयोग तथा बेपत्ता आयोगलाई कसरी स्वायत्त राख्ने, कति समयमा द्वन्द्वकालीन घटनाको छानबिन गरिसक्ने आदि विषयमा बृहत् शान्ति सम्झौता प्रस्ट रहेन । परिणाम, यी विषयको न्यायोचित सम्बोधन भएन । द्वन्द्वकालका घाउ थप गिजोलिइरहँदा हजारौं परिवारले न्यायको खोजीमा थप हन्डर खाइरहे ।

तेस्रो- हिंसालाई रचनात्मक राजनीतिमा कसरी ढाल्नेबारे बृहत् शान्ति सम्झौता मौन थियो । यो पक्षबारे मौन रहँदा तत्कालीन द्वन्द्वरत पक्षबाहेक नयाँ समूह हिंसात्मक राजनीतिमा ओर्लियो भने के गर्ने, कसरी सम्बोधन गर्ने आदि पक्षबारे सोचिएको थिएन । त्यसैले शान्ति प्रक्रिया प्रारम्भ हुनासाथ नयाँ-नयाँ समूहले हतियारधारी राजनीतिको सहारा लिए । तत्कालीन सरकारले कहिले अत्तालिएर, कहिले आफ्नो फाइदाका लागि अनेकौं सम्झौता गर्‍यो । तीमध्ये अधिकांश सम्झौता कार्यान्वयन नहुँदा समाजमा असन्तुष्टि व्याप्त छ । तीमध्ये कतिपयले हिंसालाई त्यागिसकेका छैनन् ।

‘व्यवस्था फेरियो तर शासकीय चरित्र फेरिएन’ भनिरहँदा शान्तिपूर्ण राजनीतिको जटिल पृष्ठभूमि र अपूर्ण यात्रालाई पन्छाएर समाजमा फैलिएको आपराधिक गतिविधिको चर्चा गर्दा सतही हुन्छ । सारमा, यस्तो हल्लाबाट वर्चस्वशालीलाई नै फाइदा भइरहन्छ । न समस्याको जडमा पुगेर आधारभूत कुरा सम्बोधन गर्न सकिन्छ, न त शासकीय चरित्र नै फेर्न सकिन्छ । तथापि हिंसाको विषयमा प्राज्ञिक जगत् वा सार्वजनिक वृत्तमा रचनात्मक विमर्श भइरहेको छैन ।

उदाहरणका लागि, नेपालमा जस्तै जुन-जुन समाजमा राजनीतिमा हिंसा कुनै कालखण्डमा व्यापक रूपमा स्वीकारियो, ती समाजमा हिंसाबारे गहिरिएर घोत्लिन जरुरी छ । फ्रान्सेली दार्शनिक एलेन बड्युले औंल्याएजस्तै राजनीतिक वृत्तमा देखिने हिंसाका चार किसिम छन्- क्रान्तिकारी हिंसा, अधिनायकवादी हिंसा, रूपान्तरणकारी हिंसा र राजनीतिक हिंसा । क्रान्तिकारी हिंसाको उद्देश्य हिंसालाई सत्ता हासिल गर्ने माध्यमको रूपमा प्रयोग गर्नु हो, ताकि सत्तारोहणलाई वैधानिकता दिन सकियोस् । यस्तो हिंसा मूलतः सत्ताधारी वर्ग र तिनको प्रहरी र सैन्य संयन्त्रप्रति लक्षित हुन्छ । हिंसाबारे सोचिरहँदा यस्तो प्रस्टता रहे पनि व्यवहारमा क्रान्तिकारी हिंसाको प्रयोग जटिल हुन्छ किनकि हिंसा नियन्त्रण गर्ने नाममा सत्ताको दुरुपयोग के-कसरी हुन्छ, त्यसको आँकलन गर्न सकिन्न ।

अधिनायकवादी हिंसाको उद्देश्य सत्तारोहणभन्दा व्यापक हुन्छ । मूलतः पुरानो शासकीय संरचना नष्ट गर्ने उद्देश्य बोकेकाले कम्तीमा क्षणिक समयका लागि ‘सर्वहाराको अधिनायकत्व’ सँग हिंसाको प्रयोग जोडिएको हुन्छ । क्रान्तिकारी हिंसाले यस्तो चरणमा प्रवेश गर्ने आकांक्षा राखिन्छ तर यस्तो अवस्था इतिहासमा हम्मेसी उपलब्ध हुन्न । माओवादीले कुनै समय यही चाहे पनि यस्तो अवस्था सिर्जना गर्न सकेनन् । रूपान्तरणकारी हिंसाको उद्देश्य नयाँ किसिमको सैन्य संरचना र आर्थिक-सामुदायिक सम्बन्ध सिर्जन गर्न राज्यलाई बाध्य बनाउनु हो । यहाँ हिंसा प्रयोग तुलनात्मक रूपमा लामो समय चल्न सक्छ । रूपान्तरणकारी थिति निर्माण गर्ने उद्देश्यले समाजको विभिन्न तह र तप्कामा हिंसाको प्रयोग हुन सक्छ । राजनीतिक हिंसा दुई भिन्न जीवनपद्धति खोज्ने समूहबीचको संघर्ष हो । मूलतः पुँजीवादी र साम्यवादी । यस्तो हिंसा प्रायः दलीय संगठन र राज्यमा निहित हुन्छ । सामान्यतः सत्ता संघर्ष र स्रोतमाथि पकड कायम राख्ने दाबी वरिपरि हिंसाको प्रयोग हुन्छ । नयाँ व्यवस्था निर्माण गर्ने आकांक्षा निहित भए पनि हिंसात्मक संघर्ष प्रशस्तै अलमलिएको हुन्छ । माओवादीहरू यस्तै अवस्थाबाट गुज्रिएका हुन् ।

हिंसाका यी किसिम एकआपससँग अन्योन्याश्रित छन् । नितान्त भिन्न छैनन् । पछिल्लो केही दशकको राजनीतिलाई फर्केर हेर्दा भन्न सकिन्, हिंसात्मक राजनीतिले परिवर्तनकामी बाटो समाउन सकेन । हिंसाको प्रयोग भने समाजमा भइरह्यो । त्यसैले न नयाँ शासकीय चरित्र नै निर्माण भयो, न त हिंसाबाट नै मुक्ति मिल्यो । नयाँ किसिमले सैन्य संरचना निर्माण हुनुको साटो पुरानै सैन्य संरचनाको विस्तार भयो । परिणाम, जुन दण्डहीनता र अनुत्तरदायी अभ्यास सैन्य क्षेत्रमा निहित थियो, त्यसको केवल विस्तार भयो । नयाँ व्यवस्थामा पुरानो शासकीय चरित्र झन् खुला छाडेको साँढेजस्तो भयो ।

शान्ति प्रक्रियासँगै हिंसा धेरै हदसम्म नियन्त्रित त भयो तर संरचनागत परिवर्तन भएन । त्यसो नहुँदा न नयाँ शासकीय सम्बन्ध निर्माण गर्न सकियो, न त समाजमा विद्यमान विभेदमै तात्त्विक परिवर्तन आयो । यस्तो परिस्थितिको फाइदा केवल सत्तासीनलाई भयो । उनीहरूले शक्तिको थप दुरुपयोग गर्न थाले । माओवादीले पनि यस्तै अवस्थाका लागि सघाए । मूलतः सत्तासीनको स्वार्थ रक्षार्थ त्यसको दुरुपयोग हुन्छ । संरचना हिंसात्मक र विभेदकारी रहिरहँदा हिंसाका बाछिटाहरू समाजमा रहने नै भए । जबसम्म बाछिटालाई देखाएर विभेदकारी संरचना कायम राख्ने छुट वर्चस्वशालीलाई रहिरहन्छ, तबसम्म हिंसा नियन्त्रित हुन्न । हिंसाको निदान त अझ परको कुरा । यस्तो परिस्थितिमा ‘व्यवस्था फेरियो तर शासकीय चरित्र फेरिएन’ भन्ने अवस्थाबाट छुटकारा पाइन्न, न शान्तिपूर्ण राजनीतिका लागि दिगो जग बसाल्न सकिन्छ । यस्ता संरचनात्मक जटिलताबारे के नयाँ र पुराना दललाई अब केही भन्नु छैन ? ने

प्रधानमन्त्री ओलीसँग भेट गर्दै अमेरिकी राजदूत र्‍यान्डी बेरी

आक्रामक चीन सशंकित पश्चिम

हालैका नेपाल-चीन कूटनीतिसँग झस्किएको अमेरिका आफ्नो सक्रियता बढाउँदै



योगेश ढकाल

राष्ट्रपति विद्यादेवी भण्डारीले २५ असोज ०७६ साँझ चिनियाँ राष्ट्रपति सी चिनफिङको सम्मानमा आयोजित राजकीय भोजमा सम्बोधन गरिन्, 'नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादमा सी विचारधारा जनताकेन्द्रित विकासको एक महत्त्वपूर्ण दर्शन बनेको छ ।'

१८ दिन पहिले नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीच ६ बुँदे सम्झौता भयो, भाइचारा सम्बन्धका लागि । सम्झौताको अघिल्लो दिन चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख सोङ ताओको टोलीबाट सी विचारधाराबारे नेकपाका केन्द्रीय नेताले प्रशिक्षण लिए । त्यसैको जगमा राष्ट्रपति भण्डारीको सम्बोधन आएको देखिन्छ । र, २६ असोज ०७६ को २० बुँदे सम्झौता-समझदारीमा शासन क्षमता अभिवृद्धिमा समन्वय, कानुनी सहायताका लागि महान्यायाधिवक्ता र सुप्रिम पिपुल्स प्रोक्युरेटरबीचको समझदारीको जग पनि एक महिनाका प्रयास नै देखिन्छन् ।

राष्ट्रपति भण्डारीको सम्बोधन र २० बुँदे समझदारी-सम्झौताका बुँदामा टेकेरै पश्चिमा मुलुकले गम्भीर चासो राख्न थालेका छन् । कूटनीतिज्ञको अनुसार पहिलो- चीन सी विचार निर्यातमा सक्रिय देखियो । दोस्रो- चीनको शासन प्रणालीलाई विस्तारित गर्न थाल्यो । अमेरिकाका लागि पूर्वराजदूत सुरेशचन्द्र चालिसेको विश्लेषणमा अमेरिकीहरू अहिले चीन वैकल्पिक विश्व केन्द्र निर्माणमा नेपाल सहयोगी भइरहेको छ भन्ने बुझाइमा छन् । "राष्ट्रपति भण्डारीको सम्बोधनमा सी विचारधारा नयाँ युगको दर्शन बनेको प्रसंग मात्र होइन, प्रधानमन्त्रीको कम्युनिस्ट मुलुकको भ्रमणले पनि अमेरिकीलाई तर्साएको छ," चालिसे भन्छन्, "त्यसमाथि भेनेजुएलाको पक्ष र इन्डो-प्यासिफिक रणनीतिविरुद्ध निरन्तरका प्रचण्ड अभिव्यक्तिले अमेरिकी नेपाल चीनको प्रभाव क्षेत्रमा परेको बुझिरहेका छन् ।"

चीनमा राष्ट्रपति सीको उदयसँगै आएको हो, 'श्री सी' रणनीति अर्थात् को-अपरेशन (सहकार्य), कम्पिटिसन (प्रतिस्पर्धा) र काउन्टर अट्याक (प्रतिवाद) । श्री सीकै जगबाट छिमेकीलाई प्राथमिकतामा राख्ने नीति, विश्व छिचोल्ने बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) र सम्बन्ध विस्तारका लागि सीको विश्व दौडाहा आएका हुन् । सीको बुझाइमा महाशक्ति हुन चीनलाई छिमेकमा शान्ति र स्थिरता मात्र भएर पुग्दैन, क्षेत्रीय शक्ति भारतलाई नजिक्याउनुपर्नेछ । २४ अक्टोबर २०१३ मा बेइजिङको एक कार्यक्रममा सीले भनेका थिए, 'छिमेकीसँग मित्रता राख्नु चिनियाँ कूटनीतिको दृढ सिद्धान्त हो, उनीहरूसँग पटक-पटक भेट्नुपर्छ । संकटको समय छिमेकीलाई सहयोग गर्नुपर्छ ।'

दक्षिण एसियाली देशमा सीको संवाद त्यही पृष्ठभूमिसँग जोडिन्छ । पाकिस्तानसँगको सैन्य र आर्थिक साझेदारी, भारतसँग सम्बन्ध सुधार, नेपालसँग आर्थिक विकासका लागि रणनीतिक साझेदार सीको छिमेक नीतिमा आधारित छन् । विश्व सम्बन्ध विस्तारमा राष्ट्रपति सी ८७ देश पुगिसके । बीआरआईमा १ सय ५० देशलाई सहमत गराइसकेका छन् । अब सीले राजनीतिक विचार, चिनियाँ शासन पद्धति, विकास अनुभवलाई विस्तार गर्न चाहेको देखिन्छ । यो रणनीति पश्चिमा मुलुकको प्रजातान्त्रिक मोडलको वैकल्पिक धार मात्र होइन, विश्व व्यवस्थामा नयाँ केन्द्र निर्माणको अभियान पनि हो ।

७ असोजमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र चिनियाँ कम्युनिस्ट पार्टी (सीसीपी) बीच भाइचारा सम्बन्धमा ६ बुँदे सम्झौता भयो । नेकपाका केन्द्रीय नेताहरूले ६ असोजमा सी विचारधाराको प्रशिक्षण लिए, सीसीपीका विदेश विभाग प्रमुख सोङ ताओसहित आएको ५० सदस्यीय

टोलीमार्फत । सीको नेपाल भ्रमणको २० बुँदे सम्झौता-समझदारीका बुँदाले पनि चिनियाँ शासन प्रणाली विस्तार गर्न चाहेको संकेत गर्छ । विचार विनिमय र विस्तारको चिनियाँ प्रयासमा नेकपासँगको सम्बन्ध एउटा खुड्किलो बन्न सक्छ । तर त्यही खुड्किलोले नेपाल भने भूराजनीतिक भूमरीमा फस्ने सम्भावना बढाइदिएको छ ।

नेपालसँग चीन 'टु ट्र्याक पोलिसी' मा लागेको देखिन्छ । अर्थात्, पार्टी-पार्टी र सरकार-सरकारबीच सम्बन्ध । तर कूटनीतिज्ञ श्रीधर खत्री सी विचारधाराको प्रशिक्षण र दलीय सम्झौता नेकपाको चाप्लुसी ठान्छन् । "चीनको विकास मोडल एक दलीय प्रणालीको हो," खत्री भन्छन्, "नेपालको विकास मोडल बहुदलीय प्रणालीको हो ।" खत्री सीको विचार कसरी लागू हुन्छ र विकास अनुभव सिक्ने भनेको कसरी हो ? त्यसमा प्रस्टता आवश्यक ठान्छन् ।

शक्ति राष्ट्रको उपनिवेशीकरणको नैतिक र भौतिक आधार सकिए पनि भूमण्डलीकरणको आवरणमा एकल ध्रुवीय विश्व केन्द्र र त्यसको परिधिमा घुम्ने मोफसलका आश्रित उपग्रह देश बनाउने प्रयत्नमा विराम लागेको छैन । यहींनेर जोडिन्छ, नेपालको भूराजनीतिक अवस्थिति । नेपालमा बढ्दो चिनियाँ प्रभावबाट चिन्तित अमेरिका सम्बन्ध विस्तारका अनेकन प्रयासमा लागेको छ । त्यसको पुष्टि त राजदूत र्‍यान्डी बेरीको असोज महिनाको दौडधूपले नै गर्छ । सी भ्रमणपछि अमेरिकाको औपचारिक प्रतिक्रियामा अघिल्लो साता दक्षिण तथा मध्यएसिया मामिला हेर्ने अमेरिकी विदेश सहायकमन्त्री एलिज जे वेल्सले भनेकी छन्, 'नेपालमा चीनको प्रभाव बढ्यो, तिब्बती शरणार्थीका गतिविधिमा रोकावट भइरहेको छ र धार्मिक अल्पसंख्यक जोखिममा परेका छन् ।'

कूटनीतिज्ञहरूको बुझाइमा बीआरआईको काउन्टरमा ल्याएको इन्डो-प्यासिफिक रणनीति (आईपीएस) एसिया प्रशान्तमै विवादित भइदिने अनि चीनको बीआरआई विस्तारित भइरहनुले अमेरिका तनावमा परेको छ । नेपाल भ्रमणमा आएका अमेरिकी सहायक रक्षामन्त्री जोसेफ फेल्टरले १४ फागुन ०७५ मै बीआरआई चिनियाँ ऋणको पासो भएकाले नेपाललाई चनाखो हुन सुझाएका थिए ।

त्यसको भोलिपल्टै चिनियाँ राजदूत होऊ यान्छीले सार्वजनिक कार्यक्रममै प्रतिवाद गरिन् । ०७५ को चैत अन्तिम साता अमेरिकी राजदूत र्‍यान्डी बेरीले नेपालमा अमेरिकी लगानी अनुदानमा मात्रै दिएको ट्वीट गरे । १६ वैशाखबाट सुरु हुने बीआरआईको दोस्रो फोरममा भाग लिन राष्ट्रपति विद्यादेवी भण्डारी चीन जानुभन्दा केही साता पहिले मात्रै बेरीको ट्वीट आयो । त्यसैको निरन्तरता हो, हालैको वेल्सको प्रतिवेदन । विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणका क्रममा प्रचण्डले 'कथित इन्डो-प्यासिफिक रणनीति' मा नेपाल समर्थन गर्न सक्दैन भन्ने भनाइ पनि चिनियाँ विदेश मन्त्रालयको वेबसाइटबाट सार्वजनिक भयो । त्यसको प्रतिवादमा अमेरिकी राजदूत र्‍यान्डी बेरी नेपाली सञ्चार माध्यममा खुबै छाए, २५ असोजमा सी आउनुअघिका चार साता । सञ्चार माध्यममा आलेख प्रकाशन र टेलिभिजनमा अन्तर्वार्ता गर्नसम्म भ्याए । यो दौडधूपका पछाडि दुई कारण थिए । एक- नेकपा र सीसीपीबीचको भाइचारा सम्बन्धको सम्झौता । दुई- चिनियाँ विदेशमन्त्री वाङ यीसँग 'कथित इन्डो-प्यासिफिक रणनीतिको पक्षमा नरहेको' प्रचण्डको स्पष्टोक्ति ।

परम्परागत नेपाल सम्बन्धमा चीनको व्याख्या असल मित्रराष्ट्र र एकापसमा असल साझेदारीमा हुन्थ्यो । अहिले, दाजुभाइको सम्बन्ध मात्र होइन, दीर्घकालीन रणनीतिक साझेदारसम्म भन्न भ्याइदियो । भारतलाई सकेसम्म चिढ्याउने पक्षमा नरहेको चीन

चीन चिढाउने बहाना : माथिल्लो मुस्ताङको लोमान्थाङमा स्थानीयसँग राजदूत बेरी

महामहिमको म्याराथन : नेकपा नेता माधव नेपाल, कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा नेता झलनाथ खनालसँग

दक्षिण एसियाली देशलाई साथ लिने प्रयासमा छ । मोदीको 'छिमेक पहिलो' अवधारणा र सीको अवधारणा आपसमा मिल्दाजुल्दा भएकैले उनीहरूबीचको सम्बन्ध पनि विस्तारित हुँदै छ।

कूटनीतिज्ञ शम्भुराम सिंखडाको भनाइमा चीन र भारत तत्काल एकले अर्कालाई चिढ्याउने पक्षमा छैनन्। तर यहीबीच अमेरिकी कूटनीतिको बाछिटाले नेपालको राजनीति मजैले भिज्ने सम्भावना छ । हुन पनि, विगत दशकमा अमेरिकासँग काँध मिलाएर हिँडेको भारत पछिल्ला दिन अमेरिकी इन्डो-प्यासिफिक रणनीतिमा मौन बसिदिएको छ, बरु चीनलाई पनि समावेश गर्नुपर्ने मत राखिरहेको छ । पूर्वराजदूत चालिसेको विश्लेषणमा दक्षिण एसियाको अपेक्षित मित्रशक्तिको साथ नपाएको अमेरिका अहिले निराश छ। त्यसैको प्रतिफल हो, राजदूत बेरीको बाक्लो दौडधूप ।

१० असोज ०७६ मा पत्रकार सम्मेलन गरेरै आईपीएस रणनीति नभएर नीति मात्र भएको प्रस्टोक्ति दिएका बेरीलाई त्यतिले पुगेन र सी आउनु अघिल्लो दिन मात्रै भिडियो सार्वजनिक गरे, इन्डो-प्यासिफिक रणनीतिबारे। त्यसमा दोहोऱ्याए- आईपीएस रणनीति नभएर नीति मात्र हो, जसमा हस्ताक्षर गर्नुपर्ने छैन। आईपीएससँग जोडिएको मिलेनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट (एमसीसी) परियोजना संसद्बाट अनुमोदन भएको छैन । बरु एमसीसीले नेपाललाई उपलब्ध गराउने करिब ५३ अर्ब रुपैयाँलाई काउन्टर दिने गरी सीले २५ असोज ०७६ मा ५६ अर्ब रुपैयाँ सहायता घोषणा गरे। यसलाई कूटनीतिज्ञहरू चीनको काउन्टर अट्याक रणनीतिसँग जोड्छन् । संयोग के भने, २३ वर्षपहिले ज्याङ ज्यामिनले ५६ करोड सहायता गरेका थिए, अहिले सीले ५६ अर्ब रुपैयाँ ।

अमेरिकी प्रयास

नेपाल भ्रमणको दोस्रो दिन २६ असोजमा प्रधानमन्त्री केपी ओलीसँगको भेटमा सीले भनेका थिए, 'चीनलाई विभाजित गर्न खोज्ने जोसुकैलाई धुलोपिठो बनाइनेछ । यो कुरा सबैभन्दा पहिला चिनियाँ सञ्चार माध्यम *सिन्ह्वा* र चिनियाँ *ग्लोबल* टेलिभिजन नेटवर्क (सीजीटीएन) बाट सार्वजनिक भयो। त्यसलाई टेकेर पश्चिमा सञ्चार माध्यम *सीएनएन, बीबीसी, अलजजिरा*लगायतले खुबै विश्लेषण गरे। चीन पश्चिमाविरुद्ध मुखर भएर नेपालको भूमिबाट सन्देश प्रवाहित गर्न खोज्दा त्यसको दूरगामी सन्देश र प्रभाव देखिने चालिसेको बुझाइ छ।

हङकङ प्रदर्शन, नेपालबाट हुने स्वतन्त्र तिब्बत आन्दोलन र ताइवानलाई अमेरिकी सहयोग एकसाथ सम्बोधन हुने गरी सीले नेपालमार्फत अमेरिकालाई सन्देश दिन चाहेका थिए । कूटनीतिज्ञ श्रीधर खत्रीको विश्लेषणमा सीको भनाइ तिब्बत र हङकडलाई प्रतिक्रिया मात्र होइन, नेपालमार्फत हुने चीनविरोधी गतिविधिका सहयोगीलाई सन्देश दिन चाहेका हुन् ।

विगत एक वर्षभित्रका अमेरिकी भूमिकाप्रति सी उपयुक्त स्थान र समयमा जवाफ दिन चाहन्थे । सीको भनाइ यस्तो समय आयो, जतिबेला अमेरिका-चीन व्यापार वार्ता भइरहेको थियो । हङकङमा स्वतन्त्र हङकङ वा पुनः बेलायत फिर्ता हुने मागमा आन्दोलनकारी नारा लगाउन थालेका थिए । त्यसमाथि नेपालमा स्वतन्त्र तिब्बतका गतिविधि छिराउने प्रयास पनि भइरहेको थियो। सीविरुद्ध नेपालमा आन्दोलित हुने तिब्बतीको प्रयास चीनले थाहा नपाएको होइन । त्यसबेला झन्डै ५० जना तिब्बती पक्राउ पनि परेका थिए। "हङकङ, तिब्बत र सिन्जियान प्रान्तको आन्दोलनको कनेक्सन नेपालसम्म तानिने गरेको पृष्ठभूमिमा पश्चिमालाई नेपालमार्फत जवाफ दिन चाहेका हुन्," चालिसे भन्छन्, "नेपालको सरकार चीनको विश्वासमा रहेको ठानेर सीले यहीँबाटै पश्चिमालाई सन्देश दिन पनि चाहेका हुन् ।"

कूटनीतिज्ञहरूको बुझाइमा चीन-भारत र चीन-नेपाल सम्बन्ध गहिरिँदै गएकाले अमेरिकाले भारतलाई चीनसँगको सहकार्यबाट बाहिर निकाल्ने र इन्डो-प्यासिफिक रणनीतिमा सहमत गराउन थप कसरत गर्नेछ । सहज प्रयत्न कामयावी नभए पाकिस्तानसँग मिलेर कश्मीर मुद्दामाथि खेल्ने प्रयास पनि गर्न सक्छ। त्यसको प्रभाव नेपालमा पनि पर्नेछ ।

चालिसेको बुझाइमा त्यसबाहेक अमेरिकी नजर साउथ चाइना सीमार्फत चीनलाई घेर्ने र तनाव सिर्जना गर्नमा केन्द्रित हुनेछ, जहाँबाट संसारको करिब ५ ट्रिलियन डलर बराबरको व्यापार हुन्छ। उक्त नाकामा चिनियाँ प्रभाव र उपस्थिति कम गराउनेबित्तिकै चीनको व्यापारमा स्वतः गिरावट आउनेछ । साउथ चाइन सीमा ११ बिलियन ब्यारेल तेल छ । अनि, १ सय ९० ट्रिलियन क्युबिक प्राकृतिक ग्यास छ। स्रोतमाथिको पहुँच र पकडका लागि विगतदेखि नै चीन, जापान, अमेरिका, भारत, अस्ट्रेलियाको होडबाजी छ। अमेरिकी प्रयासमै त्यस क्षेत्रमा जापान, अस्ट्रेलिया र भारतको चीनविरुद्ध गठबन्धन पनि छ ।

अमेरिका-चीनको व्यापार युद्ध साम्य भइसकेको छैन । र, त्यो व्यापार युद्धलाई

अमेरिकाले हङकङ मामिलासम्म जोड्न थालेको छ । केही दिनअगाडि अमेरिकी सिनेटले हङकङको मानव अधिकारसम्बन्धी विधेयक पारित गरेको छ । उक्त विधेयकलाई चीनले सार्वभौमिकतामाथिको प्रहारका रूपमा व्याख्या गरेको छ । त्यससँगै अमेरिकासँग अर्को मुद्दा छ, स्वतन्त्र तिब्बतको । त्यसका लागि नेपाल र भारतीय भूमि नै मुख्य थलो हुन् । नेपाल र भारतका तिब्बती शरणार्थीलाई सहयोग गर्न अमेरिकी सिनेटले सन् २०१९-२०२३ का लागि सहयोग नीति नै पारित गरेको थियो । ३१ डिसेम्बर २०१८ मा 'एसियालाई आश्वस्त पार्ने पहलसम्बन्धी ऐन' अनुसार हरेक वर्ष १ अर्ब ५० करोड डलर खर्चिनेछ । त्यसबाहेक त्यो ऐनले इन्डो-प्यासिफिक क्षेत्रमा अमेरिकी स्वार्थको बढावा अर्थात् प्रजातन्त्र प्रवर्द्धन गर्न बर्सेनि २१ करोड अमेरिकी डलर खर्चिने योजना छ ।

चीन मामिलाका जानकार युवराज संग्रौलाको बुझाइमा चिनियाँ प्रभाव बढेको अमेरिकी विदेश मन्त्रालयको निष्कर्ष भइदिए नेपालमा राजनीतिक अस्थिरता सुरु हुनेछ । चालिसे अमेरिकी नेपाल नीतिमा सम्भावित ३ वटा परिदृश्य देख्छन् । एक- संविधानसँग फरक मत राख्ने आफ्ना मान्छेलाई आन्दोलित बनाउन सक्छन् । दोस्रो- सरकारमाथि विभिन्न रूपमा दबाब सिर्जना गराउँछन् । तेस्रो- आईपीएस र एमसीसीको स्वरूप परिवर्तन गरेर नेपाललाई सहमत गराउँछन् ।

त्यसबाहेक सिन्जियानको उइगुरलाई बल दिने प्रयास गर्न सक्छ, जसको कनेक्सन पनि नेपाल र भारतमै जोडिन्छ । एक दशकअघि नेपालमा उइगुर सक्रिय देखिन्थे । बेइजिङ ओलम्पिकताका काठमाडौँमा चर्को रूपमा स्वतन्त्र तिब्बतको आन्दोलन भयो । त्यही बेला उइगुर भेटिएका थिए । चीनको तिब्बत, ताइवान, हङकङ, सिन्जियान र मंगोलियाको सीमा क्षेत्रसमेत गरेर ५ क्षेत्रमा समस्या छ । तीमध्ये तिब्बत, हङकङ र सिन्जियान क्षेत्रको कनेक्सन नेपालसँग जोडिन्छ । त्यस्तो अवस्थामा नेपाल अस्थिर राजनीतिको भूमरीमा फस्न सक्नेछ । परराष्ट्रविज्ञ सिंखडाको भनाइमा यही बेला नेपालको राजनीतिक र कूटनीतिक कौशल प्रदर्शित हुनुपर्छ ।

त्यसो त, सुरक्षा संवेदनशीलताको मुद्दा नेपालसँग झनै जटिल बन्दै गएको छ । सुरक्षाको मुद्दा भारत र चीनले उठाइरहने विषय हुन् । त्यही जगमा उनीहरू सुपुर्दगी सन्धिमा सहमति खोजिरहेका छन् । सी भ्रमणमा गर्ने भनिएको चीन-नेपाल सुपुर्दगी सन्धि अन्तिम समय रोकियो । त्यसैले छिमेकी भारत र चीन मात्र होइन, ट्रम्पको सुरक्षा नीतिभित्र नेपाल पनि पर्न थालेको छ । नेपाल इन्डो-प्यासिफिक रणनीति अवधारणासँगै पिसिँदै छ । अमेरिकाले आर्थिक तथा भौतिक सहायता रणनीतिकै सुरक्षा छाताभित्र राख्दै छ । र, नेपाली सुरक्षा संयन्त्रसँगको सम्बन्ध, चासो र सम्पर्कमा बढ्ता सक्रिय छ । जस्तो, नेपाली सेनासँग सैनिक अभ्यास गरिरहेको अमेरिका सशस्त्र प्रहरीसँग पनि जोडिन ४-१५ नोभेम्बर २०१९ मा हाइअल्टिच्युडको अन्नपूर्ण सर्किट क्षेत्र र स्वीट् वाटर रेस्क्युका लागि कुरिनटारमा दुइटा तालिम गर्दै छ ।

अर्को, शान्ति सेनाका लागि स्थापित

अमेरिकी अप्ठेरो

९० को दशकअघि विश्व दुई धारमा ध्रुवीकृत थियो, अमेरिका र सोभियत संघ । यी दुई शक्ति नेटो र वार्सामार्फत साम्राज्य विस्तार गर्दै थिए । चालिसेको विश्लेषणमा विचारधारात्मक, आर्थिक प्रणाली र सामाजिक संरचनामा दुई धारमा विभाजित विश्व शक्ति सन्तुलनको आधारमा 'स्थिर' पनि थियो । सोभियत संघ विघटनसँगै एकल ध्रुवीय विश्व व्यवस्थाको व्याख्या हुन थाल्यो । चालिसे भन्छन्, "अमेरिकी नेतृत्वको त्यो एकल ध्रुवीय विश्व व्यवस्थाले एक दशक पूरा गर्न नपाउँदै उसैले विश्वको नेतृत्व गर्न सक्दैन । त्यसका लागि हरेक क्षेत्रमा एउटा साथी चाहिन्छ भन्ने विश्लेषण मात्र भएन, व्यावहारिक प्रयोग पनि गरियो ।"

त्यही बेला दक्षिण एसियामा भारत-अमेरिका सम्बन्ध बाक्लियो । परिस्थिति त्यसैमा अड्किएन, बरु गएको दशकमा बहुध्रुवीय विश्व अवधारणा आयो । त्यसमा अमेरिका, चीन, रुस, जापान, भारत, जर्मनी, बेलायत, फ्रान्सकै नाम अगाडि आए । चालिसेको विश्लेषणमा विश्व परिस्थिति त्यसैमा अड्किने अवस्था रहेन, जब अमेरिकामा डोनाल्ड ट्रम्पको उदय भयो । ट्रम्पले 'मेक अमेरिका ग्रेट अगेन' नारासहित परराष्ट्र र अर्थनीति सञ्चालनमा फरक धार समाते, जसले हिजोका अमेरिकी सारथि पनि रुष्ट हुन थाले ।

युरोप अहिले जलवायु परिवर्तनमा ट्रम्पको बेवास्ता र खर्च कटौतीले अमेरिकासँग असन्तुष्ट छ । अनि, नेटो कमजोर हुँदै गएको छ । इरानप्रति अमेरिकी धारणामा युरोपले फरक मत राखेको छ । चीनको बीआरआईमा युरोप विभाजित भइसकेको छ । "विश्व यतिबेला ध्रुवीकृत छ तर न विचारधारात्मक हिसाबले, न त धर्मकै आधारमा," चालिसे थप्छन्, "अहिलेको विश्व व्यवस्थामा देखिएको ध्रुवीकरण विचार, धर्मका कारणभन्दा पनि 'एन्टी अमेरिका' को मुभमेन्टबाट प्रेरित छ ।"

अहिले चीन, रुस, इरान, पाकिस्तानलगायत देश एकातिर देखिन्छन्, त्यसमा टर्की पनि थपिँदै छ । ल्याटिन अमेरिकी देशको सद्भाव यही गुटमा देखिन्छ । इटाली, रोमानिया, ग्रीसलगायत देश चीनबाट प्रभावित हुन थालेका छन् । अमेरिकाको जीडीपीमा १९ ट्रिलियन र चीनको अर्थतन्त्र १४ ट्रिलियन छ । औसत खर्च गर्ने क्षमताका आधारमा चीनमा २७ हजार विलियन डलर, अमेरिकाको १९ हजार विलियन डलर र भारतको ११ हजार विलियन डलरको अवस्था छ ।

"त्यति मात्र होइन, भारत र चीनको उदयसँगै विश्व अर्थतन्त्रको कुल गार्हस्थ उत्पादनमा एसियाको मात्रै ६४ प्रतिशत योगदान छ," चालिसे भन्छन्, "अमेरिका-युरोप निरन्तर खस्कँदा छन्, जसले अमेरिका फ्रस्टेसनमा छ ।"

ट्वीटरमा स्पष्टीकरण



अमेरिकी आशंका

- भेनेजुएला विज्ञप्ति प्रकरण
- भेनेजुएलाका राष्ट्रपति मडुरोका छोराको नेपाल भ्रमण
- क्युबाबाट चे ग्वेभाराकी छोरीको आगमन
- इन्टरनेसनल वर्कर्स पार्टी कन्फ्रेन्स
- प्रधानमन्त्रीको कम्बोडिया भ्रमण
- प्रधानमन्त्रीको भियतनाम भ्रमण
- राष्ट्रपतिको म्यानमार भ्रमण
- इन्डो-प्यासिफिक रणनीतिको खुला विरोध
- एमसीसी संसद्मा अनुमोदन नगर्नु
- चीनबाट सैन्य सहायता
- प्रचण्डको 'कथित आईपीएस' भन्ने धारणा
- चीनसँग रणनीतिक साझेदारी
- सी विचारधाराको प्रशिक्षण
- एनसीपी-सीसीपीबीच भाइचारा सम्झौता
- राष्ट्रपति भण्डारीद्वारा सी विचारधाराको प्रशंसा
- चिनियाँ शासन प्रणाली, कानुनी सहायतामा सहकार्य सम्झौता
- सीबाट सुरक्षा सहकार्यमा जोड

वीरेन्द्र शान्तिकार्य तालिम केन्द्र पाँचखालमा इन्डो-प्यासिफिक रणनीतिको संयन्त्र स्थापित गर्न चाहेको छ । दक्षिण एसियाकै उत्कृष्ट तालिम केन्द्र स्थापित गर्ने मक्सदभित्र अमेरिकाले नेपाली सेना र सरकारमा लबिइङ बढाए पनि सफल भएको छैन । ०७५ फागुनमा नेपाल आउँदा अमेरिकी सहायक रक्षामन्त्री फेल्टरले तालिम केन्द्र अवलोकन गरेका थिए । नेकपाका एक नेताको दाबीमा यो प्रयास परराष्ट्रमन्त्री ज्ञवालीको अमेरिका भ्रमणपछि निरन्तर भइरहेको छ भने रक्षा मन्त्रालय र सेनाभित्र पनि लबिइङ गरिरहेको छ ।

पाँचखालमा अमेरिकी चासो केन्द्रित हुनुमा सामरिक कारण जोडिएको छ । अरनिको राजमार्गमार्फत चीन जोडिने नाकाछेउ हुँदा अमेरिकी चासो देखिने गरेको एक पूर्वसैनिक अधिकृतको भनाइ छ । ती अधिकृतको भनाइमा ०७२ को भुइँचालोले अरनिको राजमार्ग बन्द भएपछि अमेरिकी चासो कम थियो । तर सडक खुलेलगत्तै उनीहरूको सक्रियता बढेको छ । अफगानिस्तानमा अमेरिकी आक्रमणसँगै नेपालमा 'एयर बेस' को प्रस्ताव गरेर तीन स्थानको अध्ययन पनि गरेका थिए, अमेरिकीले । तर नेपाल सरकारले सहमति दिएन ।

रणनीतिक चेपुवा

नेपाल यतिबेला भारतको एक्ट इस्ट पोलिसी (एईसी), अमेरिकाको आईपीएस र चीनको बीआरआईको चेपुवामा छ । क्षेत्रीय शक्तिको अवधारणासहित आर्थिक र सैन्य रणनीतिमा रहेर भारत दक्षिणपूर्वी एसियाली देशमा एक्ट इस्ट नीति विस्तार गर्दै छ । त्यसै कारण भारतले सार्कभन्दा बढी बिमस्टेकलाई महत्त्व दिन थालेको छ । विश्व मञ्चमा छरिने आकांक्षासहित सन् १९९१ मै तत्कालीन प्रधानमन्त्री पीभी नरसिंह रावले 'लुक इस्ट पोलिसी' ल्याएका थिए । त्यसलाई सन् २०१४ मा परिमार्जन गरेर नरेन्द्र मोदीले एक्ट इस्ट बनाए ।

कूटनीतिज्ञ खत्रीको भनाइमा ०७२ को नाकाबन्दीपछि भारतसँग नेपाल नीति प्रस्ट छैन । त्यस कारण हामीले ध्यान दिनु जरुरी छ । चीन समुद्र र सडक दुवै सञ्जालबाट विश्व छिचोल्ने अभियानमा छ । प्राचीन रेशम मार्गलाई परिमार्जित गरी चीनले बीआरआई बनायो । यो आर्थिक सम्पर्क सञ्जालजस्तो देखिए पनि पनि दीर्घकालमा सैन्य रणनीतिसँग जोडिन्छ । चीनको त्यही रणनीतिलाई काउन्टर दिन सन् २०१७ मा अमेरिकाले इन्डो-प्यासिफिक रणनीति अवधारणा ल्यायो । एसिया क्षेत्रलाई केन्द्रमा राखेर आएको यो अवधारणाले तत्काललाई सैन्यभन्दा खुला समाज निर्माणमै जोड दिन्छ ।

तर यी तीनै रणनीतिको पृष्ठभूमिमा उग्र राष्ट्रवाद छ । जस्तो, सीको शक्ति राष्ट्रको महत्त्वाकांक्षाले बीआरआईको अवधारणा आयो । मोदीको 'महान् भारत' को चुनावी नाराबाट एक्ट इस्ट अवधारणा परिमार्जित भयो । अनि, ट्रम्पको 'अमेरिका फर्स्ट' नाराबाट सिर्जित रणनीति हो, आईपीएस । अहिले तीनै रणनीतिको मारमा नेपालमा पर्न थालेको कूटनीतिज्ञ चालिसेको विश्लेषण छ । "रणनीतिक रूपमा अघि बढेका शक्ति राष्ट्रसँग उत्ताउलो, अपरिपक्व कूटनीतिले तिनको शीतयुद्धको थलो हुने सम्भावना बढाउँछ," चालिसे भन्छन्, "यही बेला नेपालको कूटनीतिक कौशल परीक्षण हुने र असंलग्नताको रणनीतिअनुसार समदूरीमा रहनुपर्ने बाध्यता हुन्छ ।"

शक्ति राष्ट्रको तीन रणनीतिबाहेक छिमेकसँग अर्को रणनीतिमा देखिन्छ । पहिलो-उहान संवादमा सीले उठाएको एउटा एजेन्डा थियो, चीन-भारत प्लस वान । अर्थात्, चीन-भारत र नेपाल । त्यसो भन्नुको अर्थ चीन-भारतको साक्षीका रूपमा नेपाल रहनुपर्ने हुन्छ । नेपाल प्लस वान होइन, त्रिपक्षीय साझेदारीको पक्षमा छ । किनाराको साक्षी राख्ने प्लस वान अवधारणा कार्यान्वयनमा आउनुअघि नै चीन र भारत मिलेर नेपालको लिपुलेक हडपिसकेका छन् ।

०७१ मा भारत र चीनले नेपालको लिपुलेकलाई व्यापारिक केन्द्रमा विकास गर्ने लिखित सहमति गरिसकेका छन् । त्यसप्रति असहमति जनाउँदै नेपालले पत्राचार गरेर जानकारी मागेको थियो । तर अहिलेसम्म चीन र भारत दुवै मौन बसेका छन् । प्लस वान रणनीति कार्यान्वयन भए यसैगरी चेपिने सम्भावना हुन्छ । ने

आवरण तस्बिर : राजदूत र्‍यान्डी बेरीको ट्वीटरबाट

चीनलाई रिझाउन लो

[विश्लेषण]

सफल घिमिरे

चिनियाँ राष्ट्रपति सी चिनफिङको काठमाडौं भ्रमणले उडाएको भौतिक धुलो त सामसुम भइसक्यो । त्यो भ्रमणले उब्जाएका कठिन राजनीतिक प्रश्न भने सजिलै सेलाउने छैनन् । हामीले सीलाई निम्त्याउन के-के मूल्य चुकायौं ? यो लेख त्यो भ्रमणका दुई आयाममा केन्द्रित छ- आर्थिक र राजनीतिक मूल्य ।

सीको भ्रमणमा सहर सिँगार्दा मात्रै काठमाडौं महानगरपालिकामार्फत २० करोड खर्च भयो तर दिगो भन्न मिल्ने काम बिरलै देखिए । प्रशासनले धुलो बढारेर कार्पेटमुनि थुपार्‍यो अनि त्यही कार्पेटमाथि नाक फुलाउँदै सीको स्वागत गर्‍यो । सी फर्किए । कार्पेट उठाइयो । धुलो जस्ताको तस्तै । यस्तै भएको छ, धेरै काममा ।

जीर्ण संरचना बनाइएन । त्यसलाई प्लास्टिकका फ्लेक्सले छोपियो । खाली ठाउँमा दुबो नरोपी दुबोले छोप्ने काम गरियो । हतार-हतार बाटो टालियो, जुन राम्रो इन्जिनियरिङ नहुनाले धेरै टिक्नेवाला छैनन् । तीनकुनेमा अग्ला बेर्ना रोपियो, जसको सम्वर्द्धनको योजनै थिएन । सी आइन्जेल तिनले तीन दिन पानी पाए । फर्केलगत्तै दुई दिनसम्म पानी नै नपाएर बिरुवा सुक्न थाले । हामीले पहिलो पटक भोगेको समस्या होइन, यो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी काठमाडौं आउँदा पनि यसरी नै बेर्ना रोपिए । बेर्ना सुके । खर्चको बागमती बगाइयो । यो हाम्रो संयन्त्रले दोहोर्‍याएको गल्ती हो ।

धनी छिमेकी खुसी भए हामी पनि धनी हुन्छौं भनी करदाताका आँखाअगाडि सपनाको नौ रङ छरियो । तर करदाताले दुःखले कमाएर राज्यको सन्दुकमा जम्मा गरेको करोडौं रुपैयाँ फजुलमै उडाइयो । जनप्रशासनसँग ती काम दिगो हुने गरी पैसा खर्चिने बुद्धि थिएन वा उसले बुद्धि प्रयोग गर्नै चाहेन ? यो त जवाफै नचाहिने प्रश्न भइसक्यो ।

यसपछिको प्रश्न आउँछ, आफैंले जम्मा गरेको कोषको पैसा यसरी उडाइँदा नागरिक र नागरिक समाजले कसरी प्रश्न उठाउने । जस्तै, काठमाडौं महानगरपालिकामार्फत सजावटमा २० करोड खर्च भयो भन्ने मानौं । केन्द्रीय तथ्यांक विभागको प्रक्षेपणलाई मान्ने हो भने अहिले राजधानीमा २० लाख मानिस छन् । यसको अर्थ सी भ्रमणका लागि प्रत्येक काठमाडौंबासीको १ सय रुपैयाँ र प्रत्येक परिवारको ४ सय २० रुपैयाँ खर्च भएको छ (नगरबासीको परिवारको औसत आकार ४.२ छ) । यसरी खर्च भइरहँदा आफ्ना स्थानीय जनप्रतिनिधिलाई प्रश्न सोध्ने र उत्तरदायी बनाउने संस्कृति कहिले बसाल्ने ? कि अझै सामाजिक सन्जालमा सतही टिप्पणी गर्नमै सीमित हुने ? जहिल्यै माथिल्ला रणनीतिक टिप्पणीमै रमाउने बानी छाडेर अब त यस्ता प्रवृत्तिसँग सम्बन्धित स-साना जरा प्रश्न खोतल्ने बेला भयो कि भएन ?

भ्रमण जोसुकैको होस्, हाम्रा प्रश्न ससाना मुद्दामा पुग्न सकेका छैनन् । जस्तो, सी भ्रमणमा करिब १६ हजार कर्मचारी र सुरक्षा जनशक्ति तीन दिनसम्म तैनाथ गराइयो । शरीरले धान्नेभन्दा अतिरिक्त काम गराउँदा त्यसलगत्तैका दिनमा तिनको कार्यक्षमतामा कति ह्रास आयो ? वा त्यति धेरै सुरक्षाकर्मी एउटै काममा केन्द्रित हुँदा सुरक्षाका अन्य दैनन्दिन काममा कति असर पर्‍यो ? के एउटा व्यक्ति वा मुलुकको आतिथ्यका लागि तीन दिनसम्म १६ हजार मानिस खटाउनु लाभहानि विश्लेषणका दृष्टिले उचित हो ? वा यतिविघ्न जनशक्ति परिचालन धेरै राजनीतिक नेता उपस्थिति हुने अन्तर्राष्ट्रिय सम्मेलनका लागि मात्रै ठीक हो ?

सबल लोकतन्त्रहरूमा यस्ता प्रश्न शक्तिशाली भएर ठडिन्छन् । जस्तै, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चार दिनका लागि बेलायत पुग्दा १० हजार सुरक्षाकर्मी परिचालन गर्नुपर्‍यो । ३ सयजतिलाई त आरामले सुत्ने ठाउँको पनि व्यवस्था नभएको हुनाले जनविरोध भयो । एक व्यक्तिको भ्रमणले सयौं प्रहरीलाई सकस परेकामा त्यहाँकी उच्च प्रहरी अधिकारीले माफी मागिन् । स्कट्ल्यान्डका गृहमन्त्रीले पनि प्रहरी खटाउन जनकोषको करोडौं खर्चिनुपरेकामा अब विकल्प खोज्नुपर्ने भने । हाम्रा प्रहरीको हैरानी तथा थकान र त्यसको प्रतिकूल प्रभावबारे त सोच्न पनि भ्याएका छैनौं ।

एकछिनलाई मानौं- हामीले यी आर्थिक मूल्य केही गरी चुक्ता गर्नेछौं तर त्योभन्दा महत्त्वपूर्ण प्रश्न राजनीतिक मूल्य हो । सी आउँदा कर्फ्युसरह नै जनगतिविधिमाथि निषेध र बन्देज लगाइयो । यो थोरै पनि विधिसंगत थिएन । त्यसमाथि आफ्नो आवश्यकताभन्दा अरूकै आग्रहमा यस्ता निषेध लगाउनु स्वाभिमानको द्योतक पक्कै होइन । जस्तै, सवारीका बेला लामै समय मूल सडकमा हिँड्डुल गर्न पूर्णतः निषेध गरियो । जनतालाई सडकपेटीमा समेत हिँड्न दिइएन । ती बाटोमा गाडी नै नगुडाउन प्रहरीले गर्वले उर्दी जारी गर्‍यो । स्वतन्त्र हिँड्डुल गर्न पाउने संवैधानिक स्वतन्त्रतामाथि योभन्दा ठूलो व्यंग्य अरू के हुन सक्थ्यो !

अर्को टिठलाग्दो विषय हो, शान्तिपूर्ण विरोध गर्न पाउने अधिकारलाई राज्यले नै हरण गर्नु । सी नेपालका विशिष्ट पाहुना थिए । उनको भ्रमणमा हुन सक्ने आक्रामक प्रदर्शन दबाउनु स्वाभाविक हो तर प्रश्न उठ्नै नदिनु

कतन्त्रकै सुपुर्दगी ?

सी आउँदा कर्फ्युसरह नै जनगतिविधिमाथि निषेध र बन्देज लगाइयो । यो थोरै पनि विधिसंगत थिएन । त्यसमाथि आफ्नो आवश्यकताभन्दा अरूकै आग्रहमा यस्ता निषेध लगाउनु स्वाभिमानको द्योतक पक्कै होइन ।

पनि लोकतन्त्रको चरित्र होइन ।

लोकतन्त्रमा फरक अभिमतको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने एउटा उदाहरण सीकै अस्ट्रेलिया भ्रमणलाई मान्न सकिन्छ । राष्ट्रपति सीको ब्रिस्बेन भ्रमणका बेला चीन सरकारविरोधी प्रदर्शन हुने सुइँको चिनियाँ कन्सुलेटले पाइसकेको थियो । त्यसैले चिनियाँ अधिकारीहरूले स्थानीय अस्ट्रेलियन प्रहरीलाई कुनै पनि प्रदर्शन गर्न नदिन भने । तर प्रहरीले स्वीकारेन । चित्त नबुझेको कुरामा शान्तिपूर्ण विरोध गर्न पाउनु सबै लोकतन्त्रमा झैँ अस्ट्रेलियामा पनि संवैधानिक अधिकार हो । प्रहरीको जवाफ थियो- उसले त्यस्ता विरोधलाई दबाउने होइन, व्यवस्थित बनाउन सहयोग गर्ने गर्छ ।

तद्नुरूप शान्तिपूर्ण प्रदर्शन गर्ने समूहले सी भ्रमणको केही साताअघि नै प्रहरीको अनुमति लिए । चीन सरकारले विविध धार्मिक समूहमाथि गरेको अत्याचारविरुद्ध कोलाहलरहित प्रदर्शन र परेड गरे । प्रहरीले प्रदर्शनलाई समर्थन गरेन तर व्यवस्थित पार्न सघायो ।

अर्को समूहले भने राष्ट्रपति सी बसेको होटलअघि स्वायत्त हडकडको पक्षमा आक्रामक विरोध गऱ्यो । तिनलाई प्रहरीले उतिखेरै टिपेर लग्यो । कानुनअनुसार कारबाहीको पुर्जी काटिहाल्यो ।

अर्को चाखलाग्दो घटना थियो, चीनको संस्थापनविरोधी र समर्थक समूहबीचको तनाव । सरकारविरोधी समूहले प्रदर्शन गरेको ठाउँमा समर्थकका हुल आएर नाराबाजी गरे । चीनको झन्डा गाड्न थाले । प्रहरीले समर्थक समूहलाई तत्कालै त्यो ठाउँ छाड्न भन्यो किनकि विरोधी समूहले सो स्थानमा प्रदर्शन गर्न केही साता पहिल्यै निवेदन दिएर स्वीकृति पनि पाएका थिए । तर समर्थक समूहले भने निवेदन नै दिएका थिएनन् ।

चुरो कुरा- चीन हाम्रो छिमेकी हो । उसको भौगोलिक अखण्डतामा आँच पुग्न नदिनु हाम्रो कूटनीतिक जिम्मेवारी हो । तर त्यसबाहेक चीनमा भएका सामाजिक र धार्मिक अत्याचार वा चिनियाँ शैलीप्रति कसैलाई असन्तुष्टि छ भने त्यो पोख्न पाउनु नेपालमा संवैधानिक अधिकार हो ।

यो कुरा चिनियाँ अधिकारी आउँदा मात्रै होइन, भारतीय, अमेरिकी वा अन्य जुनै विशिष्ट पाहुना आउने हकमा पनि लागू हुन्छ । चाहे मोदीको भ्रमण होस् वा डोनाल्ड ट्रम्प नै किन नआऊन्, बलियो लोकतन्त्रमा सरकार पहिला उत्तरदायी हुने विदेशी नीतिप्रति होइन, आफ्नै संविधान र जनताप्रति हो । त्यसैले जोसुकै विदेशी नेता आउँदा पनि नेपालमा सभ्य र संविधानसम्मत तरिकाले फरक मत प्रदर्शन गर्न पाउने अधिकार सरकारले सुरक्षित गर्नैपर्छ ।

एकछिनलाई तिब्बतको विषय छाडौँ । चिनियाँ परियोजनाका कारण काठमाडौँ चक्रपथ वा कुनै गाउँको जलविद्युत् आयोजनामा भएका गम्भीर वातावरणीय असरविरुद्ध प्रदर्शन गर्न पाउने कि नपाउने ? यही धनुष्टंकार संस्कृतिले मलजल पाउने हो भने भोलि हामीले विदेशी परियोजनाका कारण घर वरपर परेका प्रतिकूल असर पनि टुलुटुलु हेरेर बस्नुपर्नेछ । योभन्दा ठूलो लाज नेपाली लोकतन्त्रलाई अर्को कुनै हुने छैन ।

पाहुनालाई खुला मनले स्वागत गर्नुपर्छ । यो नेपाली मूल चरित्र पनि हो । तर भीआईपी भ्रमणहरू यस्तै भइरहने हो भने हामीले तिनको आर्थिक मूल्य मात्र तिर्देनौँ, लोकतान्त्रिक मूल्य पनि चुकाउनेछौँ । आखिर आर्थिक सम्बन्धको निहुँमा हामीले लोकतन्त्रकै सुपुर्दगी कहिलेसम्म गरिरहने ? ने

ट्वीटर : @TextSafal

नेपाल राउन्ड टेबलमा बायाँबाट क्रमशः अजयभद्र खनाल, रञ्जु दर्शना, प्रदीप पौडेल र रामकुमारी झाँक्री

‘राजनीति अपराधको के

शक्तिशालीहरूको संरक्षण छ

– **रामकुमारी झाँक्री**, नेकपा सांसद

राज्यको शक्तिशाली ठाउँमा रहेका र राज्य संरचनाले संरक्षित मान्छेले यस्ता आपराधिक क्रियाकलाप राजनीतिक रङमा गरेको यो पहिलो पटक होइन । गौर हत्याकाण्ड, लहान हत्याकाण्डबारे अहिले पनि हामी प्रश्न उठाउन सकेका छैनौँ । नैतिक पतन, राजनीतिमा अपराधीकरण तथा गुन्डागर्दीको प्रयोग र त्यसैको पृष्ठभूमिमा शक्तिशाली र प्रभावशाली नेताहरूको सहभागिता नयाँ घटना होइन । समग्रमा हाम्रो राजनीतिक मूल्य-मान्यतामा ह्रास आएको भन्दिनँ तर नैतिक मूल्य घटेको पक्कै हो । सोसल मिडिया खोलेर हेरौँ, केही शक्तिशालीको संरक्षणमा रहेका व्यक्तिहरू विभिन्न चारित्रिक मामिलामा नमुछिएका छन् र ? तिनका बारे कुनै अखबारमा समाचार छापिएका छन् र ? यस्ता विषयले राजनीतिक रङ लिए भने अपराधीले उन्मुक्ति पाउँछन् । त्यसकारण म बोल्दा धेरै कुरा राजनीतिकरण हुन्छ कि भनेर म कहिलेकाहीँ बोल्ने कुरामा हतार गर्दिनँ । आपराधिक घटनालाई राजनीतिक रङ दिएर त्यसलाई विषयान्तर गर्ने र वास्तविक अपराधीतर्फ नगएर अन्यलाई कारबाही गर्ने पनि हुन सक्छ ।

कानुनले देख्न थाल्यो

– **प्रदीप पौडेल**, कांग्रेस नेता

संसदीय व्यवस्था अँगालेका देशहरूमा जनप्रतिनिधिलाई माननीय भन्ने चलन छ । तर माननीयहरूले आफ्नो मर्यादा कायम राख्न सक्नुभएन । हाम्रो राजनीतिमा ‘मनी’, ‘मसल’ र ‘म्यानुपुलेसन’ को प्रभाव भएकाले यस्तो खालको स्थिति उत्पन्न भएको हो । सकारात्मक ढंगले कसरी पनि हेर्न सकिन्छ भने अत्यन्त शक्तिशाली मानिस पनि कानुनविपरीत चल्यो भने उसले आफूलाई नैतिक धरातलमा उभ्याउन सकेन भने रातारात सकिँदो रहेछ । कानुनले अत्यन्त शक्तिशाली मानिसलाई पनि छाडेन भनेर पनि हेर्नुपर्छ । कुनै पनि विषय आउनेबित्तिकै त्यसलाई निष्पक्ष ढंगले छानबिन गरिनुपर्छ । छानबिन गरेर त्यस्तो घटनामा जोडिएकाहरू दोषी ठहरिएको अवस्थामा जुनसुकै पार्टीमा भए पनि वा शक्तिशाली पदमा रहे पनि त्यस्ता व्यक्ति कारबाहीको भागीदार हुनुपर्छ । यसले समाजमा दण्डहीनताको स्थिति अन्त्य हुन्छ । समाजमा अरू कसैले त्यस्तो गर्ने प्रयास गर्दैन । समाजले देखिरहने तर कानुनले नदेख्ने अवस्थाभन्दा कानुनले पनि देख्ने अवस्था उचित हो ।

राजनीति ‘लाजनीति’ भयो

– **रञ्जु दर्शना, नेतृ**, विवेकशील नेपाली

५० को दशकपछि जन्मिएकाहरूले सांसदका रूपमा ६ सय १ सुनेका हुन्, चिनेका हुन् । ६ सय १ सांसद, पहिलो संविधानसभा, दोस्रो संविधानसभा हुँदै संघीय संरचनामा आइपुग्दा सुटकेस बुझाएर सांसद पद किनेको कुरा सुन्दै आएको भएर पनि माननीयहरू मुछिएका विभिन्न घटना भयंकरै हुन् भन्ने लागेको छैन । बरु यो हेर्दा अहिलेसम्म गरिएको ‘राजनीति’ थियो कि ‘लाजनीति’ भन्ने प्रश्नचाहिँ आउँदो रहेछ । हामीले कसलाई हेरेर राम्रो कुरा सिक्ने भन्ने प्रश्न आउँछ । हाम्रो दैनिकी परिवर्तन गर्ने नीतिलाई कार्यान्वयन गरे मात्र जनताले माननीय भन्छन् ।

माननीयहरूकै यस्ता समाचार आएपछि कसैलाई पनि खुसी लाग्दैन । निष्पक्ष छानबिन त हुनुपर्‍यो तर त्यही निष्पक्षतामा हस्तक्षेप गरेकाले माननीयहरूको मान गिरेको हो । अहिले आएका कुरा त नैतिकताका सन्दर्भमा आएका छन् । तर ससाना कुरामा पनि उहाँहरूको हस्तक्षेप हुन्छ । कोही जेल पर्‍यो भने छुटाउन माननीयज्यूहरूकै फोन जाने कुराले नै ठूला घटनाका लागि बाटो खोलिदिएका हुन् । राजनीति ‘लाजनीति’ भयो ।

द सैंको पारिवारिक जमघटका बेला सभामुख कृष्णबहादुर महरा जोडिएको नैतिक विचलनको खबरले प्रधानता पाइरह्यो । त्यो खबर सेलाउन नपाउँदै कांग्रेसका अर्का सांसद मोहम्मद आफताव आलमबारे जे खबर बाहिरियो, त्यसले मानिसलाई हिंसा र आतंकको त्यति क्रूर रूप पनि हुंदो रहेछ भनी मूल्यांकन गर्न बाध्य बनायो । राजपा सांसद प्रमोद साह जनकपुरमा विमानस्थल काउन्टर तोडफोड गरेको आरोपमा समातिए । नेकपाका अर्का सांसद पार्वत गुरूङ त्यस्तै हत्या उद्यमको घटनासँग जोडिए । कांग्रेस सांसद देवेन्द्रराज कँडेलको नागरिकता हैसियतबारे विभिन्न समाचार प्रवाहित भइरहेका छन् ।

प्रदेश सांसदहरू एकपछि अर्को गर्दै समातिने, कारबाहीको दायरामा आउने शृंखला बढ्दो छ अनि माननीय नभनिए पनि बैतडीको डोजर काण्डमा अन्ततः सत्तारूढ नेकपाकै स्थानीय नेताहरू जोडिएको प्रसंग दृश्यमा खुल्न आएको छ । यसले पछिल्लो राजनीतिक परिवर्तनका लागि लडेका शक्तिहरूप्रति आम मानिसमा कस्तो खालको धारणा बन्न सहयोग पुर्‍याउँछ ? अनि, समग्र राजनीतिप्रति कस्तो खालको सन्देश प्रवाह गर्छ ? दलहरूले यसबारे गम्भीर भएर सोच्ने बेला आइसकेको छ कि छैन ? यदि सोच्ने हो भने अब गर्नुपर्ने काम के-के हुन् ? *नेपाल* म्यागजिनको राउन्ड टेबल 'माननीयको मान किन गिर्दो ?' मा नेकपा सांसद **रामकुमारी झाँक्री**, कांग्रेस नेता **प्रदीप पौडेल**, विवेकशील नेपाली दलकी नेतृ **रञ्जु दर्शना** र विश्लेषक **अजयभद्र खनाल**सँग **बसन्त बस्नेत, जनक नेपाल** र *नेपाल* टिमको संवाद :

न्द्रबिन्दु बन्यो'

शक्ति र अपराधको सम्बन्ध

– अजयभद्र खनाल, विश्लेषक

पैसा नहुने र गुन्डाहरू प्रयोग गर्न नसक्ने मानिस राजनीतिमा सफल हुन सक्दैन । प्राकृतिक स्रोत-साधन बालुवा, गिट्टी, माटो, वन आदि लुट्न नसक्ने मानिस राजनीतिमा टिक्न सक्दैन । यस्तो प्रवृत्ति जहिलेसम्म रहन्छ र यसका आधारमा कोही राजनीतिमा रहिरहन्छ, यस्ता घटना दोहोरिरहन्छन् ।

दोष कसको ?

■ रामकुमारी झाँक्री

विश्वविद्यालय, स्कुल, व्यवसाय वा सार्वजनिक क्षेत्रमा एक प्रकारको आफूले नकमाएको सम्पत्ति खाएर मस्ती गर्ने र आर्जन नगरेको सम्पत्तिबाट बाँच्ने मानिसको संख्या ठूलो छ । चाहे त्यो कमिसनको कुरा होस् वा दलालीको । जब हामीले मत दिँदा नैतिक मूल्य बिर्सन्छौं र यस्ता आपराधिक मनोवृत्ति भएका मानिसलाई वाहवाही गर्छौं, तब अपराध झन् बढ्छन् । र, यस्ता पात्रहरूको बोलवाला हुन्छ । यसमा समाज, व्यवस्था, नागरिक समाज, मानव अधिकारवादी, मिडिया सबै चुकेका छन् ।

■ प्रदीप पौडेल

हामीले संविधान बदल्यौं, व्यवस्था बदल्यौं तर प्रवृत्ति बदल्न सिकेनौं । ठ्याक्कै इंगित गरेर भन्न गाह्रो छ तर राजनीतिक दलहरू पनि यसमा दोषी छन् । मुख्य रूपमा हामीले नीतिको नेता बनाउन सकेनौं । प्रतिनिधिसभामा निर्वाचित हुनु नीतिको नेतृत्व गर्न हो । तर हाम्रा माननीयहरू चारित्रिक प्रश्नबाट घेरिनुभएको छ, आपराधिक घटनामा मुछिनुभएको छ । जसरी पनि चुनाव जित्ने, माननीय बन्ने, संसद् भवनमा पुग्ने, मन्त्री बन्ने, त्यसका लागि चुनाव जित्ने प्रवृत्ति छ । यसले के देखिन्छ भने जनताले 'उक्त व्यक्तिले मेरो प्रतिनिधित्व गर्न सक्छ कि सक्दैन ? ऊ किन चुनाव लड्दैछ ?' भन्ने हेरेकै छैन । राजनीतिक तहबाट पनि हेरिँदैन । वर्षौंदेखि राजनीति गरिरहेको, वैचारिक रुपमा स्पष्ट र नैतिकवान मानिस किन चुनाव जित्दैन भने ऊ यस्ता काममा कमजोर छ ।

■ रञ्जु दर्शना

जसको राजनीतिक उठबस छ, उसलाई भाउ दिने तर जो इलम गरेर खान्छ, उसलाई भाउ नदिने सामाजिक प्रवृत्ति छ । यसमा परिवर्तन आएन भने हाम्रो पुस्ताले मात्र होइन, हामीपछिको पुस्ताले पनि यसैलाई निरन्तरता दिनुपर्ने बाध्यता हुन्छ । अर्को कुरा, आम नागरिकले अपराधबारे किन बोल्न सक्दैन ? उसले बोलिहाल्यो भने सुरक्षाको अनुभूति कतैबाट पनि हुँदैन । यदि कसैले उजुरी गर्छ भने ऊ सुरक्षित हुनुपर्छ । आफू नै मरेर प्रश्न उठाउने कुरा सायद सम्भव नहोला । आफूलाई सुरक्षा दिने संस्थाहरूकै विश्वसनीयताको खडेरी हुँदा 'तैं चुप मै चुप' को अवस्था छ । यो विषय किन पनि संवेदनशील छ भने अदालतसम्म पनि मानिसको विश्वास छैन । अदालत, संसद्, प्रहरीजस्ता संस्थामाथि नै आम जनताको विश्वास उड्न थालेको अवस्थामा गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था छ ।

■ अजयभद्र खनाल

पहिले राजनीति गर्नका लागि पैसा चाहिन्थ्यो, अहिले पैसा कमाउन राजनीति गर्ने प्रचलन बढ्दो छ । नेपालमा अहिले प्राकृतिक स्रोत-साधन दोहनको अर्थतन्त्र वार्षिक दुई खर्ब बराबरको छ । सम्भ्रान्त राजनीतिज्ञहरूसँगको संघर्षमा जनता बलियो भए मात्र यस्ता घटना न्यूनीकरण हुन्छन् । निर्वाचन प्रणालीमा पनि सुधारको आवश्यकता छ ।

पूर्ण पाठ : nepalmag.com.np,
भिडियो : अंगद ढकाल, तस्बिरहरू : सरोज बैजु

घातक जाम

एम्बुलेन्सको सहज आउजाउका लागि न ट्राफिक प्रहरी जिम्मेवार, न त सर्वसाधारण

गोकर्ण गौतम

असोज पहिलो साता । साँझ ७ बज्दै थियो, सुत्केरी व्यथा लागेकी महिलालाई भक्तपुरबाट थापाथलीस्थित परोपकार प्रसूतिगृह पुऱ्याउनुपर्ने भयो । मिलन पुरीले बा९च ७१७२ नम्बरको एम्बुलेन्स हाँके, महिला चिच्याइरहेकी थिइन्, आफन्त आत्तिइरहेका थिए । पुरी जतिसक्दो छिटो अस्पताल पुऱ्याउन चाहन्थे । साइरन बजाउँदै जडिबुटी आइपुगे । त्यहाँबाट कोटेश्वर छिचोल्नुपर्ने तर सडक पूरै जाम । विपरीत दिशामा हिँड्नुको विकल्प थिएन । अलि वर एउटा मोटरसाइकलले स्कुटरलाई ठक्कर दिएछ । भीड जम्मा हुँदै थियो । वास्तै नगरी अगाडि बढ्दै गर्दा ट्राफिक प्रहरीले रोके र उनले विपरीत दिशाबाट ल्याएकाले दुर्घटना भएको भन्दै हपारे । पुरीले आफू आउनुअगावै दुर्घटना भएको र बिरामीलाई अस्पताल पुऱ्याउन हतारो रहेको बिन्ती बिसाए । तर ती ट्राफिकले धेरै बेर केरकार गरिरहे । चालक पुरी भन्छन्, "बिरामीका आफन्त र दुर्घटनास्थलमा जम्मा भएकाहरूले एम्बुलेन्सको गल्ती छैन भनेपछि बल्ल छाडियो । बिरामी हुँदा पनि प्रहरीले संवेदनशीलता देखाएन । धन्न ! अस्पताल पुऱ्याउँदासम्म केही भएन ।"

नुवाकोटमा सुन्दै मन कटक्क खाने घटना भयो, दसैँको पूर्वसन्ध्यामा । रसुवा, उत्तरगया गाउँपालिका-२ की इन्द्रकुमारी तामाङ एक्कासि बिरामी भएपछि बिदुरस्थित अस्पतालमा एम्बुलेन्सबाट ल्याइँदै थियो । आफ्नो स्कुटरलाई ठक्कर दिएको भन्दै बिदुरका स्थानीय आयुष रिजालले बाटोमै रोकिदिए । एम्बुलेन्स चालक र बिरामीका आफन्त क्षतिपूर्ति दिन राजी भए । तर ती युवाले अनेक बहानामा आधा घन्टा एम्बुलेन्स रोकिदिए, न प्रहरी समयमै आइपुग्यो । अस्पताल नपुग्दै बाटोमै तामाङको मृत्यु भयो ।

एम्बुलेन्स साइरन बजाउँदै हुइँकिरहेको हुन्छ । सडकमा जाम पर्छ तर न ट्राफिक प्रहरीले प्रभावकारी ढंगले बाटो खुलाउन पहल गर्छन्, न त मोटरसाइकल र गाडी चाकलले आफैँ बुझेर बाटो छाडिदिन्छन् । एम्बुलेन्स चालक पुरी अनुभव सुनाउँछन्, "रातो बत्ती र साइरन बजाउँदा पनि वास्तै हुँदैन । भित्र बिरामी छटपटाउँछन्, आफन्त आत्तिन्छन् तर हामी केही गर्न सक्दैनौँ ।" राजधानीबाहिर पनि यो समस्या छ । तर ट्राफिक व्यवस्थापन भद्रगोल भएकाले राजधानीभित्र हरेक चोक-चोकमा एम्बुलेन्स अलपत्र पर्छन् । त्यसको संवेदनशीलताले कसैलाई छुँदैन ।

७ कात्तिक मध्याह्न । कालीमाटीबाट

बा१घ ६४६४ नम्बरको एम्बुलेन्स त्रिपुरेश्वरतिर आइरहेको थियो। मोटरसाइकल, सार्वजनिक र निजी सवारी साधनले बाटो भरिभराउ थिए। चालक विपरीत दिशाबाट अगाडि बढे। तर अलि अगाडि आएपछि त्रिपुरेश्वरबाट टेकु जाने साइड खुल्यो, एम्बुलेन्स बीचमै रोकियो। चालकले साइरन बजाइरहे तर त्यहाँ ट्राफिकको उपस्थिति भएन। करिब १० मिनेटपछि मात्र चालकले एम्बुलेन्स अगाडि बढाउन सके। यो नियतिलाई नजिकबाट नियालिरहेका नेपाल रेडक्रसको स्वास्थ्य विभागका उपनिर्देशक बाबुराजा बोहरा भन्छन्, "आम मानिसमा चेतनाको कमी छ, आफूलाई मात्र हतार भएझैँ गर्छन्, एम्बुलेन्सलाई बाटै छाड्दैनन्। प्रहरीले पनि प्राथमिकतामा राख्दैन। त्यसैले एम्बुलेन्सलाई सडक सहज छैन।"

जब विशिष्ट व्यक्तित्वको आवागमन हुन्छ, ट्राफिक प्रहरी मरिमेटेरै बाटो खुलाउन लागिपर्छ। पैदल यात्रुलाई समेत रोकिन्छ। जुन साइडबाट भीआईपी आइरहेका हुन्छन्, त्यही साइडबाट आएका सवारीलाई लामो समय खुला छाडिन्छ। राजधानीमा यात्रा गर्ने जोकोहीले दैनिक देख्ने-भोग्ने पीडा हो, यो। तर एम्बुलेन्स आउँदाचाहिँ प्रहरीले सोहीअनुरूप सक्रियता देखाउँदैन। विपरीत दिशाबाट आएको भन्दै कतिपय प्रहरीले गाली गर्ने गरेको एम्बुलेन्स चालकको दुःखेसो छ। भलै, महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख एसएसपी भीम ढकाल यसलाई नकार्छन्। एम्बुलेन्सलाई प्राथमिकता दिन निर्देशन दिइएको र फिल्डमा खटिएका प्रहरीले सोहीअनुरूप गर्ने एसएसपी ढकालको दाबी छ। भन्छन्, "हामीले सधैँ एम्बुलेन्सका लागि जतिसक्दो बाटो खुलाउन खोज्छौँ तर निजी-सार्वजनिक सवारी चालकले जिम्मेवारीबोध गरेर साथ दिँदैनन्। त्यसैले कहिलेकाहीँ प्रयास गर्दागर्दै भनेजस्तो सहजता उपलब्ध गराउन सकिरहेका हुँदैनौँ।" भीआईपीको सवारी हुँदा पनि एम्बुलेन्सलाई नरोकेको जिकिर गर्छन् उनी।

१४ वर्षदेखि राजधानीमा एम्बुलेन्स चलाइरहेका रामकृष्ण बरालको अनुभव त्यस्तो छैन। उनी दैनिक दुई-तीन बिरामीलाई अस्पताल पुऱ्याउँछन्। कहीँ न कहीँ अवरोध भइरहेकै हुन्छ। पिकआवरमा अझ बढी सास्ती खेप्नुपर्छ। भन्छन्, "बिरामीका आफन्त छिटो दौडाउन भन्छन्। मूलबाटोमै जाम होला भनेर सहायक र छोटो बाटो रोज्छौँ तर त्यहीँ पनि जाम परिरहेको हुन्छ। साइरन र रातो बत्ती बाल्दा पनि बाटो छाड्दैनन्।" समयमा अस्पताल पुऱ्याउन नसकेकै कारण दुई बिरामीको एम्बुलेन्समै मृत्यु भएको तीतो अनुभव छ, उनीसँग। कालीमाटी-त्रिपुरेश्वर, माइतीघर, थापाथली, कोटेश्वर, बानेश्वर, गोंगबु, चाबहिलजस्ता मुख्य चोकमा एम्बुलेन्स जामको चपेटामा पर्ने गर्छन्। कहिलेकाहीँ दुवै साइडमा सवारी साधन भरिभराउ हुन्छन्। त्यस्तो बेला साइरन बजाएर बस्नुको विकल्प हुँदैन। बराल भन्छन्, "एम्बुलेन्स, दमकलजस्ता अत्यावश्यक सेवाका सवारी साधनका लागि छुट्टै लेन बनाउनु आवश्यक भइसकेको छ। नत्र जनसंख्या बढिरहेकाले भोलिका दिनमा समस्या झन् जटिल हुन सक्छ।" दसैँअगाडि नौबिसेको जाममा कैयौँ घन्टा एम्बुलेन्ससमेत रोकिनुपऱ्यो।

उपत्यकामा अनुमानित ३ सय एम्बुलेन्सले सेवा दिइरहेका छन्। त्यसबाहेक बाहिरी जिल्लाबाट बिरामी बोकेर यहाँ आउने एम्बुलेन्स पनि उत्तिकै हुन्छन्। एम्बुलेन्स सञ्चालन कार्यविधि निर्देशिका, ०७३ मा बिरामी अस्पताल पुऱ्याएपछि आफ्नो गन्तव्यमा फर्कनुपर्ने उल्लेख छ। तर राजधानीका नाम चलेकै अस्पतालअगाडि एम्बुलेन्स पार्क गरेर राखिएका हुन्छन्। मोफसलबाट आएका एम्बुलेन्स फर्कदा बिरामी पाउने लोभमा त्यत्तिकै घुमिरहेका हुन्छन्। यो परिपाटीले पनि कहिलेकाहीँ समस्या सिर्जना गरेको उपनिर्देशक बोहरा बताउँछन्। नयाँ नियमअनुसार पाँच वर्षको अनुभव भएकाले मात्र एम्बुलेन्स चलाउन पाउँछन्। उनीहरूमा प्राथमिक उपचारको पनि ज्ञान हुनुपर्छ। तर यसको कार्यान्वयन फितलो छ। बोहरा भन्छन्, "एम्बुलेन्सका तर्फबाट पनि केही कमजोरी छन् तर मुख्य समस्या सडकमै छ। जामकै कारण बिरामीलाई समयमै अस्पताल पुऱ्याउन नसक्दा ज्यानै जानु विडम्बना हो।" उनी वैकल्पिक र छोटा मार्गबारे चालक जानकार हुनु आवश्यक देख्छन्।

> एम्बुलेन्सले साइरन बजाउनासाथ सतर्क हुने र बायाँ लेनमा ओभरटेक नगर्ने हो भने मात्र पनि एम्बुलेन्स रोकिनु पर्दैन।
>
> **– भीम ढकाल**
> प्रमुख
> महानगरीय ट्राफिक प्रहरी महाशाखा

चालक पुरी प्रहरीभन्दा अन्य सवारी चालक ज्यादा गम्भीर हुनुपर्ने बताउँछन्। उनको अनुभवमा निजी सवारी चालक सकेसम्म बाटो छाडिदिन्छन्, मोटरसाइकल र सार्वजनिक बस चलाउने अटेरी गर्छन्। त्यस्तो अवस्थामा प्रहरी आएर मिलाउन खोज्यो भने सबै सतर्क हुन्छन्, नत्र एम्बुलेन्सको आवाज सुनेको नसुन्यै गर्छन्। पुरी भन्छन्, "राजधानीबासीमा एम्बुलेन्सलाई बाटो छाडिदिनुपर्छ, आपद् परिरहेको हुन्छ भन्ने ज्ञान आफैँ हुनुपर्ने हो। तर हामी बोलीमा जति व्यवहारमा सभ्य र संस्कारी छैनौँ।" पुरीले भनेझैँ सर्वसाधारणमा चेतना अभाव भएको सत्य हो। आफूलाई पर्दा आत्तिने तर अरूलाई पर्दा बाटो नछाड्ने प्रवृत्तिले गाँजेको छ। यसलाई निमिट्यान्न पार्न नियमभन्दा नैतिकताको खाँचो देख्छन्, एसएसपी ढकाल। "एम्बुलेन्सले साइरन बजाउनासाथ सतर्क हुने र बायाँ लेनमा ओभरटेक नगर्ने हो भने मात्र पनि एम्बुलेन्स रोकिनुपर्दैन," ढकाल भन्छन्, "अत्यावश्यकबाहेक प्रहरीको गाडीसमेत जाममा रोक्न निर्देशन दिएका छौँ। हाम्रो प्राथमिकतामा एम्बुलेन्स नै पर्छ।" कहिलेकाहीँ एम्बुलेन्स चालकमा समस्या देखेकाले उनीहरूलाई बोलाएर छलफल र प्रशिक्षण दिने गृहकार्य थालेको ढकालले जानकारी दिए।

सडकमा एम्बुलेन्सले यतिविघ्न अवरोध खेप्नुपर्छ। जाम नै बिरामीको काल बन्ने गर्छ। भत्किएका सडक उस्तै घातक हुन्छन् तर पनि सरोकारवाला पक्षले यसलाई गम्भीरतासाथ लिएको देखिँदैन। रेडक्रस स्वास्थ्य विभागका उपनिर्देशक बोहरा भन्छन्, "लाइसेन्स लिने बेलैमा एम्बुलेन्स, दमकलजस्ता अत्यावश्यक सवारी साधनलाई कसरी प्राथमिकता दिने भनेर अभिमुखीकरण तालिमको व्यवस्था गर्नुपर्छ। प्रहरी थप संवदेनशील हुनुपर्छ। मुख्य कुरा चालकले नैतिक जिम्मेवारीबोध गर्नुपर्छ।" ने

जब भूमिगत प्रचण्ड टेम्पुमा



रवि मानन्धर

सरकार-माओवादीबीच चलिरहेको शान्ति प्रक्रिया निष्कर्षतिर पुऱ्याउने क्रममा पद्मरत्न तुलाधरलाई माओवादीका शीर्षस्थ नेताहरूसँग कुनै न कुनै रूपमा सम्पर्कमा आइरहनु पर्ने थियो। तर त्यतिबेला माओवादीसँग सम्पर्क स्थापित गर्नु सजिलो थिएन। प्रविधि र सुरक्षा दुवै हिसाबले कठिन थियो। माओवादीसँग सम्पर्क स्थापित गर्ने सहज माध्यम टेलिफोन नै थियो। त्यतिबेला फोनबाट सम्पर्क राख्नु पनि खतराभन्दा बाहिर थिएन। त्यसैले कतिपय माओवादी कार्यकर्ता आफ्नै फोन सेट बोकेर उहाँलाई घरमा भेट्न आउँथे। अनि त्यही फोनसेटमार्फत अज्ञात ठाउँमा भूमिगत बसिरहेका प्रचण्ड अथवा डा बाबुराम भट्टराईलाई सम्पर्क गराई कुरा गराउने व्यवस्था मिलाउँथे। कहिलेकाहीँ भने उहाँ आफैँले पनि उनीहरूसँग फोन सम्पर्क गर्नुपर्ने अवस्था आइदिन्थ्यो। त्यतिबेला गाह्रो हुने गर्थ्यो किनभने उहाँको आफ्नै घरबाट माओवादी नेताहरूलाई फोन गर्नु सुरक्षित थिएन। त्यो कसैले 'ट्याप' गरिरहेको पनि हुन सक्थ्यो। त्यसैले उहाँ कहिले सार्वजनिक टेलिफोन बुथमा गएर फोन गर्नुहुन्थ्यो। कहिले भोटाहिटीस्थित आफ्नी बहिनीको घरमा गएर।

त्यतिबेला एउटा हल्ला पनि चलेको थियो- माओवादीलाई 'ट्रेस' गर्न गुप्तचरले विभिन्न नेताहरूको फोन 'ट्याप' गरिरहेका छन्। यदि त्यो हल्ला सत्य हो भने उहाँको घर त एक नम्बरमै परेको होला। आफ्नो घरको फोन कसैले ट्याप गरिरहेको छ-छैन बुझ्न एकपल्ट उहाँ दूरसञ्चार कार्यालय पनि पुग्नुभएको थियो। त्यहाँबाट थाहा भयो कि उहाँको घरमा फोन ट्याप भइहालेको त छैन तर प्रयासचाहिँ भएको थियो। तत्कालीन शाही नेपाली सेनाका केही अधिकृत दूरसञ्चार पुगी पद्मरत्नको फोन ट्याप गरिदिनुपऱ्यो भनी अनुरोध गरेका रहेछन्। तर दूरसञ्चारले राज्यले अपराधी वा वान्टेड भनी कुनै आरोप नलगाएका सर्वसाधारण ग्राहकको फोन ट्याप गर्न मिल्दैन भनी फर्काएको रहेछ। दूरसञ्चारका केही सहृदयी कर्मचारीले उहाँलाई यो पनि जानकारी गराए कि सुरक्षाकर्मीले चाहे भने उनीहरू आफैँ ट्रान्सफर्मरमा गई त्यहीँबाट कसैको पनि फोन ट्याप गर्न सक्छन्। तथापि सुरक्षाकर्मीले तुलाधरको फोन ट्याप गरेका छन्-छैनन्, त्यो भने भन्न सकिन्न। यही कारणले पनि उहाँ माओवादीका शीर्ष नेताहरूसँग कुरा गर्नुपर्दा आफ्नो घरको फोन कमै मात्र प्रयोग गर्नुहुन्थ्यो। यदि ट्याप गरिएको रहेछ भने सुरक्षाकर्मीले माओवादी नेताहरूको बासस्थान तुरुन्तै पत्ता लगाउने सम्भावना रहन्थ्यो।

त्यसो त जनयुद्धकै दौरान माओवादीका भूमिगत शीर्षस्थ नेताहरूसँग उहाँले फोन मात्र होइन, प्रत्यक्ष नै पनि धेरै पटक

पद्मरत्नको घरैं आइपुगे

सम्पर्क गर्नुभएको थियो । माओवादी नेताहरूको टाउकाको मूल्य नै तोकिएको ।

त्यो खतरनाक समयमा पद्मरत्न र प्रचण्डबीच कति पटक प्रत्यक्ष भेटघाट भयो, त्यसको ठ्याक्कै संख्या भन्न नसकिए पनि प्रचण्डले बताउनु भएअनुसार उहाँहरूबीच थुप्रै पटक प्रत्यक्ष भेट भएको थियो । प्रचण्ड बताउनुहुन्छ, 'उहाँलाई हामीले भेट्ने भनेको अक्सर विदेशी भूमिमै हो । नेपालमा सुरक्षाका कारण पनि हामीले देशबाहिर नै भेट्नुपर्ने हुन्थ्यो ।'

पद्मरत्नले आफू एक्लै मात्र भेट्ने होइन, शान्ति प्रक्रियासँग सरोकार भएका र यसका लागि प्रयास गरिरहेका धेरै नै विदेशीलाई समेत प्रचण्डको गोप्य बासस्थानसम्म लगेर भेट गराउनुभएको छ । त्यसबेला विदेशीसँग भेट गर्नु माओवादी नेताहरूका लागि सुरक्षित त थिएन तैपनि पद्मरत्नले लिएर आएको मान्छे भनेपछि प्रचण्डलगायतका नेताहरू जोसँग पनि भेट्न तयार भइहाल्थे । प्रचण्ड सम्झनुहुन्छ, 'उहाँले युरोपेली, अमेरिकीलगायत दर्जनौं विदेशीसँग हाम्रो भेट गराउनुभएको छ । उनीहरूसँग हामीले शान्ति प्रक्रियाबारे लामै छलफल चलाउने गर्थ्यौं ।'

त्यतिबेला पद्मरत्नलाई प्रचण्डलगायत शीर्ष नेताहरूलाई पद्मरत्नसँग भेट गराउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने थुप्रै माओवादी कार्यकर्तामध्ये एक पूर्वमहान्यायाधिवक्ता मुक्ति प्रधान पनि हुनुहुन्थ्यो । प्रधानको त्यतिबेला काठमाडौं ज्याठा टोलमा एउटा ल फर्म थियो । प्रधानको उक्त ल फर्म कानुनी परामर्श कार्यालयजस्तो देखिए पनि भित्रभित्रै माओवादीको सम्पर्क कार्यालयको रूपमा सक्रिय थियो । कुनै पनि माओवादी नेताहरू काठमाडौं आए भने उनीहरूको सुरक्षा र बासस्थानको व्यवस्था प्रधानले त्यहीं बसेर मिलाइरहनुहुन्थ्यो । माओवादी नेता एवं कार्यकर्ता उहाँको ल फर्ममा कानुनी सेवा लिन आएका झगडियाजस्तो बेञ्चमा टुक्रुक्क बसिरहेका हुन्थे । पद्मरत्न र माओवादीका शीर्ष नेताहरूबीच सम्पर्क कायम गराउने काम पनि प्रधानले त्यहीं बसेर सम्पन्न गरिरहेका हुन्थे । पद्मरत्नलाई विदेश लगी माओवादी नेताहरू भेट गराउने काम पनि अक्सर प्रधानकै जिम्मा आइरहन्थ्यो ।

माओवादी नेताहरूलाई भेट्न जाने सम्पूर्ण काम र प्रक्रिया गोप्य तबरबाट हुने गर्थ्यो । त्यसरी भेट्न जाँदा कहिलेकाहीं पटक्कै नचिताएका अनौठा घटना पनि हुन जाँदा रहेछन् । तर गोप्यताका कारण त्यसलाई चुपचाप सहेर बस्नुबाहेक अर्को उपाय पनि हुँदैन । एकपल्ट पद्मरत्नलाई लिएर माओवादी शीर्ष नेताहरू भेट्न भारत जाँदा बाटोमा त्यस्तै एउटा रोमाञ्चकारी घटना घटित भयो ।

"

एकपल्ट पद्मरत्नलाई लिएर माओवादी शीर्ष नेताहरू भेट्न भारत जाँदा बाटोमा त्यस्तै एउटा रोमाञ्चकारी घटना घटित भयो ।

०५६ सालतिरको घटना थियो । माओवादी हेडक्वार्टरबाट काठमाडौंको माओवादी कमिटीलाई निर्देशन आयो कि एक पटक पद्मरत्नलाई लिएर शीर्ष नेताहरूलाई भेट्न आउनू । काठमाडौं कमिटीले पद्मरत्नलाई लिएर जाने जिम्मा मुक्ति प्रधानलाई नै दिइयो । सानो तयारीपछि जाने दिन पनि तोकियो । काठमाडौंदेखि नै सँगै गए मान्छेले शंका गर्न सक्छ । त्यसैले बाहिरै छुट्टाछुट्टै भेट्ने र त्यसपछि सँगै जाने तय भयो । दुवै जना काठमाडौंबाट अलग-अलग हिँड्ने र विराटनगरमा भेटेर त्यहाँबाट सँगै हिँड्ने कार्यक्रम मिलाइयो । त्यतिबेला पद्मरत्न विराटनगरमा 'झी पुचः' नामक स्थानीय नेवारको संस्थाले आयोजना गरेको कार्यक्रममा सहभागी हुन त्यता जानुपर्ने रहेछ । विराटनगर पुगी उहाँ त्यहींको 'नमस्कार होटल' को २०५ नम्बर कोठामा बस्नुभयो । मुक्ति प्रधानले उहाँलाई होटलको त्यही कोठामा पुगेर भेट्नुभयो । 'झी पुचः' को कार्यक्रम सकिएको भोलिपल्टै बिहान ५ बजे त्यहाँबाट हिँड्ने तयारी गरियो ।

भोलि बिहानै उहाँहरू विराटनगर कटेर जोगबनी पुग्नुभयो । त्यहाँबाट अब कहाँ जाने हो, तुलाधरलाई थाहा थिएन । तथापि त्यहाँबाट रेल चढेर अर्को यात्रा सुरु गर्ने जानकारी उहाँलाई दिइएको थियो । योजनाअनुसार जोगबनी पुग्नेबित्तिकै जुन रेल आउने हो, त्यसैमा बसेर गन्तव्यतिर जानुपर्ने थियो । तर त्यो दिन के भएछ कुन्नि, उहाँहरू चढ्नुपर्ने रेल समयमा आइपुगेन । रेलको आगमन 'डिले' भएको रहेछ । उहाँहरू रेल स्टेसनमै कुरेर बसिरहनुभयो तर घन्टौं कुर्दा पनि आइपुगेन । अहिले आउँछ, भरे आउँछ गर्दागर्दै ८ घन्टाको पट्यारलाग्दो पर्खाइपछि बल्ल रेल आइपुग्यो । त्यसमाथि गर्मीको समय । उहाँहरू त्यसै पनि थकित भइसक्नुभएको थियो । रेल आउनेबित्तिकै दायाँबायाँ केही नहेरी हतारमै भित्र पुग्ने प्रयास भयो । धकेलाधकेल गर्दै रेलभित्र छिर्नै लाग्दा पो होस आएछ, पद्मरत्नको त ब्रिफकेस नै गायब भइसकेको रहेछ । एकछिनअघि मात्रै रेल स्टेसनमा छाताजस्तो बनाइएको प्रतीक्षालयमा बसेर कुरा गरिरहँदासम्म ब्रिफकेस त्यहीं थियो । रेल आउनेबित्तिकै जब चढ्न लागियो, ब्रिफकेस छैन । यता खोजियो, उता खोजियो । अहँ, ब्रिफकेस भेटिएन । त्यो त कसैले आश्चर्यजनक ढंगले नै चप्काइसकेको रहेछ । अब

स्थिति कस्तो आइपऱ्यो भने ८ घन्टापछि बल्ल रेल आइपुगेको छ, त्यो रेल छुट्यो भने अर्को कहिले आउँछ, थाहा छैन । त्यस स्थितिमा रेल छाडेर ब्रिफकेस खोज्न जाउँ कि ब्रिफकेस त्यागेर रेलभित्र छिरुँ ! ब्रिफकेसमा उहाँको कपडालगायत अलिकति नगद पनि थियो । आखिर रेल हिँड्नै लागेकाले ब्रिफकेस माया मार्नुपर्ने भएछ ।

रेलभित्र उहाँहरूले बस्ने ठाउँचाहिँ राम्रै खाले पाउनुभएछ । सजिलो तर त्यही आरामदायी सिटले पुनः अर्को झन्झट निम्त्याउँदै छ भन्ने हेक्का भने उहाँहरूलाई कहाँ हुनु । दिनभरि रेल पर्खंदा-पर्खंदा लखतरान परेको जीउ आरामदायी कुर्सी पाउनेबित्तिकै भुसुक्कै निदाएछन् । रेल हिँड्दा बेलुकी अँध्यारै भइसकेको थियो । कता लग्यो, कता पुग्यो, त्यो झ्यालबाट हेरेर थाहा पाउने स्थिति पनि थिएन । रेल कुदिरह्यो, उहाँहरू निदाइरहनुभयो । निद्रा खुल्दा पो झसंग भयो, रेल त पन्जाब पुगिसकेको रहेछ । जबकि उहाँहरू जानुपर्ने त लखनउसम्म मात्रै हो । अब रेल काठमाडौँमा कुद्ने कुनै बस त होइन, जो ढोकामा ढ्याप्प ठोकेपछि घ्याच्च रोकियोस् । धेरै टाढा पुगेर मात्रै रेल रोकियो । उहाँहरू हत्तपत्त बीचैमा ओर्लेर विपरीत दिशाबाट आइरहेको अर्को रेलमा झटपट चढिहाल्नुभयो । त्यो उल्टो दिशाको रेलमा चढेर बल्ल उहाँहरू लखनउ आइपुग्नुभयो । त्यतिबेलासम्म ढिलो भइसकेको थियो । दिनमा पुग्नुपर्ने मान्छे रातमा पुग्दै छन् । त्यति ढिलो पुग्दा पनि उहाँलाई भेट्न लखनउ आइपुगेका तत्कालीन माओवादीका शीर्षस्थ नेताद्वय क प्रचण्ड र डा भट्टराई भने पर्खेरै बसिरहनुभएको थियो । उहाँहरू एक दिनअघि नै त्यहाँ पुगिसक्नुभएको रहेछ । तुलाधरलाई नै भेट्न पर्खिरहनुभएको रहेछ ।

नेताद्वयसँग पद्मरत्नले धेरै लामो कुराकानी गर्नुभयो । उहाँहरूबीच करिब दिनभरिजस्तै संवाद चल्यो । कुराकानी सकाएर भोलिपल्ट उहाँ नेपालगन्ज हुँदै काठमाडौँ फर्किनुभयो ।

माओवादी नेता प्रचण्ड काठमाडौँ आउनुहुँदा पनि उहाँले भेट्ने पहिलो व्यक्ति पद्मरत्न तुलाधर नै हुनुहुन्थ्यो । तुलाधरपछि मात्रै अरूलाई भेट्न जानुहुन्थ्यो । एकपल्ट प्रचण्ड अचानक उहाँको घर पुग्नुभएको थियो । त्यो ०५४ सालको घटना हो । त्यतिबेला पार्टीले काठमाडौँ जिल्लाको जिम्मा सेक्रेटरी दिनेश शर्मालाई दिएको थियो । त्यसैले काठमाडौँ आएका अध्यक्ष प्रचण्डको सुरक्षाको जिम्मा पनि शर्माकै थियो । अध्यक्ष प्रचण्डले काठमाडौँ पुग्नेबित्तिकै पद्मरत्न तुलाधरलाई भेट्ने इच्छा जनाउनुभयो । त्यसबेला पनि आवश्यक सहयोग मुक्ति प्रधानले नै गर्नुभएको थियो । प्रधानले तुलाधरको घरमा पुगी 'दाइ, आज तपाईंलाई पार्टीको एक जना वरिष्ठ नेता भेट्न आउँदै छन्, कतै नजानुहोला' भनेर खबर गर्नुभयो । भेट्नलाई को आउँदै छन्, त्यो भने बताउनुभएन ।

त्यतिबेला प्रचण्ड काठमाडौँ आएर डिल्लीबजार, कालिकास्थानमा बस्नुभएको रहेछ । दिनेश शर्मा र मुक्ति प्रधानले प्रचण्डलाई त्यहीँदेखि एउटा कालो टेम्पुमा राखी तुलाधरको घर पुऱ्याउनुभयो । घरमा अचानक प्रचण्ड नै आइपुगेको देखेर तुलाधर चकित हुनुभयो । त्यहाँ पनि उहाँहरूबीच लामो कुराकानी भयो । तर प्रचण्ड घरमा बसिरहन्जेल परिवारका अन्य सदस्य भने इन्तु न चिन्तु बनिरहेका थिए । कुराकानी सकाएर प्रचण्ड फर्कन लाग्दा अब उहाँ कसरी जानुहोला भनी हेर्न परिवारका सदस्य घरको छतमा उक्लेका थिए । प्रचण्ड घरबाट सरासर निस्केर बाटैमा रोकिएको एउटा ट्याक्सी चढी खुरुक्क हिँड्नुभएछ ।

राज्यको सम्पूर्ण सुरक्षा निकायले रात-दिन एक गरी खोजिरहेको मान्छे काठमाडौँजस्तो ठाउँमा त्यसरी खुलेआम हिँडे भनेर पनि तुलाधरले धेरै पटक प्रचण्डलाई गुनासो गर्नुभएको थियो । ने



सुरेश किरणलिखित जीवनी *पद्मरत्न तुलाधर*बाट एक अंश । नेपाल भाषाको यो पुस्तकबाट प्रस्तुत अंश उनैले अनुवाद गरेका हुन् ।

पहिचानविहीन नेपाली चिया

डेढ सय वर्ष पुरानो खेती भए पनि आफ्नै क्लोन छैन

विप्लव भट्टराई/इलाम

नेपाली चियाको बजार भारतसहित पश्चिमा देशमा पनि बढिरहेको छ । बढ्दो व्यापार घाटाको अवस्थामा विदेशी मुद्रा आर्जन गर्ने चिया खेतीको विस्तार र प्रवर्द्धनका सम्भावना धेरै छन् । स्वदेशमै रोजगारी सिर्जनाका लागि पनि चियालाई गतिलो माध्यमका रूपमा लिन सकिन्छ ।

तर डेढ सय वर्षभन्दा लामो इतिहास बोकेको नेपाली चियाको आफ्नै पहिचान नहुँदा कुनै पनि बेला अन्तर्राष्ट्रिय बजारमा समस्या खेप्नुपर्ने अवस्था आउन सक्नेमा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् ।

पश्चिम बंगालका केही भारतीय मिडियाले नेपाली चियाले भारतीय चियालाई विस्थापित गर्दै लगेकाले प्याटेन्ट राइटको कुरा उठाउनुपर्ने विषयलाई केही समयअघि प्राथमिकतासाथ उठाएका थिए । भारतीय टी बोर्ड र ठूला व्यवसायीलाई नेपालको चिया दार्जिलिङकै जस्तो गुणस्तर भएको र उत्पादन लागत कम भएकाले आन्तरिक र बाह्य बजार पनि प्रभावित गर्न सक्ने भन्दै भारतीय पक्षले सचेत गराउँदै आएको छ ।

अहिले पनि नेपाली व्यवसायीलाई भारतमा चिया निर्यात गर्न उति सहज छैन । सेन्ट्रल फुड ल्याब टेस्टका नाममा नेपाली व्यवसायीले झन्झट र खर्च धेरै बेहोर्नुपर्छ । यति हुँदाहुँदै पनि भारतले प्याटेन्ट राइटको कुरा उठाएर नेपाली चियालाई थप कडाइ गरे नेपाली चियाले अप्रत्यासित नतिजा बेहोर्नुपर्नेछ ।

इलामसहित पाँचथर, धनकुटा, तेह्रथुमलगायत जिल्लामा उत्पादन हुने अर्थोडक्स चियाको मुख्य बजार भारत हो । वार्षिक रूपमा उत्पादन हुने ५५ लाख किलो तयारी चियामध्ये ८० प्रतिशत भारत निर्यात हुन्छ । १० प्रतिशत चिया युरोप, अमेरिका र चीनतर्फ जान्छ भने बाँकी आन्तरिक बजारमा खपत हुने गरेको छ ।

राणाकालमै नेपालमा चिया खेती सुरु भए पनि अहिलेसम्म आफ्नै क्लोन विकसित हुन सकेको छैन । अन्तर्राष्ट्रिय स्तरमा चियाको बजार विस्तारका लागि महत्त्वपूर्ण मानिने आफ्नै पहिचान स्थापित गर्न कसैले पनि पहल थालेका छैनन् ।

नेपालमा चिया रोपिएको १ सय ५६ वर्ष पुगिसकेको छ । जंगबहादुरकै पालामा स्थापना भएको इलाम चिया कमानमा अझै पनि त्यो बेलाको चियाको बुस रहेको जानकार बताउँछन् । यिनै बुसबाट पनि नयाँ प्रजातिको चिया विकास गर्न सकिने जानकारको भनाइ

विप्लव भट्टराई

nepalmag.com.np

छ। "भारत र चीनबीच बासमती चामलको प्याटेन्ट राइटको विषयमा भएको विवादजस्तै नेपाली चिया पनि विवादमा आउन सक्छ," व्यवसायी माधव निरौला भन्छन्, "अझै पनि पुराना बगानबाट छनोट गरेर नेपाली चियाको क्लोन विकास गर्न सकिन्छ।"

यसअघि चिया तथा कफी विकास बोर्डले चियाको क्लोन विकासका लागि गरेका केही प्रयासले पूर्णता पाउन नसक्दा नेपाली चिया पहिचानविहीन बनेको हो। पछिल्लो समय चियाको समग्र विकासका लागि इलामका स्थानीय तहले पनि पहल थालेका छन्। "नेपालको अर्थतन्त्रमै उल्लेख्य योगदान गर्न सक्ने चियाको पहिचान नहुनु दुःखद हो," सूर्योदय नगरपालिकाका मेयर रणबहादुर राई भन्छन्, "यसका लागि ठोस पहल थाल्न प्रदेश र केन्द्र सरकारलाई आग्रह गरिएको छ।" मुलुकमै सबैभन्दा धेरै अर्थोडक्स चिया खेती भएको यो नगरपालिकाले पहिचान विकास र टेस्टिङका लागि यसै आर्थिक वर्षदेखि कार्यक्रम अघि बढाउने जनाएको छ।

बोर्डले क्लोनको विकास गर्न थालेको प्रयासले निरन्तरता पाएन। यहाँको चिसो हावापानीमा उत्पादित अर्थोडक्स चियाले दार्जिलिङ चियासँग प्रतिस्पर्धा गर्न थालेको भन्दै उनीहरूले नेपालको चिया भारतीय क्लोनकै भएको दाबी गरेका छन्।

विसं १९२० सालमा चीनबाट बिरुवा ल्याएर बडाहाकिम गजराजसिंह थापाले चिया खेती गरेको इतिहास छ। दार्जिलिङ चियाभन्दा पुरानो यहाँको चियाले आफ्नै क्लोन विकास गर्न नसक्नु दुःखलाग्दो भएको विज्ञहरू बताउँछन्। "आफ्नै क्लोन विकास गर्नु राम्रो हो," चिया उद्यमी उदय चापागाईं भन्छन्, "तर प्रकृतिले दिएका जैविक वस्तुलाई यो या त्यो राष्ट्रको भनिनु नै गलत हो।"

चापागाईंको बुझाइमा भारतमा पनि चीनबाटै चिया ल्याएर रोपिएकाले नेपाली चियालाई यही आधारमा अवमूल्यन गर्न मिल्दैन। चीनमा पनि पुराना बुस नष्ट भएको अवस्थामा इलाम बगानमा रोपिएकै बेलाकोसमेत बुस भएकाले त्यसैबाट क्लोन विकास गरेर नेपालभर त्यही प्रजातिको खेती गर्न सकिन्छ। र, इलाम बगानबाटै गोटीलाई अमेरिकासम्म पुऱ्याएर चिया उत्पादन गरिएको उनको विश्वास छ।

चियाको आफ्नै प्रजाति विकास गर्ने

उद्देश्यले फिक्कलमा हिमालयन टी प्रोड्युसर्स एसोसिएसन (होट्पा) नामक गैरसरकारी संस्थाले डेढ दशकअघि नै पहल थालेको थियो। सबैभन्दा पुरानो इलाम चिया बगानका बोटबाट बिउ ल्याएर नयाँ र मौलिक प्रजाति विकास गर्ने उसको अभियान संस्थाको निस्क्रियतासँगै असफल रह्यो। सन् २००४ देखि तीन वर्षसम्मको कार्यक्रम सकिएपछि अलपत्र भएको नर्सरी चिया तथा कफी विकास बोर्डलाई हस्तान्तरण गरियो। तर उचित व्यवस्थापन हुन नसक्दा त्यसको अस्तित्व नै समाप्त भयो।

बगानमा बुस छनोट गर्नेदेखि भारतबाट वैज्ञानिक ल्याएर आफ्नै 'क्लोन' विकास गर्न पर्याप्त प्रयास भएको थियो। करिब १० वर्ष लाग्ने यो अभियान ३ वर्षमा छाडिएपछि नेपालको चिया विश्वमा चिनाउने प्रयास तुहिएको थियो। अभियान पूरा भएको भए विश्व व्यापार संघमा नेपालको चिया चिनाउन र बजार प्रवर्द्धनका लागि महत्त्वपूर्ण खुड्किलो साबित हुने चिया प्राविधिक ज्योति अधिकारी बताउँछन्।

नेपाली जातको क्लोन तयार गर्न दार्जिलिङ विज्ञ एसके प्रधानले लामो समयसम्म मिहिनेत गरे। उनले इलाम र सोक्तिम बगानका पुराना बुससमेत पहिचान गरेर अध्ययन थालेका थिए। तर उनको निधनसँगै यो प्रयास पनि असफल देखियो।

"टी बोर्डले दार्जिलिङबाट प्रधानलाई झिकाएर प्रयास गऱ्यो र अध्ययनको काम पनि थालियो," चिया तथा कफी विकास बोर्डअन्तर्गत फिक्कलस्थित चिया विस्तार योजनाका प्रमुख इन्द्र अधिकारी भन्छन्, "पछिल्लो केही वर्षदेखि यो शीर्षकको बजेट नआएपछि पनि नेपाली पहिचानको चिया बनाउने अभियानले सार्थकता पाएन।"

नीतिगत परिवर्तनले पनि यो प्रयासलाई बाधा पुगेको हो। बोर्डअन्तर्गत हुँदै आएको अनुसन्धान नेपाल एग्रिकल्चर रिसर्च काउन्सिल (नार्क) लाई जिम्मा दिइएको हो। नेपाल सरकारले नेपाली चियाको आफ्नै लोगो तयार पारेर विश्व बजारमा स्थापित गर्ने प्रयास थालेको छ।

लामो विवाद र झमेलाका बाबजुद 'नेपाल टी क्वालिटी फ्रम द हिमालय' लेखिएको लोगोको प्रयोग थालिएको हो। गुणस्तरीय चिया उत्पादन गर्दै विश्व बजारमा आफ्नै पहिचानमा चिया बेच्न सकिने भएपछि नेपाली चियाको भविष्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। अहिलेसम्म चिया उत्पादक कम्पनीले आफ्नै लोगोमार्फत पश्चिमा देश पठाउँदै आएका छन्। अब नेपाली र कम्पनीको लोगोमा चिया पठाउँदा फरक हुने व्यवसायीको बुझाइ छ। नेपाली लोगोका कारण बजार प्रवर्द्धनमा सहज हुने भए पनि क्लोन नहुँदा पहिचानको संकट छ। ने

“सीमान्तकृत बालबालिकाका
शिक्षाको लागि सहयोग गरौँ ।
उनीहरुका सपना हामी पुरा गरौँ ।”
www.hiteri.org
मा गई डोनेट गर्नुहोस् ।
नेपालकै पहिलो Online Crowdfunding Platform
: /hitericrowdfunding
: /hiterifoundation
: @hitericrowdfunding
: 9818499565
“सामाजिक बिकासमा मितेरी,
हामी सबैको हितेरी” ।

रङ

सम्बन्धका सेतु

गोकर्ण गौतम
तस्बिर : सरोज बैजु

एसियाको प्रतिष्ठित बुसान बायोनाले सी-आर्ट फेस्टिभल, २०१९ मा १२ देशका कलाकारले समुद्री किनारामा आफ्नो कला देखाए । तीमध्ये एक थिए, नेपालका मनीषलाल श्रेष्ठ । अनेक रङका कपडा जोडेर मनीषले १ सय ८ मिटर लामो प्रतिस्थापन कला तयार पारेका थिए । यसलाई नाम दिइएको थियो, 'भर्टिकल वेभ' । यसलाई उनले दक्षिण कोरियामै बनाएका हुन्, १५ दिन लगाएर । १५ अन्य कलाकारको पनि साथ लिए । फेस्टिभलमा यो आर्ट प्रदर्शनी जारी छ । सबै रङका लुगालाई सेतो धागोले जोडिएको छ । मनीष भन्छन्, "लुगा हाम्रो दोस्रो छाला हो । यसबाट मैले भिन्न सम्बन्ध र समुदायलाई एउटै लयमा उन्न खोजेको हुँ ।" १ सय ८ मिटरकै बनाउनुमा चाहिं आध्यात्मिक अर्थ छ ।

दुई वर्षअगाडि मनीषले ऊनीले बुनेको १ हजार ३ सय ३६ मिटर लामो डोरी बनाएका थिए । यो रंगीबिरंगी डोरीलाई करिब ३ सय जनाले आफ्नो शरीरमा उनेर तारागाउँ म्युजियमबाट बौद्ध परिक्रमा गरेका थिए । काठमाडौं समुद्री सतहबाट १ हजार ३ सय ३६ मिटरमाथि छ, सोही कारण यहांको उचाइ नाप्ने डोरीका रूपमा आफ्नो कला अभिव्यक्त गरे । पब्लिक आर्टकै रूपमा तयार पारिएको यो कलात्मक डोरीले उतिबेला नेपालमा काफी चर्चा पायो । तर यसको महत्त्व अझ सकिएको छैन । त्यसैले त, अर्को महिना चीनमा हुने टुडे आर्ट महोत्सवको प्रदर्शनीमा राखिंदै छ । कार्गो गरेर डोरी चीन पठाउन भ्याई-नभ्याई छ, मनीषलाई ।

भिजुअल आर्टिस्ट मनीषको कला नेपालमा अग्रपंक्तिमा आउँछ नै, विदेशमा पनि व्यापकता पाउँदै छ । सम्बन्धका अनेक आयामलाई कलामा व्यक्त गर्न माहिर छन्, उनी । प्रायः पहिरनमा आफूलाई पोख्न खोज्छन् । जबकि १८ वर्षअगाडि मुम्बईस्थित जेजे स्कुल अफ आर्ट्सबाट स्नातक गरेर फर्कंदा के गर्ने, कसो गर्ने, पूरै अन्योलमा थिए । यहां कलाको विकास शैशवास्थामै थियो न यथेस्ट ग्यालरी थिए, न त कलात्मक गतिविधि हुन्थे । फाट्टफुट्ट कला अनुयायी मात्र भेटिन्थे । "मुम्बई हुंदै यो हालतबारे जानकार थिएँ । त्यहीं अवसर थियो तैपनि बस्न मन लागेन," मनीष पुराना दिन सम्झन्छन्, "कलाकारलाई राष्ट्रप्रति अति प्रेम जाग्दो रहेछ । मलाई त्यही प्रेमले तानेर यहां ल्यायो ।"

यहां आएपछि दुई वर्ष कलाकार, कला विकास र सम्भावनाबारे अनुसन्धानमै बिताए । अगाडि बढ्ने खाका तयार पारे । प्रयोगात्मक र नवीन कला पछ्याए । भन्छन्, "निरन्तरको साधनाले एउटा दिशा र गति दिंदो रहेछ ।"

> **"नेपालभित्र जनमानस र राज्यलाई नै कलाको प्रभावकारिताबारे चेतना जगाउनु छ । सँगै संसारभर नेपाली कला फैलाउनु छ । मेरो पाइला यी दुवै काम फत्ते गर्न अग्रसर छन् ।**

रक, पप, ज्याज, फंकी हरेक विधाका गीत खुब सुन्थे, जसले उनमा संगीतप्रति बिछट्टै प्रेम जगायो । मन्दिरका घन्टीका ध्वनिले उनलाई तान्थ्यो, सकारात्मक ऊर्जा दिन्थ्यो । त्यसैले उनले आफ्नो पहिलो एकल प्रदर्शनीमा घन्टीकै चित्र कोरे, सन् २००२ मा । घन्टी सात धातुले बनेको हुन्छ, त्यसको आवाजले वातावरण स्वच्छ बनाउँछ । तिनताका यस किसिमको अध्ययन गरेर चित्रमा व्यक्त गर्ने असाध्यै न्यून थिए । त्यसैले धेरै कलाप्रेमीको नजरमा परे तर पेन्टिङबाट मात्र उनको मन भरिएन । सोही कारण प्रतिस्थापन कलालाई रोज्न थाले । उनका अनुसार पेन्टिङमा भाव अभिव्यक्त गर्ने सीमितता हुन्छ, थोरैसँग मात्र अन्तरक्रिया हुन्छ । तर प्रतिस्थापन कलाले एकै पटक धेरै व्यक्तिसंग अन्तरक्रिया गर्छ, अनुभूत गराउन सकिन्छ । भयो पनि त्यस्तै । प्रतिस्थापन कलाले मनीषको कलात्मक यात्रालाई गति दियो ।

मनीषले घरको एउटा कोठामा स्टुडियो बनाए । मनमा उब्जने भाव कलामा मिसाउन थाले । तर व्यक्तिगत तबरबाट मात्र उपयोगी हुने देखेनन्, किनभने हामीकहां कलाप्रतिको साक्षरता निर्धो छ । पेन्टिङ र थाङ्कामा मात्र सीमित छ । त्यसैले कलालाई फराकिलो बनाउन समुदायसँग भिजेर काम गर्नुपर्ने अवधारणा ल्याए । अहिलेसम्म उनको टिमले ५० स्कुलका ५ हजार विद्यार्थीमाझ कलासम्बन्धी कार्यशाला गरिसकेको छ । भूकम्पपछि उनले अघि सारेको आर्ट थेरापी अभियान पनि सफल भयो । भूकम्पको केही दिनपछि उनी पुल्चोक निदान अस्पताल पुगे, त्रासको अवस्था थियो । बिरामीका बच्चा खेलिरहेका थिए । उनले सबै बच्चा जम्मा पारे । घरबाट कागज र पेन्टिङ लगे । बच्चालाई ग्रिटिङ कार्ड बनाउन सिकाए । बच्चाहरूले 'गेट वेल सुन' लेखिएका रंगीन कार्ड बेड-बेडमा पुगेर बिरामीलाई दिंदा सबैमा मुस्कान छर्‍यो । मनीष थप्छन्, "त्यसपछि हामीले सिन्धुपाल्चोक, धादिङ, काभ्रेका गाउँ-गाउँ पुगेर आर्ट थेरापी चलायौं । यसले भूकम्पपीडितलाई राहत दियो भन्ने लाग्छ । कलाकारले गर्न सक्ने यही त हो ।"

नेपालसहित अमेरिका, ताइवान, दक्षिण कोरिया, पाकिस्तान, हल्यान्डलगायत देशमा मनीषले १९ वटा एकल प्रदर्शनी गरिसकेका छन् । विदेशका कलाकारलाई नेपाल ल्याएर यहांका समकक्षीसंग अन्तरक्रिया गर्न ग्यालरी एमक्युब खोलेका छन् । उनका अनुसार यो कलाको वैकल्पिक केन्द्र हो । राज्यले कलाको महत्त्व नबुझेकामा चिन्ता छ, उनलाई । मनीष भन्छन्, "नेपालभित्र जनमानस र राज्यलाई नै कलाको प्रभावकारिताबारे चेतना जगाउनु छ । संगै संसारभर नेपाली कला फैलाउनु छ । मेरो पाइला यी दुवै काम फत्ते गर्न अग्रसर छन् ।" ने

घुमीफिरी युद्धमै

गुरुङ सुशान्त

झण्डै दुई करोडले ज्यान गुमाएको पहिलो विश्वयुद्धमा सबैभन्दा धेरै नरसंहार बेल्जियमको फेन्डर्सफिल्डमा भएको थियो । भनिन्छ, त्यहाँ एक लाखभन्दा धेरै मानिसले जीवन गुमाए । २८ जुलाई १९१४ मा सुरू भएको युद्ध ११ नोभेम्बर १९१८ मात्रै थामियो । त्यसबेलाका रक्तकुण्ड र रक्तनदीबारे कल्पना गर्नसमेत कठिन हुन्छ । उक्त ठाउँमा बगेको रगतमा कालान्तरमा पप्पी फूल उम्रिएको मिथक पनि जन्मियो । युद्ध रोकिएको तिथि पारेर प्रत्येक नोभेम्बर ११ मा ११ बजेर ११ मिनेट ११ सेकेन्डमा त्यहाँ दुई मिनेट मौनधारण गरी 'पप्पी डे' मनाइन्छ । यही मिथकीय मितिको आधारमा काङमाङ नरेश राईले आफ्नो पछिल्लो पुस्तकको नामकरण गरेका छन्- *एघार नोभेम्बर* । आधा दर्जन पुस्तक लेखिसकेका राईले नयाँ किताबमा पनि युद्ध नै रोजेका छन् ।

'युद्ध-साहित्य' लाई आफ्नो ब्रान्ड बनाइसकेका राई स्वयं ब्रिटिस गोर्खा सेनाबाट अवकाशप्राप्त स्रष्टा हुन् । आर्थिक हैसियतले समृद्ध देखिने लाहुरे समुदायभित्रका पीडा, असन्तुसष्टि र अन्यायका पाटालाई राईले आफ्नो लेखनीमा समेटेका छन् । युद्धबाट घर नफर्किएका योद्धामा समर्पित यस संग्रहमा उनले यथार्थलाई आख्यानीकरण गरेका छन् । कतिपय कथामा राईले गोर्खा पल्टन र युद्धको इतिहास पढाउने लोभ पनि पालेको देखिन्छ ।

आज पनि गुरूङ, मगर, राई र लिम्बू समुदायको चाहना लाहुरे बन्ने नै देखिन्छ । वैदेशिक रोजगारीको उन्नत बाटो मानिने गोर्खा भर्ती र त्यसबाट निम्तिएको समस्यालाई राज्यले सम्बोधन गर्नुपर्ने जिकिर राईको छ । दाबीअनुसार यही राज्यसत्ताले गरेको सन्धि-सम्झौताकै कारण अर्काको देशमा गएर लड्दा ६० हजार नेपालीले ज्यान गुमाएका छन् । सन्धि-सम्झौता राज्य-राज्यबीच भएकाले भर्तीमा गएका सबै नेपालीलाई राज्यले पठाएको मान्नुपर्छ । भलै ९ नोभेम्बर १९४७ सम्म लड्नेहरू 'भाडाका सिपाही' थिए । 'तक्मा' को पात्रले आफैँलाई प्रश्न गर्छ, 'किरणको गोलीले ढलिरहेको तालिवानको लाश आँखामा निरन्तर आउन थाल्छ । उसको दुस्मन थिइनँ र ऊ पनि मेरो दुस्मन थिएन । बाध्यताले मात्र हामीलाई दुस्मन बनाएको थियो ।' बहादुरी र इमानदारीमा विश्व प्रसिद्ध गोर्खाहरू आफ्नै स्वतन्त्रता र समानताको राजनीतिक लडाइँमा नसमेटिनु गर्वको विषय होइन भन्ने मत पछिल्लो समय बलियोसँग उठेको छ । व्यक्तिगत आर्थिक स्तर केही उकासिए पनि आफ्नै मुलुकको नीति निर्माण र राज्य सञ्चालनमा आदिवासी-जनजाति पाखा पर्नुको एक कारण गोर्खा भर्तीमोहलाई पनि मानिन्छ । मुलुकबाट बिस्तारै पलायन हुनेसम्मको यात्राले नरेशहरूलाई एउटा विषाद दिएको छ भन्ने प्रस्ट साक्ष्य *एघार नोभेम्बर* हो ।

भूपू गोर्खाहरूलाई बेलायतमा बसोबासका लागि वैधानिकता मिलेपछि केहीमा आशा र खुसी सञ्चार भएको पाइन्छ भने कतिपयले पारिवारिक विखन्डनसमेत भोगेका छन् । पराया भूमिमा लौरीबिनाको बुढ्यौलीजस्तो निर्जन दैनिकीको पीडाभन्दा दुखद अनुभूति अरू के होला ! नयाँ पुस्तामा नौलो सपनासहितको भागदौड र पुराना पुस्तामा आधुनिक प्राविधिकताले थोपरेको अलगावजस्ता पक्षले त्यहाँको डायस्पोरिक जीवन अत्यासलाग्दो देखिन्छ । सांस्कृतिक भिन्नताले नेपालीका लागि त्यहाँ आफ्नो पहिचान जमाउन खोज्नु लेउदार ढुंगामा सीधा टिक्नु बराबर मुस्किल प्रयत्न हो । कथामा यस्ता अप्ठ्याराको कौशलपूर्ण अभिव्यक्त छ । साथै, लाहुरे र तिनका परिवारले युद्ध र युद्धसामग्रीलाई समेत घरको सजावटजस्तो ठान्ने मनोवृत्तिलाई पनि प्रस्तुत गरिएको छ ।



एघार नोभेम्बर
कथाकार : काङमाङ नरेश राई
प्रकाशक : फिनिक्स बुक्स
पृष्ठ : १७२
मूल्य : २५० रुपैयाँ

नरेशका युद्ध-कथाले बेलायती सैनिकका दर्द मात्रै भन्दैनन्, नेपालकै एक दशक लामो सशस्त्र द्वन्द्वले छाडेका छापलाई पनि उत्तिकै सशक्त ढंगले चित्रित गरेका छन् । राज्य पक्ष र विद्रोहीको दोहोरो चेपुवाबाटै बच्न गोर्खा सैनिक बन्न बाध्य पात्रले खुट्टा गुमाएको दारूण यथार्थ छ, 'एक सेकेन्ड' मा ।

उनी क्रान्तिसिंजस्ता बाल मजदुर बन्न विवश पात्रको पृष्ठभूमिमा पनि माओवादी जनयुद्ध' लाई कारक ठहऱ्याउँछन् । जुनसुकै तर्क र दर्शनमा उब्जिए पनि युद्धको परिणाम दीर्घकालीन घाउ र विद्वेष नै रहेको निष्कर्ष यो कथा संग्रहको छ । युद्धले लडाकु मात्रै नभएर उसको परिवारलाई पनि सधैँ अन्योलमा राख्छ ।

नवीन कथनपद्धति र चुस्त सम्पादन खड्किने यी कथाले लाहुरे जीवनको सम्पन्नताभन्दा अँध्यारा पक्षलाई सतहमा ल्याइदिएको छ, जसले नागरिक मात्रै नभई राज्य पनि सोच्न बाध्य हुनुपर्छ ।

किम्यान युद्धपछि 'युद्ध-साहित्य' लेख्न थालिएको मानिन्छ । नेपालमा पनि 'जनयुद्ध' पछि छिटफुट युद्ध-साहित्य लेखिए पनि यसले सैद्धान्तिक विमर्शको रूप लिन सकेको छैन । नेपाली युद्ध-साहित्यमा धेरैजसो लेखकसँग पर्यटकीय अनुभव मात्रै रहेकाले ती उति विश्वसनीय लाग्दैन । युद्धलाई अन्तिम सत्य ठान्ने या गाली गर्ने एकांगी विश्वदृष्टिका कारण ती लेखनीमा यथार्थ र कला दुवै फिक्का लाग्छन् । तर राईजस्ता गोर्खा सैनिकले युद्ध-साहित्य लेखिदिंदा आम पाठकका लागि पल्टने परिवेश बुझ्ने आँखीझ्याल तयार हुन्छ । हुन त, युद्ध-साहित्य लेख्न-पढ्न नपरे हुन्थ्यो भन्ने चाहना धेरैको हुन्छ । तर राईहरू लेख्न बाध्य छन् । ने

तीन किताब

डा विशाल ढकाल | संस्थापक, हेल्थ एट होम



नवउद्यमबाटै समृद्धि

चटगाँव विश्वविद्यालयमा प्राध्यापन गर्दा मुहम्मद युनुसले ग्रामीण जनजीवनलाई नियालेका थिए, जहाँ गरिबहरु कच्चा माल खरिद गर्न साहूसँग कर्जा लिन्थे । तर त्यही ऋण भुक्तानीका लागि असल सामान बेच्न बाध्य ती मानिसको हातमा मुनाफा कमै मात्रै पर्थ्यो । यस्तो आर्थिक दुरूहतालाई नजिकबाट देखेका युनुसको मनमा ती महिलालाई आत्मनिर्भर गराउँदै गरिबीबाट निकाल्ने उपाय फुर्‍यो । व्यक्तिगत तबरबाट ती महिलालाई सघाएका युनुसले ग्रामीण बैंकको अवधारणा ल्याए, सन् १९७६ मा । त्यसबेला बंगलादेशको बैकिङ क्षेत्रका लागि नितान्त नवीन सिद्धान्तमा आधारित थियो, ग्रामीण बैंक । लघुवित्त अवधारणाका पिता नै युनुस हुन् । लघुवित्तसँगै धितो र बिनाब्याज गरिब गाउँलेहरू लघु उद्यमी हुन सक्ने भए । सैद्धान्तिक रूपमा स्थापित भएको एक दशकमै विश्वभरि ग्रामीण बैंकको प्रभाव पर्‍यो । साथै, युनुसले नोबेल शान्ति पुरस्कार पनि पाए । उनै अर्थशास्त्री मुहम्मद युनुसको बाल्यकाल, कलेज जीवन र सफलताको कथा समेटिएको आत्मकथा हो- **बैंकर टु द पुअर**, जसले नयाँ काम गर्न हामीलाई उत्प्रेरित गर्छ ।

गरिबीलाई संग्रहालयमा सीमित गर्ने महत्त्वाकांक्षा बोकेर हिंडेका अथक यात्री युनुसलाई लाग्छ- सबैले सामाजिक जिम्मेवारी पनि निर्वाह गर्नुपर्छ । सरल भाषामा लिखित यो पुस्तकमा लेखकको जोड महिलाको आर्थिक स्वतन्त्रतामाथि पनि उत्तिकै छ, जसले पोषक खानामा पहुँचसहित घरको स्तरमा सुधार ल्याओस् । गरिबीमाथि चिन्ता प्रकट गरिन्छ तर गरिबहरू सम्मानपूर्वक बाँच्न पाउने वातावरणको सुनिश्चितता गरिँदैन । अवसर पाए आफ्नो समाज मात्रै होइन, मुलुककै आर्थिक उन्नतिमा समेत निम्न वर्गीय मानिसले टेवा गर्न सक्छन् भन्ने अनेक उदाहरण छन् । आर्थिक रूपमा सक्षम वर्गले गरिबीमुक्त समाजका लागि केही अवसर सिर्जना गर्नैपर्छ । धनी-गरिबबीचको खाडल पुर्न पिंधमा ध्यान दिनुपर्ने युनुसको अवधारणालाई क्रान्तिकारी मान्न सकिन्छ ।

स्वीडेनी तथ्यांकशास्त्री-वैज्ञानिक ह्यान्स रोस्लिङले **फ्याक्टफुलनेस**मा विश्वका ठूला संस्थाहरूले प्रस्तुत गरेको प्रक्षेपण मापक तथ्यांकलाई विश्लेषण गरी नयाँ कोण दिएका छन् । शिक्षा, स्वास्थ्य, मातृशिशु मृत्यदरजस्ता पाटा केलाउँदा हाम्रो जीवन गुणस्तरीय हुँदै गएको छ । अफ्रिका, युरोप या एसिया जता हेरे पनि हिजोभन्दा आज जनताको पहुँच बढेकाले निराश हुनुपर्ने स्थिति नरहेको सन्देश दिन्छ, यो किताबले । कतिपय छापामा आउने मिथ्यांकले हाम्रो विश्वदृष्टिलाई विकृत पारिरहेको सन्दर्भमा यो किताबले कुनै पनि धारणा वा विश्लेषण तथ्यपरक हुनुपर्नेमा जोड दिन्छ । समाजको पृष्ठभूमिलाई वैज्ञानिक ढंगले व्याख्या गर्ने बाटो देखाएकाले विकासको क्षेत्रमा काम गर्नेहरूका लागि धर्मग्रन्थसरह बनिदिन्छ, *फ्याक्टफुलनेस* । बदलिंदो परिवेशका कारकलाई वस्तुपरक ढंगले सैद्धान्तिक विमर्श गरिएकाले पुस्तकमा चलायमान विश्वमानको यथार्थ चित्र पाउन सक्छौं । एक्काइसौं शताब्दीको विश्व र नयाँ पुस्तालाई आशाको किरण देखाइदिएकाले पनि यो किताब प्रेरणादायी छ । विश्व स्वास्थ्य तथ्यचित्रलाई व्यावहारिक भएर हेर्दा- नेपालमा वन्यभूभाग बढ्दो छ, हामी कार्बन पोजिटिभ हौं र सरदर आयुमा पनि थुप्रै मुलुकभन्दा माथि छौं । स्वास्थ्य सेवालाई आमजनतासम्म सहज पहुँच पुर्‍याउने, पोषणयुक्त खानामा ध्यान दिए हाम्रो जीवनस्तर उँचो भएर जान्छ किनकि थोरै लगानीमा प्रभावकारी नतिजा दिने देशमै छौं । विश्वमा प्राकृतिक प्रकोप र रोगव्याधिबाट हुने जनधनको क्षति पनि विगतको तुलनामा घट्दो छ । सफा पानी र सन्तुलित आहारमा पहुँचका साथै आय र आयुको दायरा फराकिलो हुँदै छ । तथ्यांकलाई सिंहावलोकन गर्ने दृष्टिमा दार्शनिक परिवर्तन ल्याएकाले पनि यो किताब पठनीय बनेको हो ।

एन्ड्र्यु याङ सन् २०२० का लागि अमेरिकी राष्ट्रपतीय चुनावका डेमोक्रयाटिक उम्मेदवार हुन् । उनको गैरनाफामुखी संस्था भेन्चर फर अमेरिकाले अमेरिकी सहरहरूमा रोजगारी सिर्जना गर्छ । सन् २०१६ को भेटमा हस्ताक्षरसहित उनले आफ्नो पुस्तक **स्मार्ट पिपुल सुड बिल्ड थिंग्स** मेरो हातमा थमाए । व्यवसायले नै अर्थतन्त्र चलायमान हुने विश्वाससहित भुइँतहका लागि काम गरिरहेको सामाजिक उद्यमीका नाताले म यो किताब पढ्न उत्साही थिएँ किनकि याङका कामबारे परिचित नै थिएँ । यो किताबमा आय र उत्पादनमुखी आर्थिक गतिविधिमा जोड दिइएको छ, जसका लागि नवीन सोचको खाँचो हुन्छ । अवसर र उपलब्धिका दृष्टिले अग्रदेशको विकासमा त्यहाँका उद्यमीको सुझबुझपूर्ण लगानी र मिहिनेत परेको छ । विकास र संस्कृतिमा ठूल्ठूला सहर तथा संस्कृतिको चर्चा गरिन्छ तर याङ विचारमा, युवाले नवोन्मेषबाट इतिहास निर्माण गर्नुपर्छ र सकिन्छ पनि । नयाँ सोचका सबै टिक्न सक्दैनन् । थोरै मात्र सफल हुन्छन् । सफल हुन चलाख मानिसले केही न केही नयाँ चीज निर्माण गरेको हुन्छ । समाज रूपान्तरणका लागि युवामा प्रयोगशील आँट र बौद्धिकता हुनुपर्ने धारणा छ, याङको । त्यसैले उनले अमेरिकी विपन्न क्षेत्रका युवालाई उद्यमी बन्न उत्प्रेरित गरे । साथै, पिछडिएको क्षेत्रलाई मूलधारमा ल्याउन मद्दत गरे । निस्क्रिय आम्दानी ब्याज ताकेर बस्ने हाम्रोजस्तो समाजमा नयाँ उद्यमबाट समृद्धिको यात्रामा बढ्न पनि यो किताब उत्प्रेरक हुन सक्छ ।

■ प्रस्तुति : गुरुङ सुशान्त

'म मान्छे खत्तम...'

गोकर्ण गौतम

पछिल्लो हिट गीत 'यस्तै त हो नि ब्रो...' ले र्‍यापर भिटेनलाई प्रहरी हिरासतसम्म पुर्‍यायो । ७ कात्तिकमा जावलाखेलबाट पक्राउ गरेपछि महानगरीय प्रहरी अपराध महाशाखा प्रमुख एसएसपी सहकुल थापाले भने, 'गीतका शब्द र *फेसबुक*मा राखिएको तस्बिरका कारण भिटेनलाई पक्राउ गरियो । अब अभद्र व्यवहारको मुद्दा चलाइन्छ ।'

र्‍याप गीतको मर्म र विशेषता नबुझी प्रहरीले स्रोत-साधन र शक्तिको दुरूपयोग गरी भिटेनलाई पक्राउ गरिएको भन्दै सामाजिक सन्जालमा आलोचना भइरहेको छ । केही दिनअघि 'तिहार...' शीर्षकको गीतकै कारण गायक दुर्गेश थापा यस्तै नियतिको सिकार हुनुपरेको थियो । *युट्युब*बाट गीत हटाएपछि मात्र दुर्गेश हिरासतमुक्त भए ।

दुई गायकको पक्राउ अभिव्यक्ति स्वतन्त्राप्रति सरकार अनुदार हुँदै गएको प्रमाण हो । तर सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री गोकुल बाँस्कोटाले प्रहरीको यस्ता हर्कतको बचाउ गरेका छन्, 'परिवारसँग बसेर उनी (भिटेन) ले गाएको गीत सुन्नुस्, अनुहार लाजले रातोपिरो हुँदैन ?'

लाखौं फलोअर्स भएका भिटेनको खास नाम हो, समीर घिसिङ । गृहजिल्ला रौतहटमै छँदा एक खलासी साथीले समीरलाई 'भिटेन' भनेर बोलाउँथे । अलि पछि हराएका तिनै साथीको सम्झनामा आफ्नो 'स्टेज नेम' नै भिटेन राखे । 'खलासी...' शीर्षकको गीत पनि गाएका छन् ।

गरिब परिवारका भिटेन १६ वर्षकै उमेरमा घर छाडेर काठमाडौं आए । बाँच्नकै लागि थाङ्का पेन्टिङ गर्न थाले । अन्डरग्राउन्ड र्‍यापमा लागेका उनले भूकम्पपछि काम पाएनन् । "कोठाभाडा तिर्न सकिनँ, बिहान खाए, बेलुकी के खाउँ हुन्थ्यो, कैयौं दिन साथीहरूको शरण लिएँ," *नेपाल*सँग उनले भनेका थिए, "त्यसपछि जे पर्ला-पर्ला भनेर र्‍यापमै लागें । कम्तीमा पेट नभरिए पनि मन त भरिन्थ्यो ।" यो निर्णय नै उनको जीवनको टर्निङ पोइन्ट बनिदियो ।

'म मान्छे खत्तम...' गाएका भिटेनलाई 'ग्रुम' गरेका हुन्, नेपाली र्‍यापका प्रणेता मानिने गिरीश खतिवडाले । *युट्युब*मा उनको गीत हेरेपछि गिरीश आफैंले सम्पर्क गरेका थिए । त्यतिबेलै गिरीशले दाबी गरेका थिए, 'नेपाली र्‍यापको अबको तारा भिटेन नै हुन् ।' आखिर भिटेनले त्यसलाई पुष्टि गरिछाडे । ने

मध्यपुरको झ्याल

सुनिता लोहनी

यदि हलिउड चलचित्र *नाइट एट द म्युजियम*जस्तो काठमाडौँका दरबार, मन्दिर, पाटीपौवा, पोखरी र चैत्य चलायमान भए के होला ? थ्रीडी इफेक्ट्सजस्तो यहाँ बस्ने पात्रहरू राजारानी, यक्ष, दैत्य, भगवान्, प्रजा तपाईंसामु जीवित आए के होला ?

बताइरहनु नपर्ला, काठमाडौं उपत्यका जीवित संग्रहालय हो । फरक यत्ति हो, उक्त चलचित्रमा जस्तो यहाँ पात्र जीवित छैनन्, केवल विम्बबाट तपाईंसँग कुरा गरिरहेका छन् ।

सहरको यसै विम्बसँग साक्षात्कार गराउन कलाकारको टोली 'शनिबारीय स्थलगत चित्रकला कार्यशाला' समूहले पत्रकारलाई मध्यपुरका ऐतिहासिक सात स्थान घुमायो । यसका लागि ठिमीका संस्कृति अध्येता प्रदीप श्रेष्ठ गाइड बने । सुरुमा टोली बालकुमारी हुँदै बोडेको महालक्ष्मीस्थान पुग्यो । मध्यपुरमा भेटिएका शिलालेखले यसलाई लिच्छविकालीन सहर भनेको छ । तर पशुपतिमा रहेको एक अभिलेखमा फ्रेमरिङग्राम र बोस्निङग्रामजस्ता शब्द भेटिए । लिच्छविकालमा संस्कृत भाषामा लेख्ने हुनाले सो शब्द अन्ततः किराँती प्रमाणित भयो । यसकारण यहाँ किराँत कालदेखि यो सहर थियो भन्ने प्रमाणित भएको इतिहासकारलाई उद्धृत गर्दै श्रेष्ठ बताउँछन् ।

किराँतकालमा बोडेलाई बोस्निङग्राम भनिन्थ्यो भने मल्लकालमा धर्मपुरपछि बुडे हुँदै अहिले बोडे रहन गएको हो । २ वैशाखको जिब्रो छेड्ने जात्राका लागि बोडे प्रसिद्ध छ भने अर्को गाईजात्राको भोलिपल्ट सुरु हुने नीलबाराही गण नाच । उपत्यकामा रहेका



चार महालक्ष्मीमध्ये बोडेमा रहेको महालक्ष्मीलाई पूर्वको महालक्ष्मी मानिन्छ । भक्तपुरको बिस्केट जात्रामा लिंगो उठाउने र ढाल्ने जात्रा महालक्ष्मी मन्दिरमा पनि हुने गरेको छ ।

देसय् मरू झ्याँ अर्थात् देशमा कतै नभएको झ्याल । मध्यपुरको देसय् मरू झ्याँ कान्तिपुरको भन्दा फरक छ । दुइटा तलाको बीच एउटा झ्याल भएकाले यसलाई देसय् मरू झ्याँ भनेको हो । टोलीले त्यसपछि नगदेशको सिद्धिगणेश भ्रमण गऱ्यो । ठिमीको बालकुमारी मन्दिरको जेठो छोराको रूपमा सिद्धिगणेशलाई लिने गरिन्छ, कसैले कुमारको रूपमा । २ वैशाखको बिस्केट जात्रामा सिद्धिगणेशको खट बालकुमारीमा नल्याएसम्म जात्रा सम्पन्न हुँदैनथ्यो । सिद्धिगणेश ल्याउन कठिन भएपछि अहिले सिद्धिकालीलाई राखिने गरेको छ । नगदेशको देवक्षी (कलात्मक सुनको झ्याल) १९७० मा बनेको हो । नगदेश किसानको देश पनि हो । यहाँ बिहानदेखि नै तरकारी लिएर किसान बेच्न आउँछन् । हामी पुग्दा पनि केही महिला कृषक रायोको साग मुठ्ठा पारिरहेका थिए ।

सिद्धिकाली मन्दिरमा १ वैशाखमा बायलिसे जात्रामा गणेशका खट नगर परिक्रमा गराइन्छ । ठिमीमा पनि जिब्रो छेड्ने जात्रा हुन्छ, इन्द्रजात्राको भोलिपल्ट । काठमाडौँ हनुमानढोकाबाट राजखड्ग (राजाको उपस्थितिका रूपमा) ल्याइन्छ, सिद्धिकालीमा बाजागाजासहित ठिमी पुऱ्याइन्छ । मध्यपुरको अष्टमातृकामध्ये यसलाई चामुण्डाका रूपमा पूजा गरिन्छ ।

दिगु दयः अर्थात् कुलदेवता । त्यही हिसाबमा यसको नाम दिगु टोल हुन पुग्यो । अन्तबाट बसाइँ सरी नआएकाका कुलदेवताको पूजा यहाँ हुने गरेको छ । कुलदेवता अगाडि भैरवको मन्दिर छ । डबलीमा इन्द्रजात्राको भोलिपल्ट जिब्रो छेडिन्छ । जिब्रो छेडेको मान्छेलाई जहाँ-जहाँ मन लाग्यो, त्यही परिक्रमा गरी बालकुमारीको दर्शन गराउने चलन छ । बालकुमारीमा मन्दिरमा जिब्रो छेडेको सुइरो चढाउने चलन छ । मन्दिरभित्र अझै सयौँ सुइरो भेटिन्छन् ।

चपायो र लायकु-शिवा टोल घुमेपछि टोलीले बोडेमा जिब्रो छेडेर प्रख्यात भएका जुजुभाइ बाँस श्रेष्ठलाई भेटे । उनी शिवाटोलको महादेव र गणेश मन्दिर क्यानभासमा उतार्दै थिए । कला संस्कृति बचाउन पहिलोपल्ट जिब्रो छेड्दा अनुभव पनि उनले सुनाए । अन्य कलाकार मध्यपुर वरिपरि बसेर क्यानभासमा चित्र उतारिरहेका थिए । कार्यक्रमका संयोजक दिवेश प्रधानका अनुसार चित्रकलाबाट ठिमीलाई चिनाउनु मुख्य उद्देश्य हो । यो छैटौं सिरिजमा बनेका चित्र 'जीवन्त मध्यपुर' शीर्षकमा १० कात्तिकमा प्रदर्शन भएको थियो । ने

नेपाल

प्रमोसनमा बेवास्ता

मिस नेपालको ताज पहिरिएकी सृष्टि श्रेष्ठले फिल्ममा हाम फाल्दा अपेक्षा धेरै थियो । तर उनको डेब्यु फिल्म *गाजलुले* नै हिट भएन, न त यसले तारिफ नै बटुल्यो । यसको प्रत्यक्ष असर सृष्टिको करिअरमा पर्‍यो । केही समय ओझेल परिन् । बल्लतल्ल *रोमियो एन्ड मुना* र *बाँध मायाले*मा देखा परिन् । यी फिल्मको हालत पनि खास भिन्न रहेन । यसरी अभिनय यात्रा संकटमा परेका बेला उनी अभिनीत रिलिज भएको छ, *पोइ पर्‍यो काले* । यस फिल्ममा उनका प्रेमी सौगात मल्लको पनि अभिनय छ । तर रिलिजको मुखैमा सृष्टि लन्डन गइन् । प्रमोसनमा बेवास्ता गरेपछि निर्माण पक्षले चित्त दुखाएको छ । तर फिल्मले बक्स अफिसमा गतिलो प्रदर्शन गरेन भने त्यसको मार करिअरमा पर्छ भन्ने हेक्का सृष्टि स्वयंलाई चाहिँ होला-नहोला !

शिल्पकला विमर्श

१९ औँ शताब्दीमा कलाका लागि कला नारा प्रख्यात भएको थियो । पश्चिमा मुलुकले कलाको विकास र विस्तारका लागि विभिन्न समय कलादर्शन प्रतिपादन गरे । पछिल्लो समय नेपालमा पनि कलाबारे खुबै चर्चा-परिचर्चा हुने गरेको छ ।

यसै साता नेपाली परम्परागत शिल्पकला विषयक गोष्ठी भयो, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा । 'परम्परागत शिल्पकला परिचय, प्रभाव र प्रस्तुति' विषयक कार्यपत्रमा कला लेखक ज्ञानेन्द्र विवशले सम्पूर्ण कला विधाको

तिहारमा गुलाब

चम्किला बत्ती र मिठाईको उत्सव तिहार आएको छ, घरघरमा । दीपावलीमा घरघरमा मिठाई बनाउने चलन छ । कतिपय मिठाई किनेर पनि ल्याइन्छ । रिरी र गजकका लागि प्रसिद्ध गुलाब रेस्टुरां केवलगन्ज, रोहतक, हरियाणा हुंदै भारतभर फैलिएको थियो । त्यही गुलाब रेस्टुरां अहिले काठमाडौंमा छ ।

सुन्धारास्थित गुलाबमा गुणस्तरीय मिठाईका साथै खाजाका लागि स्न्याक्स, बेकरी आइटम र खानासमेत पाइन्छ । शाकाहारीका लागि उत्कृष्ट गुलाब सन् १९१२ बाट भारतको लाला शिवनाथ राय समर चन्दले स्थापना गरेका थिए ।

मूल आधारभूमि नै शिल्पकला भएको बताए । "अनेक जातजातिका मौलिक पहिचानका रूपमा रहेका पहिरन, गरगहनामा शिल्पकलाको पक्ष अत्यन्त प्रबल हुन्छ," उनले भने ।

परम्परागत कला तथा पौभा, थांकामा शिल्पकलाको गहकिलो संलग्नताले नै ती कलाको परिचय रहँदै आएको छ । यिनले राष्ट्रकै कला र सांस्कृतिक सम्पदाको समृद्धिलाई सशक्त रूपमा सम्बोधन गरे । कार्यपत्रमाथि देवेन्द्र थुम्केली, मुकेश मल्ल, कुलपति केके कर्माचार्य, परम्परागत शिल्पकला विभाग प्रमुख बुद्धि गुरूङलगायतले टिप्पणी गरे ।

महेश प्रधान

क्याजुअल स्टाइल

पहिरन स्टाइल भनेकै लगाएपछि आफूबारे केही नबोलीकनै सबैले थाहा पाऊन् । मोडल शारदा लामिछानेको पहिरन त्यस्तै लाग्छ । छोटो जिन्स र कालो क्रप टिसर्टमा सजिएकी शारदा क्याजुअल लाग्छिन् ।

नोटबुक

देवेन्द्र भट्टराई

राजदूतका दु:ख

अवैतनिक दूत, महावाणिज्यदूत, वाणिज्यदूत, सद्भावना दूत, पर्यटन दूत आदिमाझ भेटिए- अमेरिकास्थित साँच्चिकै दुई राजदूत अर्जुन कार्की (वासिङ्टन डीसी) र अमृतकुमार राई (स्थायी प्रतिनिधि, न्युयोर्क) ।

कूटनीतिक सेवाबाहिरबाट एकाएक उदाएका कार्की आफ्नो ४ वर्षे कार्यकाल टुंगिएर पनि राजनीतिक निगाहमा केही महिना थमौती पाएर बसिरहेका प्रतिनिधि पात्र थिए । राई भने कूटनीतिक सेवा भए पनि उस्तै राजनीतिक छत्रछायामा पालोक्रम मिचेर राष्ट्रसंघमा स्थायी दूत बनेर १० महिनाअघि मात्रै न्युयोर्क उत्रिएका थिए ।

कार्की डीसीमा ८० करोडको राजदूत निवास किनेर विवादमा आएका र मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को झन्डै ५५ अर्ब रूपैयाँको अमेरिकी सहयोग नेपाल ल्याउन माध्यम बनेर स्याबासी पाएका पात्र थिए । राई भने सनातनी राष्ट्रसंघीय कर्मकाण्डमै कहीं-कतै हराइरहेका पात्र थिए ।

केही अपारदर्शी कर्म र नचाहिँदो सरोकारमा जोडिएर अमेरिकाका धेरै पत्रकारले कार्कीलाई प्रश्न सोध्ने गरेका रहेछन्- भूकम्पमा उठाएको पैसा खोइ ? ८० करोडको निवास किन चाहियो ? त्यो निवास किनेको लेखापरीक्षण गराउन किन महालेखा परीक्षकलाई नै बोलाउनुपर्‍यो ? दूतावासका गतिविधि किन पारदर्शी हुँदैनन् ? आदि-इत्यादि । अनेकानेक यी प्रश्नको जवाफ दिइरहनुको दु:ख आफ्नै होला । त्यही भएर यस्ता प्रश्न गर्ने पत्रकार, जिज्ञासुलाई राजदूत कार्कीले *फेसबुक, ट्वीटर* सबैतिर 'ब्लक' हान्ने रहेछन् । न रहे बाँस, न बजे बाँसुरी ।

यही मेसोमा न्युयोर्कको स्थायी प्रतिनिधि कार्यालयमा भेटिएका राजदूत कार्कीलाई एमसीसीको अवरूद्ध स्थिति, डीसी दूतावासमा उठेका अपारदर्शी कुराबारे जिज्ञासा राख्ने अवसर मिलेजस्तै भयो । तर कार्कीको उस्तै दु:खको जवाफ सुनियो- मैले मेरा विभागीय मन्त्री र मन्त्रालयलाई सबै जवाफ दिने हो । तपाईंलाई किन दिने ? मेरो जवाफ मन्त्रीलाई सोध्नुस् । यसरी एकै निमेषमा राजदूतको दु:ख थाहा पाइयो ।

तेलभिसामा अमेरिका

ड्रागन एयरलाइन्स हुँदै हङकङ लाग्यौं, जहाँ ट्रान्जिटै थियो १२ घन्टाको । ट्रान्जिट के भन्नु, दु:ख, हैरानी, कुन्ठा र बेचैनी बिसाउने चौतारी ।

"लौ है, मामु-बाबा जसरी नि आइस्योस्, यहाँ नातिनातिनाले खुबै मिस गरेका छन् भनेर यसपाला पनि बोलाए । अनि बाटा लाग्यौं," नेपालगन्जका उमेरमा ६० नाघेका एक जोडी श्रेष्ठ थरका बाआमाको कुरा सुरू भयो ।

"यत्राको मिस गर्छन् ? ती छोराबुहारीले काममा जान, छुट्टीमा बाहिर घुम्न पाएनन् अनि हामीलाई नातिनातिना हेर्न बोलाएका हुन् । कुरा नबुझेको हो र ?" ३ वर्षअघि मात्रै तेलभिसामा अमेरिका आएर नातिनी हुर्काएर गएकी हजुरआमाले तुरून्तै कुरा काटिन् ।

"हो नि, मेरो नि तेलभिसै हो । अर्को साता छोरीका सन्तान हुँदै छन्," अर्की भोजपुर मूल घर भएकी राई आमाले थपिन्, "मलाई काठमाडौंको अमेरिकी दूतावासमा बस्नेले पनि आमै तपाईंको तेलभिसा रहेछ भनेको थियो । होला त नि भनेर हिंडेकी ।"

"हामी सबैको अमेरिका जाने भाग्य भनेको कि त छोराछोरीलाई डीभी परेर हो, कि हामी तेलभिसामा छानिएरै हो," झापा दमकका एक पूर्वशिक्षक पनि यही चक्करमा मेरिल्यान्ड हिंडेका रहेछन्, "हाम्रा लागि अम्रिका भनेको बर्मा गयो कर्मजस्तै न हो, उही छोराबुहारीलाई भात पकाउने, नातिनातिना हेर्ने अनि ६ महिनामा यही बाटो घर फर्कने । यही हो, अलिक ठूलो पिलेन चढियो भन्ने मात्रै ।"

कठै ! मेरा भानिज

कोही जहानले भरेको डीभी परेपछि र कोही जहानको जोडबल चलेपछि ४ वर्षअघि अमेरिका पुगेका भानिजद्वय सुवास (आँगन) र प्रमोद (लारूम्बा) यसपाला बाल्टिमोरमा भेटिए । उनीहरूले अमेरिकाको घन्टे-जीवन र किस्ताबन्दी सपनाबारे हाँसीखुसी बताए । दुई भानिजका गाडी, घर, रसिलो जीवन देखेर उल्का लाग्यो तर अपराह्नमा यसो कुना पसेर दु:खसुखका बात मार्न थालेपछि तिनका गह भरिन्थे ।

एक साँझ भानिजहरू आ-आफ्ना घन्टा कटाएर सपिङ मार्टमा आइपुगे । अनि, भाइबर खोलेर सूची टिप्न थाले- आइफोन सेभेन प्लस ३ वटा, चार्जर २ वटा, माछाको तेल ५ बट्टा, खैनीको अम्मल छुटाउने निकोटिन गम २ प्याकेट, लार्ज साइज होजियारी २ वटा, सुगर फ्री चकलेट ३ प्याकेट, बिल्लो द बेल्ट जेल, लोरियल क्रिम ३ थान आदि-इत्यादि ।

हैट्, मेरा भानिजद्वयको दु:खको सूची अझ लम्बिंदै थियो । बरू अमेरिकी किस्ताबन्दी जीवन धेरै सजिलो हो कि ? झन्डै हतास मुद्रामा पुगेका भानिजमध्ये एकलाई फेरि मेसेज आयो, भद्रपुरबाट लीलाप्रसाद भिनाजुको- 'ए साला केटा, मलाई नाकको रौं उखेल्ने मिसिन जसरी नि पठाइदे है । रौं बढेर मुस्किलै भो...।'

मेरा अमेरिकी भानिजको साह्रै दु:ख लाग्ने दु:ख ! ने

CENTURY BANK
सेञ्चुरी बैंक
कर्मचारीहरूको साथमा
सेञ्चुरी बैंक
सेञ्चुरी प्रीमियम पेरोल म्यानेजमेन्ट खाता
न्युनतम मौज्दात रु. १,०००/-
६.५% ब्याजदर
रु. ७,००,०००/- बराबरको आकस्मिक दुर्घटना बीमा (Flat) रु. १,००,०००/- सम्मको औषधि उपचार सुविधा (Hospitalization)
आकर्षक बीमा सुविधाहरू
विशेष छुटहरू
Locker Facility, Good for Payment, Balance Certificate र Credit Card को वार्षिक शुल्कमा ५०% छुट*
SMS Alert, Mobile & Internet Banking, ABBS सेवा, DEBIT CARD, CREDIT CARD को आबद्ध शुल्क*
नि:शुल्क सुविधाहरू
कर्जा सुविधा
सरल कर्जा प्रवाह बैंकका सबै शाखाहरूबाट प्राप्त गर्न सकिने
*शर्तहरु लागु हुनेछन् ।
सरल बैकिङ्...सबैका लागि
सेञ्चुरी कमर्सियल बैंक लिमिटेड
प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं, फोन : ४४४५०६२/४४४०४२१, फ्याक्स: ४४४१४२२, ईमेल: welcome@centurybank.com.np, वेब: www.centurybank.com.np

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/